# शिक्षक

मूल्य रु २५/-

प्रथम अङ्क माघ २०६४



## असुरक्षित उपेक्षित

पृ. १४



शिक्षक तिमी गुरु बन



नेपाली शिक्षकको सेवामा



विद्यार्थीलाई मनपर्ने कलाकक्षा

रातो बङ्गला फाउन्डेसनको सन्देश

# पढेर सुनाउँदा पुग्ने १० फाइदाहरू




गोल्मादेवी प्रा.वि., लामीडाँडा, काभ्रे

१. विद्यार्थीहरूलाई सानैदेखि पढेर सुनाउने गरियो भने उनीहरूमा पढ्ने बानी बस्नाका साथै पठनशक्तिमा निखार आउँछ ।

२. विद्यार्थीहरूको सामान्य ज्ञानको पनि अभिवृद्धि हुन्छ ।

३. विद्यार्थीहरूलाई छलफल र सिर्जनात्मक क्रियाकलापमा सहभागी हुने मौका मिल्छ ।

४. विद्यार्थीहरूमा सिर्जनात्मक लेखनशैलीको राम्रो विकास हुन्छ ।

५. विद्यार्थीहरूले कथाका बारेमा विशेष जानकारी पाउनाका साथै आफूले पनि त्यसै गरी रचना गर्ने सीप सिक्छन् ।

६. विद्यार्थीहरूले लेख्यभाषा र अभिव्यक्तिका विविध शैलीहरू सिक्छन् ।

७. विद्यार्थीहरूले स्तरीय भाषाको अनुभूत गर्न सक्छन् ।

८. विद्यार्थीहरूले वाक्यको जटिल बनोटका बारेमा थाहा पाउँछन् ।

९. विद्यार्थीहरूको शब्दभण्डार फराकिलो हुन्छ ।

१०. विद्यार्थीहरूलाई विद्यालयको समयमा खुसीको अवसर ल्याउँछ ।

रातो बङ्गला फाउन्डेसन
पो.ब.नं. २०२, पाटनढोका, ललितपुर ।
फोन नं. ५५२२६१४, ५५३४३१८, ५५४२०४५, फ्याक्स : ५५४७६१८ email: rbs@mos.com.np

**शिक्षक** मासिक माघ २०६४ SHIKSHAK **Monthly** January 2008

## प्रथम अङ्क




आवरण: **ललितपुरको पहाडी भेगका एक शिक्षक।** तस्बिर: **किरण पाण्डे।**

हिमाल एसोसिएसनका लागि **बसन्त थापा**द्वारा सम्पादित तथा प्रकाशित

**सम्पर्क:**
हिमाल एसोसिएसन
पाटनढोका, ललितपुर
फोन: ५५४३२५२/५५४२५४४
फ्याक्स: ५५४११९६
इमेल:story@shikshak.org.np
shikshak.patrika@gmail.com
वेब:www.shikshak.org.np

पत्रिका प्राप्ति तथा बिक्री-वितरणसम्बन्धी सोधखोजका निम्ति
**अशु कोइराला**
फोन: ५५४३२५२
पाटनढोका, ललितपुर

**मुद्रण:**
जगदम्बा प्रेस
हात्तीवन, ललितपुर



# असुरक्षित उपेक्षित शिक्षक

नेपालका विद्यालयस्तरका अधिकांश शिक्षकहरू शारीरिक आक्रमणको त्रास या पेशागत असुरक्षाको मानसिक दवावबाट थिचिएका छन्। यसनिम्ति शिक्षकको ज्यानमाथि हमला गर्ने हिंसात्मक-राजनीतिक शक्ति र आपराधिक तत्व मात्र दोषी छैनन्, शिक्षक र शिक्षण पेशाप्रति सरकार र समाजको उपेक्षापूर्ण रवैया पनि उत्तिकै जिम्मेवार छ। । १४

## 'सर, म कसरी सम्झूँ तपाईँलाई !'

हामीलाई शिक्षकका आँखामा हेरेर आत्मविश्वासपूर्वक बोल्न सिकाइएन, चित्त नबुझेका कुराको पनि प्रतिरोध गर्न दिइएन, हामीलाई छलफल र वादविवाद गर्न हौसला दिइएन, हामीमा सृजनाको भोक जगाइएन, हामीमा महत्त्वाकाङ्क्षा भरिएन।

## हिजोका शिक्षक हिजोका विद्यार्थी । ३४



## गुमाउँदैछु गुरुहरू !

हामीलाई के दिएनन् गुरुहरूले ? के को पैसा, के को मोजमज्जा, के को यश र पदवी ? उहाँहरूले शिक्षा र शिष्यभन्दा ठूलो केही ठान्नुभएन। जीवनलाई राम्ररी जिउने कला सिकाउने शिक्षादेखि आफूले पाएको शिक्षा र ज्ञान अरूलाई बाँड्नुपर्छ भन्ने मूल्यसमेत उहाँहरूले सिकाउनुभयो।



## बेलायतका स्कूल-शिक्षक सम्मान र आकर्षण दुवै बढ्दो

आम बेलायतीहरू शिक्षकलाई पैसाको पछि नदौडने र आफूले पाएको तलबको तुलनामा बढी सेवा प्रदान गर्ने सम्मानित पेशेवर ठान्दछन्।
। १०

| | |
|---|---|
| हेराइ बुझाइ | ३ |
| शिक्षकलाई समाचार | ४ |
| समाचारमा शिक्षक | ६ |
| रिपोर्ट: विद्यार्थी थपिँदै शिक्षक दरबन्दी उही | १२ |
| अनुभव: छन्द पढाउँदा | २४ |
| रिपोर्ट: बेलायती शिक्षक दम्पतीको जाँगर | २६ |
| बहस: शिक्षक र मर्यादा | २८ |
| संस्मरण: मेरा ती आदरणीय गुरूहरू | ३७ |
| व्यक्तित्व: एक असल र योग्य शिक्षक | ४० |
| सार्थक शिक्षण: कला-कक्षा | ४२ |
| अभिलेख: तथ्यांकमा शिक्षक | ४६ |
| समीक्षा: पुस्तक | ४७ |
| समीक्षा: चलचित्र | ४८ |

# यस पत्रिका बारे

पूर्व-प्राथमिकदेखि कक्षा १२ सम्म अध्ययनरत नेपालका रुण्डै आधा करोड बालबालिकालाई साक्षर, शिक्षित र सुयोग्य नागरिक बनाउने प्रत्यक्ष जिम्मेवारी करिब डेढ लाख शिक्षकको काँधमा रहेको छ। यी शिक्षकले आफ्ना विद्यार्थीलाई जस्तो शिक्षा दिन्छन्, भोलिको नेपालको शैक्षिकस्तर त्यही बराबरको हुनेछ। आजका शिक्षकले कक्षाकोठा र समाजमा जस्तो चरित्र, मर्यादा र योग्यता प्रदर्शन गर्छन्, भोलिको नेपाली समाजको स्वरुप त्यसभन्दा खासै भिन्न हुने छैन। भोलिको नेपाली समाज सबै दृष्टिले उन्नत, सुसंस्कृत, अनुशासित, मर्यादित, प्रतिष्ठित एवं न्याय र सामञ्जस्यपूर्ण बनोस् भन्ने साझा अभिलाषा साकार पार्न आज स्कूल-उमेरमा हुर्किरहेका सम्पूर्ण बालबालिकालाई त्यसै अनुरुपको शिक्षा दिनुपर्छ, राम्रो बाटोमा डोऱ्याउनुपर्छ। यो अत्यन्त गहन जिम्मेवारी हो। तर के शिक्षक एक्लैले यो दायित्व वहन गर्न सम्भव हुन्छ? के हाम्रा शिक्षकहरू त्यसनिम्ति सबै दृष्टिकोणबाट समर्थ छन्? एउटा शिक्षकलाई तलब र चक-डस्टर दिएर राज्यका शिक्षासम्बन्धी निकायले आफ्नो कर्तव्य पूरा गरेको ठान्न मिल्छ? अनि आफ्ना बालबालिकाको भविष्यसँग प्रत्यक्षत: गाँसिएका स्कूल, शिक्षक र शिक्षा पद्धतिका बारेमा अभिभावक, समाज र प्रेसको कुनै किसिमको योगदान, संलग्नता र सहयोग जरुरी हुन्छ कि हुँदैन? विद्यालयको शैक्षिक वातावरण र समस्या, शिक्षकहरूको योग्यता र क्रियाकलाप तथा बालबालिकाको सिकाइको स्तर र तिनका कठिनाइका सम्बन्धमा आम अभिभावक, समाज र प्रेसले वर्तमानमा देखाइरहेको चासो र व्यवहार पर्याप्त हो कि हैन? एउटा शिक्षक र समाज/अभिभावकबीचको सम्बन्ध कस्तो हुनुपर्ने हो? यी र यस्तै प्रश्नहरूले बारम्बार घचघच्याएपछि 'समाज र प्रेसले स्कूल, बालबालिका र शिक्षकका गतिविधि माथि निरन्तर चासो राख्नुपर्छ' भन्ने साझा निष्कर्षमा पुगेका केही शिक्षाप्रेमी; पत्रकार र सेभ द चिल्ड्रेन नर्वेको साझा प्रयत्न हो यो पत्रिका। यसमा स्कूल-शिक्षासँग गाँसिएका सबैखाले समस्या र सम्भावनाहरूको खोजी *'शिक्षक'* लाई मियोको रूपमा केन्द्रबिन्दुमा उभ्याएर गरिनेछ। यसैकारण पत्रिकाको नाम नै *शिक्षक* जुराइएको हो। अर्थात्, यसमा शिक्षासँग सम्बन्धित जुनकुनै विषय पनि समेटिन सक्नेछन्, तर विषयलाई हेर्ने आधारभूत कोण चाहिँ शिक्षक वा शिक्षण पेशा हुनेछ।

*शिक्षक* को थालनी हाललाई निम्न उद्देश्य राखेर गरिएको छ:

- शिक्षक र समुदायबीच शिक्षा, शिक्षण र शिक्षकका बारेमा संवादको ढोका खोल्न;
- शिक्षकको शैक्षिक, बौद्धिक, मानसिक, पेशागत र सीपगत क्षमता अभिवृद्धिमा सघाउन;
- शिक्षण पेशाको सामाजिक-प्रतिष्ठा पुनर्स्थापित गरी शिक्षकको मनोबल उकास्न तथा 'शिक्षण'लाई जागिर भन्दा रोजाइको पेशाका रूपमा स्थापित गर्न;
- 'शिक्षण आफैँमा एउटा पूर्ण पेशा हो, यसमा रमाउन सिकौं' भन्ने सन्देश विस्तार गर्न;
- शिक्षक-विद्यार्थी र शिक्षक-अभिभावकबीच सार्थक सम्बन्ध विकासको महत्त्व दर्शाउन र त्यसका उपायहरू पहिल्याएर समाजमा पस्कन;
- शिक्षकका अप्ठ्यारा र आकाङ्क्षा नीतिनिर्मातासम्म अनि नीतिनिर्माता र सरकारका अपेक्षा शिक्षकसम्म पुऱ्याउने सन्देशबाहकको भूमिका निर्वाह गर्न;
- शिक्षा र शिक्षणविधिको क्षेत्रमा देश-विदेशमा भइरहेका चाखलाग्दा, ज्ञानबर्द्धक र उपयोगी चिन्तन, क्रियाकलाप र प्रविधिहरू नेपालका शिक्षकहरूसम्म पुऱ्याउन।

तर यी प्रारम्भिक लक्ष्य मात्र हुन्। पत्रिकाको स्थायी र दीर्घकालीन लक्ष्य, नीति, शैली, स्वरुप र विशेषता के-कस्तो हुनुपर्छ भन्ने कुरा यसका पाठक; शिक्षक समुदाय र शिक्षाबारे चासो राख्नेहरूका सुझावका आधारमा आफैं टुङ्गो लाग्दै जानेछन्। यसलाई शिक्षकका क्रियाकलापको बुलेटिन वा शिक्षकले लेखेका सामग्री मात्रै छाप्ने वा विज्ञहरूद्वारा लेखिएका र शिक्षकलाई उपयोगी हुने सूचना र ज्ञानबर्द्धक लेख मात्रै छाप्ने वा सबै विषय र तहका शिक्षकलाई काम लाग्ने शिक्षण-सहयोगी वा यो अङ्कमा जस्तै मिश्रित लेख रचना छाप्ने- जुन रूपमा ढाल्न पनि हामी अप्ठ्यारो मान्ने छैनौं। हाम्रो एउटै मात्र चासो, नेपाली शिक्षाको स्तरोन्नतिका निम्ति यो पत्रिका उपयोगी र सार्थक हुनसकोस् भन्ने हुनेछ।

कुनै पनि शिक्षापद्धतिको समग्र स्तर त्यस पद्धतिभित्र क्रियाशील शिक्षकको स्तरभन्दा कहिल्यै पनि उच्च हुन सक्दैन। एउटा शिक्षकले विद्यार्थीलाई त्यति मात्र सिकाउन सक्छ जति उसले जानेको हुन्छ। एवं रितले, कुनै समाज वा विद्यालय त्यति मात्रै मर्यादित, अनुशासित, उत्साही र सिर्जनशील हुन्छ, जति मात्रामा त्यहाँको शिक्षकवर्गमा यी गुण अन्तर्निहित हुन्छन्। एउटा कक्षाका औसत क्षमताका विद्यार्थी छानेर उत्कृष्ट पाँच भित्र पर्ने शिक्षकलाई सुम्पिने हो भने ती विद्यार्थी परीक्षामा उत्कृष्ट १० विद्यार्थीभित्र पर्न पुग्छन्। यदि तिनै विद्यार्थीलाई कमजोरमध्ये पर्ने पाँच जना शिक्षकको जिम्मामा सुम्पिने हो भने परीक्षामा ती विद्यार्थी सबैभन्दा पछिल्लो वा कमजोर पंक्तिमा पुग्छन्। अर्थात् विद्यार्थीको पढाइ र चरित्रमा शिक्षकको योग्यता र चरित्रले सबैभन्दा बढी प्रभाव पार्छ।

'अरू केही गर्न नसक्नेहरू पढाऊ, पढाउन पनि नसक्नेहरू स्कूल चलाऊ' को दुच्चक्रबाट नेपालको वर्तमान स्कूल-शिक्षा पद्धतिलाई स्वस्थ र वाञ्छित मार्गमा पुनर्स्थापित गरी अघि बढाउनका निम्ति सही र स्तरीय शिक्षाको पक्षमा 'केही' गर्न इच्छुक र उत्साही व्यक्तिहरू, विज्ञ वर्ग; समुदाय र निकायहरूसँग हातेमालो गर्न हामी सदा तत्पर रहनेछौं। हाम्रो समग्र प्रयत्न र *शिक्षक* को यो अङ्कका बारेमा तपाइँका सुझाव र प्रतिक्रिया प्रार्थनीय छन्।

रविन सायमि



हामी भन्छौं- व्यापारीले
खाद्यवस्तुमा मिसावट गर्दा
जनस्वास्थ्यमा असर पर्ने हुँदा
उसले ठूलो अपराध गऱ्यो ।
यसैगरी ठेकेदारलाई उसले
पुल वा घर बनाउँदा
कमसल वस्तु राखी बनायो
भने दुर्घटना गराउन सक्ने
जघन्य अपराध गऱ्यो ।
चिकित्सकले लापर्वाही गऱ्यो
भने बिरामीको ज्यानै जोखिम
हुने हुँदा त्यस्ता
चिकित्सकको हामी निन्दा
गर्दछौं । तर वर्षौंसम्म
विद्यालयमा बिताउँदा पनि
केही सिक्न नसकेको र राम्ररी
पढाइ पूरा गर्न नसक्ने
विद्यार्थीको जीवन नै
अन्धकारमय बनाउने
शिक्षक र शिक्षा प्रणालीलाई
भने केही नभन्ने त ?

| **डा. सुरेशराज शर्मा,** शिक्षासेवी
*शिक्षा, विकास र चुनौती* नामक पुस्तकमा

शिक्षण मात्र एक यस्तो पेशा हो जसले अरु पेशा गर्न स्वतः सिकाउँछ ।

| **अज्ञात**

औसत शिक्षकले आफूले जानेको तथ्य विद्यार्थीलाई बताउँछ । असल शिक्षकले तथ्यको व्याख्या गर्छ । उत्तम शिक्षक चाहिँ आफ्ना विद्यार्थीलाई आफै तथ्य पहिल्याउन र व्याख्या गर्न उत्प्रेरित गर्छ ।

| **विलियम आर्थर वार्ड**


शिक्षकले विद्यार्थीलाई सच्याउनुभन्दा पहिला आफूलाई नै सच्याउनु पर्छ । एउटा असल शिक्षकले एउटा कमजोर विद्यार्थीलाई असल र असल विद्यार्थीलाई उत्तम बनाउन मद्दत गर्छ । जब एउटा विद्यार्थी असफल हुन्छ, शिक्षक पनि सँगसँगै असफल भइरहेको हुन्छ ।

| **मार्वा कोलिन्स**

राज्यको संलग्नता विना संसारको कुनै पनि देश आफ्ना सम्पूर्ण बालबालिकालाई शिक्षा दिन सफल भएको छैन ।

| **अर्थशास्त्री अमर्त्य सेन**

*नोबेल पुरस्कारबाट सम्मानित सेन शिक्षामा निजी क्षेत्रको सहभागिता वृद्धि गरियोस् भन्ने भारतीय उद्यमीहरूको प्रस्तावलाई अस्वीकार गर्दै ।*




रविन सायमि

# शिक्षक बीमा
# अपर्याप्त तर सही सुरुआत

लामो सङ्घर्षपछि स्थायी शिक्षकलाई निजामती कर्मचारीसरह बीमा सुविधा दिन सरकार तयार भएको छ। शिक्षासचिव बालानन्द पौडेलका अनुसार, यही माघ १ गतेदेखि स्थायी शिक्षकका लागि बीमा कार्यक्रम लागू हुनेछ। १२ वर्षअघि नेकपा माओवादीको हिंसात्मक सङ्घर्ष शुरु भएदेखि नै बीमाको आवाज शिक्षक सङ्गठनहरूले उठाउँदै आएका थिए।

"सामुदायिक विद्यालयमा कार्यरत स्थायी शिक्षकहरूको तलबबाट मासिक रु.२०० कट्टा गरेर सोही बराबरको रकम सराकारको तर्फबाट थप गरी २०६४ साल साउनदेखि नै बीमा गर्ने व्यवस्था मिलाइएको छ," १३ पुसमा शिक्षा तथा खेलकुद मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा सचिव पौडेलले जानकारी दिए। मन्त्रालयले सार्वजनिक गरेको योजनाअनुसार, एक जना शिक्षकको मासिक रु.४ सयका दरले वर्षमा रु.४ हजार ८ सय बीमा कोषमा जम्मा हुन्छ। "यो योजनाअन्तर्गत वर्षको रु.३०० तिरेर रु.१ लाख बराबरको बीमा हुन्छ," शिक्षा मन्त्रालयको तर्फबाट नागरिक लगानी कोषसँग गृहकार्यमा लागिपरेका विद्यालय प्रशासन शाखाका अधिकृत राधाकृष्ण घिमिरे भन्छन्। उनका अनुसार आत्महत्या र हुलदङ्गामा परेर बाहेकका कारणले ज्यान गएमा रु.१ लाख रकम परिवारका सदस्यले पाउँछन्।

मन्त्रिपरिषद्ले गत भदौ १७ गते शिक्षकको पनि बीमा गर्ने सैद्धान्तिक निर्णय गरेको थियो। बीमा पोलिसीका विभिन्न विकल्पहरूको खोजी गरी उत्तम विकल्पको छनौट गर्न र कोषको सञ्चालन गर्न एक समिति बनाइएको छ। नागरिक लगानी कोषका कार्यकारी प्रमुखको अध्यक्षतामा गठित ७ सदस्यीय सो समितिमा शिक्षक युनियन, शिक्षा मन्त्रालय, शिक्षक किताबखाना, बीमा विशेषज्ञ लगायतका प्रतिनिधिहरूको सहभागिता रहने छ। सो समितिले २०६६ असार मसान्तभित्र आवश्यक गृहकार्य गरेर अरु बढी उपयुक्त बीमाको विकल्प सुझाउनुपर्नेछ।" निजामती कर्मचारीको बीमा गर्ने निर्णय भएको चार वर्ष भयो तर अझै सही विकल्प भेटिएको छैन।" डेढ वर्ष गृहकार्यको म्याद राख्नुको कारण खुलासा गर्दै सचिव पौडेल भन्छन्, "निजामती कर्मचारीको निर्णय हुने बित्तिकै सोही अनुसार हामी पनि निर्णय गर्छौं।"

**हिंसात्मक जोखिमलाई यो बीमा कार्यक्रमले नसमेट्ने भएपछि त्रासमा बाँच्न बाध्य शिक्षकको ज्वलन्त समस्याप्रति सरकार अझै संवेदनशील बन्न नसकेको गुनासो शिक्षकहरूको छ।**

टीका भट्टराई



मुगुका एक शिक्षक

तर यो योजना लागू गर्न सहज भने छैन। किनकि शिक्षा सेवामा बीमा लागू भएको भोलिपल्टै अवकाश पाउने शिक्षकदेखि सेवा प्रवेश गरेको एक वर्ष पुग्दै गरेका शिक्षक पनि छन्। "खासगरी एक-दुई वर्षभित्र अवकाश पाउने शिक्षकले समेत यो बीमाबाट लाभ लिने गरी कसरी लागू गर्न सकिन्छ भनेर हामी त्यसको उपायको खोजी गरिरहेका छौं।" शाखा अधिकृत घिमिरे भन्छन्, "शिक्षकको सेवा अवधि र उमेरमा एकरुपता नभएकोले हामीलाई ठूलो समस्या परेको छ।"

शिक्षकहरूको पारिश्रमिक वितरण भएको १५ दिन भित्र शिक्षकको रकम र सरकारले थप्ने दुवै रकम नागरिक लगानी कोषले तोकेको खातामा जम्मा गर्ने काम जिल्ला शिक्षा कार्यालयहरूले गर्नेछन्। "कतिपय शिक्षकको सञ्चयकोष हेडमास्टर र व्यवस्थापन समितिका मानिसले उडाइदिने गरेकाले शिक्षकहरूको त्यो पीडा र जोखिमलाई ध्यानमा राखेर हामीले बीमाको रकम जिल्ला शिक्षा कार्यालयबाट सोझै नागरिक लगानी कोषमा जाने व्यवस्था गर्न माग गरेका हौं।" शिक्षक युनियनका महासचिव कृष्णप्रसाद ढकालको स्पष्टीकरण छ।

हिंसात्मक द्वन्द्वमा परी करिब दुई सय जना शिक्षक मारिइसकेका छन् भने पूर्वी तराईका केही जिल्लामा जारी हिंसात्मक गतिविधिका कारण सो क्षेत्रमा कार्यरत शिक्षकहरूको जीवन अहिले पनि जोखिममा छ। तर यस्तो जोखिमलाई यो बीमा कार्यक्रमले नसमेट्ने भएपछि त्रासमा बाँच्न बाध्य शिक्षकको ज्वलन्त समस्याप्रति सरकार अझै संवेदनशील बन्न नसकेको गुनासो शिक्षकहरूको छ। यस सम्बन्धमा शाखा अधिकृत घिमिरेको भनाइ छ, "कार्यरत शिक्षकको कुनै कारणले ज्यान गएमा डेढ लाख रुपैयाँ तिनका परिवारले पाउने गरी शिक्षा नियमावलीमा संशोधन प्रक्रिया मन्त्रालयले अगाडि बढाएको छ।"

बीमा सुविधा स्थायी शिक्षकलाई मात्र दिन लागिएका कारण वर्षौंदेखि पढाउँदै आएका झण्डै ३० हजार अस्थायी शिक्षकको भने चित्त दुख्ने पक्का छ। ती शिक्षकहरू राजनीतिक अस्थिरता र सरकारको कमजोरीकै कारण स्थायी हुन नपाएको तथ्य कतैबाट छिपेको छैन।

# शिक्षकका लागि *आईसीटी पोर्टल*

के तपाईं आफ्नो ज्ञानको दायरा फराकिलो पार्न चाहनुहुन्छ ? के तपाईं आफ्नो क्षमता अभिवृद्धि गर्न आतुर हुनुहुन्छ ? यदि हुनुहुन्छ भने अब तपाईंले शिक्षामा सूचना तथा सञ्चार प्रविधि- आईसीटीको दोहन गर्नैपर्छ। त्यसनिम्ति तपाईंको सहयोगी बनेर आएको छ, शिक्षाको विकासका लागि क्रियाशील राष्ट्रसंघीय सङ्गठन *युनेस्को*। यसले शिक्षकलाई थप दक्ष बनाउने हेतुले सूचना तथा सञ्चार-प्रविधिको प्रयोगमार्फत् शिक्षकको ज्ञान र क्षमता अभिवृद्धिका लागि छुट्टै 'पोर्टल' सञ्चालनमा ल्याएको छ। युनेस्कोको एशिया प्रशान्त हेर्ने बैंककस्थित कार्यालयद्वारा सञ्चालित सो पोर्टलमा शिक्षण गाइडलाइन, पाठयोजना र 'अनलाइन' शिक्षक तालिमका पाठ्यक्रमलगायत शिक्षक र सूचना तथा सञ्चारप्रविधिको प्रयोगसँग सम्बन्धित महत्त्वपूर्ण सामग्रीहरू सो पोर्टलमा पाइन्छन्। यसको इन्टरनेटमा ठेगाना हो, unescobkk.org



यो पोर्टलमा शिक्षामा आईसीटीको भूमिका र संभावना बारे मात्र हैन, शिक्षणकलाका बारेमा समेत उपयोगी र नूतन जानकारीहरू पाइन्छन्। प्रविधिले विद्यार्थीको उपलब्धिस्तरमा पारेको सकारात्मक प्रभावबारे भएका अनुसन्धानमूलक रिपोर्ट पनि यहाँबाट डाउनलोड गरेर पढ्न सकिन्छ। त्यस्तै सञ्चारप्रविधिले स्कूलमा ल्याएको परिवर्तनदेखि यसले विद्यार्थी र शिक्षकबीच बढाएको अन्तरक्रियाबारे पनि विभिन्न शोधमूलक सामग्रीहरू नि:शुल्क उपलब्ध छन्। त्यति मात्र होइन, पाठ्यक्रम र पाठबारे पनि कला, स्वास्थ्य र शारीरिक शिक्षा, सूचनाप्रविधि, भाषा, सामाजिक शिक्षा, विज्ञान, गणित, भूगोल, अर्थशास्त्रलगायतका विषयहरूको विभिन्न सन्दर्भ सामग्रीको चाङ नै 'डाउनलोड' गर्न सकिन्छ।

विकसित मुलुकहरूमा त शिक्षकले पाठयोजना तयार पार्ने, कक्षाकोठामा प्रस्तुत गर्नेदेखि विद्यार्थीको मूल्याङ्कनसम्मका गतिविधिहरू कम्प्युटरको माध्यमबाट गर्न थालेका छन्। कम्प्युटर आफैंले केही गर्दैन, ती कामहरू गर्नको लागि निश्चित सफ्टवेयर चाहिन्छ। यो पोर्टलमा शिक्षासँग सम्बन्धित विभिन्न सफ्टवेयरहरूको सूची मात्र छैन, सित्तैँमा डाउनलोड गर्न मिल्ने सफ्टवेयरहरूको सङ्ग्रह नै गरेर राखिएको छ। त्यसैगरी इन्टरनेटलाई सिकाइमा प्रयोग गर्न सकिने तरिकादेखि यसको उपलब्धिसम्म बखान गरिएका सामग्री पनि यहाँ पाउन सकिन्छ। बेलाबेलामा अद्यावधिक हुने भएकाले यो पोर्टलमा *साईन अप* गरेमा नियमित न्यूज लेटर पाइन्छ, जसले गर्दा सो पोर्टलको भ्रमण नगरे पनि थपिएका नयाँ सामग्रीबारे अद्यावधिक हुन पाइन्छ। शिक्षकको ज्ञानको दायरा फराकिलो पार्न र क्षमता अभिवृद्धि गर्न यो पोर्टल अति नै सहयोगी देखिन्छ।

## विख्यात कम्पनीहरू शिक्षक तालिममा

भारतमा विख्यात अन्तर्राष्ट्रिय र भारतीय कम्पनीहरू शिक्षकलाई तालिम दिने काममा लाग्न थालेका छन्। यस्ता कम्पनीहरूमा अमेरिकी कम्प्युटर सफ्टवेयर निर्माता माइक्रोसफ्ट, कम्प्युटर चीप निर्माता इन्टेल, भारतीय सफ्टवेयर कम्पनी विप्रो आदि छन्। इन्टेलले साढे सात लाख शिक्षकलाई शिक्षण-कलासम्बन्धी तालिम दिने घोषणा गरेको छ। साथै थप तीस हजार प्रधानाध्यापकलाई नेतृत्वकलाको तालिम दिने कार्यक्रम पनि सो कम्पनीले बनाएको छ। कम्प्युटर प्रयोग गरेर पढाउँदा विद्यार्थीले राम्ररी सिक्न सक्छन् तर त्यसभन्दा पहिला शिक्षकहरूले तालिम पाउनुपर्ने हुन्छ। त्यसै कारण नै यी कम्प्युटर कम्पनीहरूलाई शिक्षक तालिम दिने काममा लागेका हुन्। माइक्रोसफ्टले 'शिक्षा' नामक कार्यक्रमअन्तर्गत दुई लाख शिक्षकलाई तालिम दिने र त्यसनिम्ति पाँच वर्षमा दुई करोड अमेरिकी डलर खर्च गर्ने जनाएको छ। यी तालिम कार्यक्रमहरू मूलत: भारतको ग्रामीण क्षेत्रमा पनि सञ्चालन हुनेछन्। माइक्रोसफ्टले गएको पाँच वर्षमा असी हजारभन्दा बढी शिक्षकलाई तालिम दिइसकेको छ। यस्तो तालिमका लागि भौतिक सुविधा भारत सरकारले र तालिम दिने व्यक्ति तथा पाठ्यक्रम माइक्रोसफ्टले उपलब्ध गराउने गरेका छन्।

# फिनल्याण्ड र कोरियाका विद्यार्थी अगाडि

'आर्थिक सहयोग र विकास सङ्गठन' (ओइसीडी) नामक संसारका विकसित राष्ट्रहरूको सङ्गठनले विश्वका ५७ राष्ट्रका पन्ध्र वर्ष उमेरका विद्यार्थीहरूमाझ गरेको एक सर्वेक्षणअनुसार फिनल्याण्डका विद्यार्थीहरू विज्ञानमा सबैभन्दा अगाडि छन्। त्यस्तै, समग्र पढाइमा दक्षिण कोरियाका स्कूले विद्यार्थी अगाडि छन् भने गणितमा पनि फिनल्याण्ड र कोरिया नै अगाडि छन्।

चार लाख विद्यार्थीमाझ सन् २००६ मा गरिएको उक्त सर्वेक्षणको नतिजा हालै मात्र सार्वजनिक गरिएको हो। यो सर्वेक्षणलाई अन्तर्राष्ट्रियस्तरमा गरिने सबैभन्दा बृहत् र विश्वसनीय मानिन्छ।

सर्वेक्षणमा अमेरिकाका स्कूले विद्यार्थी विज्ञानमा ३५ औं स्थानमा छन् भने बेलायतका १८ औं स्थानमा। त्यस्तै, गणितमा अमेरिका ३२ औं र बेलायत २२ औं स्थानमा छन्। पढ्ने काममा चाहिँ बेलायत १४ औं स्थानमा रहेको पाइयो। समग्र पढाइमा छात्रहरूभन्दा छात्राहरूको स्तर उच्च रहेको पाइयो भने गणितमा छात्राहरूभन्दा छात्रहरू उत्कृष्ट देखिए। विज्ञानमा चाहिँ छात्रा र छात्रको निपुर्णतामा खासै फरक पाइएन। विज्ञानमा केन्द्रित गरिएको यस अध्ययनमा ८२ प्रतिशत विद्यार्थीले विज्ञान र प्रविधिको विकासले मानिसको जीवनस्तर उकास्छ भनेका थिए, तर ३७ प्रतिशतले मात्र भविष्यमा आफूले विज्ञानको क्षेत्रमा काम गर्ने जवाफ दिए। हरेक तीन वर्षमा गरिने यस अध्ययनले सामाजिक र आर्थिकस्तर राम्रो भएका परिवारका विद्यार्थीहरूले विज्ञानमा बढी रुचि राख्ने गरेको पनि देखायो।




# कुरा दरबन्दीकै

अखबारमा शिक्षकसम्बन्धी कति र के कस्ता समाचार छापिन्छन् भनेर प्रायः कमैले ख्याल गर्ने गरेको विषय हो। *शिक्षक* टीमले सरसर्ती सर्वे गर्दा केही चाखलाग्दा जानकारी पनि प्राप्त भए। जस्तो, मोफसल⁄ग्रामीण क्षेत्रका पत्रकारले शिक्षा, स्कूल र शिक्षकसम्बन्धी विषयलाई अत्यधिक मात्रामा समाचार बनाउने गर्दा रहेछन्। त्यस्तै राष्ट्रियस्तरका दैनिक अखबारहरूका भित्रीपृष्ठमा शिक्षासँग गाँसिएका समाचारले उल्लेख्य स्थान ओगट्दा रहेछन्। पर्याप्त शिक्षकको अभाव, शिक्षकका समस्यासँगै शिक्षक गयल हुनेदेखि उसका धेरै नकारात्मक कामहरू पनि पत्रिकामा समाचार बनेर आउँदारहेछन्। '**शिक्षक दरबन्दीको अभाव**' यताका दिनमा सबैभन्दा बढी समाचारको विषयवस्तु बनेको पाइयो।

७ पुस २०६४ को *कान्तिपुर* मा गोरखा जिल्लाका ७५ वटा विद्यालयमा **शिक्षकको दरबन्दी नभएको** समाचार छापियो। समाचारअनुसार, सो जिल्लाका ४० प्रावि, ३० निमावि र ५ माविमा एउटै पनि दरबन्दी छैन। ती विद्यालयहरूका लागि कुल ५ सय ३८ दरबन्दी अपुग भएको पनि समाचारमा उल्लेख छ। गाउँलेहरूले आफ्नै खर्चमा चलाएका ती विद्यालयहरूमा सरकारले कहिले शिक्षक दरबन्दी दिने हो, थाहा छैन। यस्तै १ पुसको *कान्तिपुर* मै ***शिक्षकको अभाव*** शीर्षकमा बर्दियाका अधिकांश सरकारी विद्यालयमा पर्याप्त शिक्षक नभएकोले विद्यार्थीको पढाइमा बाधा पुगेको समाचार छापिएको छ। बर्दिया जिल्ला शिक्षा कार्यालयले हालकै अवस्थामा एक हजार दुई सय शिक्षक दरबन्दी थप गर्नुपर्ने आवश्यकता औंल्याएको पनि समाचारमा उल्लेख छ।

***शिक्षक नहुँदा पियनद्वारा पढाइ*** शीर्षकमा ५ पुसमा छापिएको अर्को समाचारले दरबन्दीको समस्या जतातते छ भन्ने सन्देश दिएको छ। समाचारअनुसार, कास्कीको घान्द्रुक १ को फ्रुमखु निमाविमा पियन यमकुमारी क्षेत्रीलाई विद्यालयले तीन वर्षदेखि पढाउन लगाएको छ। कक्षा ८ मात्र अध्ययन गरेकी क्षेत्रीले कक्षा १ देखि ३ सम्म पढाउने गरेकी छिन्। सो विद्यालयमा ४ जना मात्र शिक्षकको दरबन्दी भएकाले थप तीन जनालाई निजी स्रोतबाट तलब भत्ता व्यहोरेर राख्दा पनि शिक्षक नपुग भएपछि पियनलाई समेत शिक्षण गर्न लगाउनु परेको समाचारमा उल्लेख छ।

शिक्षक अपुग भएर मात्र हैन, भएका शिक्षकले लापरबाही गर्दा पनि विद्यार्थीको पढाइमा बाधा उत्पन्न हुने गरेका समाचार अखबारमा बारम्बार आउने गरेका छन्। दशैंमा घर गएको शिक्षक पुस लाग्दासम्म नआएपछि आफ्ना बालबालिकाको भविष्यका बारेमा चिन्तित लमजुङ, भोज गाविसका अभिभावकहरू विकल्पमा आफैं पढाउन बाध्य भए। ***शिक्षक नआएपछि गाउँलेद्वारा विद्यालय सञ्चालन*** शीर्षकमा *कान्तिपुर* मै २ पुसमा छापिएको समाचारअनुसार लमजुङको भोज गाविसको शान्तिदेवी प्राविका प्रधानाध्यापक दुर्गाबहादुर दुरा बिना सूचना


नि छाउपडीमा

दशैँपछिदेखि अनुपस्थित भएपछि सो विद्यालय एक महिना बन्दै भयो। दुरा फर्कने टुङ्गो नभएपछि मङ्सिरदेखि गाउँलेले आफ्नै स्रोतमा एक जनालाई शिक्षण गर्ने जिम्मेवारी दिएका छन्। लामो समयदेखि अनुपस्थित दुराले घरमै बसेर तलब खाइरहेको तर उनी स्कूलमा गयल भएको बारे जिल्ला शिक्षा कार्यालय लमजुङले अनभिज्ञता प्रकट गरेको समाचारमा उल्लेख गरेर पत्रिकाले शिक्षा कार्यालयको मिलेमतोमा प्रधानाध्यापकले घरमै बसेर अनैतिक रूपमा तलब खाइरहेको तर्फ सङ्केत गरेको छ।

मङ्सिर २५ गते *कान्तिपुर* दैनिकमा प्रकाशित एउटा समाचारको शीर्षक छः **'उच्च मावि बन्द हुने अवस्थामा'**। समाचारअनुसार, जाजरकोट जिल्लाको जनता उच्च माध्यमिक विद्यालय शिक्षकको अभावले गर्दा बन्द हुने अवस्थामा पुगेको छ। विद्यालयमा दुई महिनादेखि पठनपाठन अवरुद्ध छ। शिक्षक खोज्न काठमाडौँ गएका प्रिन्सिपल रामराज पोखेल फर्केका छैनन्। बजेटको अभावमा विद्यालयले एउटै पनि पूर्णकालीन शिक्षक नियुक्त गर्न सकेको छैन। त्यस विद्यालयको ११ र १२ कक्षामा दुई सयभन्दा बढी विद्यार्थी अध्ययनरत छन्।

●●●

६ वर्षअघि भएको शिक्षा ऐनको सातौँ संशोधनपछि बनेको शिक्षा नियमावलीलाई पछ्याउने हो भने शिक्षकको सरुवा गर्न विद्यालयको सहमति चाहिन्छ। तर त्यो नियमको परिपालना नगर्ने हो भने कस्तो अवस्था आउला? बारा जिल्ला शिक्षा कार्यालयले मनोमानीपूर्ण तरिकाले शिक्षकको सरुवा गर्दा ***हाजिर गर्न नपाउँदा शिक्षक बिचल्लीमा*** भनेर ९ पुसमा *राजधानी* दैनिकमा समाचार छापिएको छ। सो दैनिकका अनुसार, शिक्षा कार्यालयले कात्तिक २८ मा निजगढस्थित सार्वजनिक माविबाट मनहर्वा गाविसमा पर्ने नेपाल राष्ट्रिय माविमा सरुवा गरी पठाएका शिक्षक देवेन्द्रकुमार सिंहलाई सो विद्यालयले आफ्नो सहमति बिना पठाएको भनी हाजिर गर्न दिएन।

नपढेको आरोपमा शिक्षकले विद्यार्थीलाई दिने गरेको शारीरिक दण्डका बारेमा पनि पत्रपत्रिकामा पर्याप्त समाचारहरू आउने गरेका छन्। ***'थुक चटाउने शिक्षकलाई कारबाही'*** भन्ने ८ पुसको *राजधानी* दैनिकको समाचार अनुसार हेटौँडास्थित सनराइज बोर्डिङ स्कूलका एक शिक्षक विद्यार्थीलाई अमर्यादित ढङ्गले दण्ड दिएको अभियोगमा आफैँ दण्डित हुन पुगेछन्। समाचारअनुसार, ३ कक्षामा अध्ययनरत ९ जना विद्यार्थीलाई ती शिक्षकले गृहकार्य नगरेको दोषमा **भुईंमा थुक्न लगाएर त्यो थुक चाट्न लगाएका** थिए। "शिक्षक प्रमोद पाण्डेलाई व्यवस्थापन समितिले त्यस्तो यातना पुनः दोहोऱ्याउन नपाउने शर्तमा उनको एक महिनाको तलब कट्टा गर्ने निर्णय गरेको छ। त्यो पैसाले पीडित विद्यार्थीलाई शैक्षिक सामग्री उपलब्ध गराउने निर्णय गरेको छ," समाचारमा भनिएको छ।

●●●

सार्वजनिक विद्यालयका शिक्षकहरूको छाता सङ्गठन नेपाल शिक्षक युनियनले विद्यालयको पठनपाठन ठप्प हुने गरी विरोधका कार्यक्रम गरेको सुनिएको थिएन। युनियनका पदाधिकारीहरूले पनि आफूहरूले हालसम्म पठनपाठन बन्द गरेर आन्दोलनका कार्यक्रम नगरेको भनी गर्व पनि गर्ने गरेका छन्। तर त्यो अवस्था युनियनको लमजुङ जिल्ला समितिले अन्त्य गरिदिएको छ। *कान्तिपुर* मा ७ पुसमा छापिएको समाचारअनुसार, विद्यालय समुदायमा हस्तान्तरण गर्ने सरकारी नीतिको विरोधमा शिक्षक युनियनको आह्वानमा शुक्रबार *(६ पुस, २०६४)* जिल्लाका सबै विद्यालयहरू ठप्प पारिए। उता भोजपुरमा पनि केही दलका नेताले विद्यालय समुदायमा हस्तान्तरणको पक्षमा अभिव्यक्ति दिएकोमा जिल्लाको शिक्षक युनियनले त्यसको विरोध गरेको समाचार ८ पुसको *राजधानी* ले प्रकाशित गरेको छ।

पाठक पत्रमार्फत् पनि शिक्षकले आफ्ना समस्याका बारेमा जनसाधारण र सम्बन्धित निकायको ध्यानाकर्षण गराउने काम गरेका छन्। *कान्तिपुर* दैनिकमा छापिएको एक पत्रमार्फत् अन्नपूर्ण मावि, मनाङका शिक्षक आनन्द घिमिरेले सट्टा शिक्षकबारे शिक्षा मन्त्रालयले ठोस नीति नबनाउँदा तिनीहरू भाडाका खेताला जस्तै भएको गुनासो गरेका छन्। उनी अगाडि लेख्छन्, "सट्टा शिक्षकले न पूरा सरकारी स्केल पाइरहेका छन्, न दुर्गम भत्ता।" सट्टा शिक्षकका ठाउँमा दरबन्दी कायम गरी उनीहरूलाई आफ्नो शैक्षिक योग्यता र स्तर अनुसार पाउने सम्पूर्ण सुविधा प्रदान गरियोस् भनी उनले माग गरेका छन्।

प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षबीचको द्वन्द्वले कस्तो अवस्था आउन सक्छ भन्ने कुराको एउटा उदाहरण प्रस्तुत गरेको छ, सुर्खेतको एउटा विद्यालयले। ***एक विद्यालयमा दुई प्रधानाध्यापक*** शीर्षक दिएर ६ पुसमा *नयाँ पत्रिका* ले छापेको समाचारमा लाटीकोइली गाविसको गङ्गामाला प्रस्तावित निम्न माध्यमिक विद्यालयमा गत चैतदेखि गोविन्द ढकाल र दानबहादुर वली दुई जना प्रअ छन्। साविकका प्रअ वलीलाई हटाएर विद्यालय व्यवस्थापन समितिले सिफारिस गरेबमोजिम जिल्ला शिक्षा कार्यालयले ढकाललाई प्रअ बनाएको थियो। तर वलीले "व्यक्तिगत रिसईवी र राजनीतिक पूर्वाग्रहले पदबाट हटाउँदैमा हुन्छ र?" भनेर छोड्न नमानेकाले त्यहाँ ढकाल प्रअको कुर्सीमा बस्न पाएका छैनन्। सो विद्यालयमा भएको विवादबारे नजिकैको शिक्षा कार्यालयले

> **"सबै शिक्षक जडीबुटी सङ्कलन गर्न कर्णालीतिर गएपछि दैलेखको बालुवाटारस्थित नेपाल राष्ट्रिय प्रावि एक महिनादेखि बन्द छ। जडीबुटीको कारोबार गर्दै आएका प्रधानाध्यापक ध्रुवराज कँडेलसँग अन्य दुई शिक्षक पनि गएका थिए।"**

> दैलेखको एक उच्च माविमा दुई महिनादेखि पठनपाठन अवरुद्ध छ। शिक्षक खोज्न काठमाडौँ गएका प्रिन्सिपल रामराज पोखेल फर्केका छैनन्। बजेटको अभावमा विद्यालयले एउटै पनि पूर्णकालीन शिक्षक नियुक्त गर्न सकेको छैन।
>
> •••
>
> भोजपुरमा केही दलका नेताले विद्यालय समुदायमा हस्तान्तरणको पक्षमा अभिव्यक्ति दिएकोमा जिल्लाको शिक्षक युनियनले त्यसको विरोधमा वक्तव्य प्रकाशित गरेको छ।

दुई वटा समिति बनाए पनि कुनै सफलता हात नपर्नुको अर्थ र त्यसले विद्यार्थीको पढाइमा परेको असरबारे खुलाउन चाहिँ पत्रिका पनि असमर्थ देखिएको छ।

शिक्षक विद्यार्थीलाई पाठ्यपुस्तकमा भएका कुरा जानकारी मात्र दिँदैनन्, चरित्र र आचरण पनि सिकाउँछन्। तर कुनै शिक्षक आफ्नै विद्यार्थीलाई बलात्कार गर्न अग्रसर हुन्छ भने त्यस्तो शिक्षकबाट समाजले के आशा गर्ने ? ४ पुसमा *राजधानी* दैनिकमा छापिएको ***यस्ता पनि शिक्षक*** शीर्षकको समाचारले यो प्रश्न उठाइदिएको छ। नुवाकोट जिल्लाको कालिका मावि चाउथेमा कक्षा १० मा अध्ययनरत एक छात्रालाई गणितको ट्युसन पढ्न कोठामा आएको बखतमा सोही विद्यालयका शिक्षक केशवराज गजुरेलले बलात्कारको प्रयास गरेको समाचारमा उल्लेख छ।

शिक्षक नै विद्यालय बन्द गरेर जडीबुटी टिप्न हिँडेपछि कसको के लाग्छ ? ***'जडीबुटीकै भर'*** शीर्षकमा पुस १ गते *कान्तिपुर* मा प्रकाशित समाचारअनुसार, सबै शिक्षक जडीबुटी सङ्कलन गर्न कर्णालीतिर गएपछि दैलेख जिल्लाको बालुवाटारस्थित नेपाल राष्ट्रिय प्रावि एक महिनादेखि बन्द भएको छ। जडीबुटीको कारोबार गर्दै आएका प्रधानाध्यापक ध्रुवराज कँडेलसँग अन्य दुई शिक्षक पनि गएका थिए। आवश्यक छानबिन गरी उनीहरूमाथि कारबाही गरिने कुरा जिल्ला शिक्षा अधिकारी गणेश खत्रीले बताएका छन्। सो प्राविमा दुई सय विद्यार्थी अध्ययनरत रहेको बताइएको छ।

मङ्सिर १३ गते *राजधानी* दैनिकले **'प्रधानाध्यापक अपहरित'** शीर्षकमा छापेको समाचार धनुषाको सिङ्ग्याही मरान माध्यमिक विद्यालयका प्रधानाध्यापक उमेश मण्डललाई अज्ञात समूहले घरबाटै अपहरण गरेको उल्लेख छ। त्यस्तै, दाङको जनज्योति माध्यमिक विद्यालयका प्रधानाध्यापक रामदुल्ला हलवाई र शिक्षक पाटेश्वर यादवलाई पटौली नाकाबाट आएको एउटा समूहले अपहरण गरेको पनि सोही समाचारमा उल्लेख छ। प्रधानाध्यापक हलवाई र शिक्षक यादवलाई स्थानीय माओवादी कार्यकर्ताहरूले अपहरण गरेको भन्ने प्रहरीको भनाइ छ। त्यही पत्रिकाको मङ्सिर १८ गते प्रकाशित अर्को समाचारमा नेपाल शिक्षक युनियन तेह्रथुम जिल्ला कार्यसमितिका अध्यक्ष तिवेन्द्रराज चापागाइँलाई लिम्बुवान मुक्ति मोर्चा बताउने समूहले चार दिनभित्र दुई लाख रुपैयाँ नबुझाए मार्ने धम्की दिएको उल्लेख छ। शिक्षक युनियनको केन्द्रीय समितिले जारी गरेको विज्ञप्तिमा सो घटनाको निन्दा गर्दै भनिएको छ, "राज्यको अनुपस्थिति र कानून व्यवस्थाको अभावको स्थितिमा आम नागरिक र खास गरेर शिक्षकहरूले भोगिरहेको वर्तमान स्थितिप्रति हामी अत्यन्त गम्भीर र चिन्तित छौँ र हामी ती सबै गतिविधिको निन्दा र भर्त्सना गर्दछौँ।"

अर्को एक समाचारअनुसार, कपिलवस्तु जिल्ला शिक्षा कार्यालयले सबै शिक्षकलाई सरसफाइसम्बन्धी तालिममा सहभागी हुन तालिममा पठाउँदा ज्योति प्राथमिक सामुदायिक विद्यालय केही दिनका लागि बन्द रह्यो।

•••

*नेपाल समाचारपत्र* मा मङ्सिर १८ गते प्रकाशित एक समाचारअनुसार, दरबन्दी नपुगेका जिल्लाका विद्यालयमा शिक्षक पूर्ति गर्न सरकारले स्वयंसेवक खटाउने भएको छ। त्रिविविबाट स्नातकोत्तर सकेका विद्यार्थीलाई विश्वविद्यालय अनुदान आयोगमार्फत् 'निर्वाह भत्ता' दिएर शिक्षकका रूपमा खटाउन लागिएको हो।

शिक्षकहरूका सकारात्मक समाचार पनि पत्रिकामा प्रकाशित भएका भेटिन्छन्। पुस २ गते *राजधानी* दैनिकमा प्रकाशित ***'बालबालिकाका लागि परामर्श'*** समाचारअनुसार, कपिलवस्तु जिल्लाको एउटा विद्यालयमा शिक्षणविधि परिवर्तन गर्नाले सकारात्मक परिवर्तन आएको छ। जिल्लाको पश्चिममा पर्ने शिवपुर गाउँ विकास समितिमा रहेको सिद्धार्थ प्राथमिक विद्यालयमा त्यस्तो परिवर्तन आएको हो। त्यहाँ विद्यार्थीहरू निकै अनुशासित छन्। विद्यालयमा आउने अतिथिहरूलाई उनीहरू यथोचित आदर गर्न जान्दछन्। विद्यालयमा छुट्टी भएको घण्टी लाग्नासाथ उनीहरू निश्चित समयसम्म विद्यालयको सरसफाइ गर्न थाल्छन्। दिनभरि विद्यार्थीले गरेका फोहोरका टुक्राटाक्री, कागज, प्लास्टिकजस्ता फोहोरजन्य वस्तुहरू उनीहरू उठाउँछन्। उनीहरूलाई प्रोत्साहित गर्न शिक्षकहरू पनि त्यस काममा सहभागी हुन्छन्। फोहोर बटुलिसकेपछि त्यसलाई विद्यालयको हाता बाहिर नष्ट गरेर मात्र उनीहरू घर जान्छन्।

विद्यार्थीहरूको बानीमा आएको यो सकारात्मक परिवर्तनको कारण हो: बालकेन्द्रित शिक्षा शिक्षण तालिम। परम्परागत अध्ययन विधिभन्दा फरक बालमैत्री शिक्षण-विधिमा चित्र, खेलकुद, गीत-सङ्गीत र मनोरञ्जनबाट विद्यार्थीलाई पढाउने र बुझाउने गरिन्छ। यस विधिमा अध्ययनका हरेक प्रक्रियामा बालबालिका आफैँ सक्रिय हुन्छन्।

यस विद्यालयका शिक्षकहरूले 'बालकेन्द्रित शिक्षण तालिम' लिएर आएपछि शिक्षण विधिमा गरिएको परिवर्तनले गएको ६ महिनादेखि विद्यार्थीमा यस्तो सकारात्मक परिवर्तन देखापरेको हो। यस तालिमले शिक्षकहरूलाई पढाउन सजिलो भएको छ भने विद्यार्थीहरूलाई बुझ्न सजिलो भएको छ।

# Flying is not the only thing we do...

Each time you buy a Yeti Airlines Flight Ticket to any of our extensive destinations, you contribute NRs. 4.00 towards making a difference in someone's life. In 2006 - '07, Yeti Airlines donated a sum of NRs. 888,376.00 to four social organizations; namely, Sewa Kendra Leprosy Relief, Nepal Glaucoma Eye Clinic (Tilganga Eye Centre), Tewa and OCCED. With your continued support, we pledge to continue on our unrelenting mission of hope and comfort.

Recently, Yeti Airlines comforted approximately 400 flood affected families in Western Nepal.

This was possible only because of you.




*Please call us for more details on Yeti Airlines' Humanitarian Initiatives:*
**Corporate Office** : Tilganga, Kathmandu
**Tel:** 4465888, 4464878 **Ext.** 205

**Nepalgunj** 081 526556 **Bhairahawa** 071 527527
**Pokhara** 061 530016 **Biratnagar** 021 536612
**Bhadrapur** 023 455232

Yeti Airlines
*a great flying experience*
www.yetiairlines.com

RC(2808\140)07


# हाम्रो प्रतिबद्धता

नेपाल सरकारको सबै बालबालिका र उनीहरूको परिवारसम्म एच.आई.भी सङ्क्रमणको रोकथाम, उपचार तथा स्याहार पुऱ्याउने बृहत् लक्ष्यमा साझेदारीका लागि हामी हातेमालो गर्दछौं । चुनौतीहरूको सामना गर्न हामी सहकार्य गर्नेछौं । साथै नेपालका बालबालिकाका लागि हुन लागेको यस प्रयासमा सामेल हुन समेत हामी सबैलाई आमन्त्रण गर्दछौं ।

## निम्न क्रियाकलापहरूलाई सहयोग गर्न हामी प्रतिबद्धता गर्छौं

- PMTCT and Pediatric ARV सेवालाई देशव्यापी रूपमा विस्तार गर्नका लागि हामी नेपाल सरकारसँग सहकार्य गर्नेछौं ।
- सबै साझेदार संस्थाहरूको सबल पक्ष समेटेर बृहत् प्रभाव र सहकारिता हासिल गर्नेछौं ।
- बालबालिका र उनीहरूको परिवारका लागि जिल्लास्तरमा गरिने सहयोगका क्रियाकलापहरूमा हामीले परिचालन गरेका स्रोतहरूको प्रभावकारी रूपमा उपयोग भए नभएको सुनिश्चित गर्न स्थानीय निकायहरूसँग समन्वय गर्नेछौं ।
- बालबालिका र उनीहरूको परिवारलाई स्वस्थ राख्ने हाम्रो प्रयासमा सहयोग पुऱ्याउन हामी राष्ट्रिय, क्षेत्रीय र जिल्लास्तरमा साझेदारीको खोजी गर्नेछौं ।
- कार्यक्रमका सिकाइहरु बारे प्रतिवेदन तयार गर्नेछौं र सफल भएका पहलहरु सबै सरोकारवालाहरु समक्ष आदानप्रदान गर्नेछौं ।

**हाम्रो एकल प्रयासले मात्र यो सम्भव छैन । त्यसैले, बालबालिकाका लागि हुने यस पहलको सफलतामा नागरिक समाज, निजी क्षेत्र, सञ्चारमाध्यम, अस्पतालहरू र दातृ निकायले विशेष भूमिका खेल्न सक्छन् । यस साझेदारीमा हामी सबै क्षेत्रलाई निम्न कार्यका लागि आमन्त्रण गर्दछौं ।**

- बालबालिका र उनीहरूको परिवारका पक्षमा पैरवी गर्न,
- एच.आई.भी अति प्रभावित समुदायमा विकासका कार्यहरु जस्तै- भौतिक पूर्वाधार, सीप विकास, आर्थिक तथा आयआर्जनका कार्यक्रमहरूमा सहयोग गर्न,
- समुदायलाई प्रारम्भिक बालविकास तालिम र एच.आई.भी सङ्क्रमितका लागि घरेलु स्याहार तालिम प्रदान गर्न,
- बालबालिका केन्द्रित कार्यक्रमका लागि निर्देशिका र रणनीति बनाउन सहयोग गर्न,
- एच.आई.भी अति प्रभावित जिल्ला तथा समुदायमा पौष्टिक र खाद्यान्न सुरक्षा कार्यक्रम प्रदान गर्न,
- अत्यावश्यक सेवाहरूमा परिवारहरूको पहुँच सुनिश्चित गर्न ।

USAID | NEPAL FROM THE AMERICAN PEOPLE
fhi Family Health International
unicef

समाचार

भगीरथ योगी

## बेलायतका स्कूल–शिक्षक

# सम्मान र आकर्षण दुवै बढ्दो

**आम बेलायतीहरू शिक्षकलाई पैसाको पछि नदौडने र आफूले पाएको तलबको तुलनामा बढी सेवा प्रदान गर्ने सम्मानित पेशेवर ठान्दछन्।**

विश्वकै प्रतिष्ठित क्याम्ब्रिज विश्वविद्यालयको शिक्षा संकायले हालसालै गरेको एउटा सर्वेक्षणले बेलायतमा शिक्षकहरूप्रति आम जनसमुदायको धारणा सकारात्मक हुनथालेको र शिक्षण पेशाप्रति मानिसहरूको आकर्षण बढेको देखाएको छ। तीन महिना पहिले; अक्टोबरमा प्रकाशित सो प्रतिवेदनका अनुसार सर्वेक्षणमा सहभागी दुईहजार व्यक्तिहरूमध्ये आधाभन्दा बढीले 'शिक्षण' एउटा आकर्षक पेशा भएको बताएका थिए। तीमध्ये पनि ५५ वर्षभन्दा माथिका पुरुषहरूले शिक्षण पेशा बढी आकर्षक भएको बताएका थिए। यो सर्वेक्षणको घतलाग्दो पक्ष चाहिँ के छ भने अधिकांश बेलायतीहरू प्राथमिक तथा माध्यमिक तहमा पढाउने शिक्षकलाई समान र उत्तिकै हैसियत प्रदान गर्छन्।

बेलायतमा सरकारले कुनै पनि महत्त्वपूर्ण नीतिनिर्माण गर्नुअघि जनमत सर्वेक्षणहरू गराउने एउटा प्रचलन जस्तै बसेको छ। यो पछिल्लो सर्वेक्षण पनि बेलायतको शिक्षा तथा सीपसम्बन्धी मन्त्रालयको अनुदानमा क्याम्ब्रिज विश्वविद्यालयले चार वर्ष लगाएर गरेको हो।

दश वर्षअघि, सन् १९९७ मा लेबर पार्टीका युवा प्रधानमन्त्री टोनी ब्लेयरलाई उनका तीन वटा सबैभन्दा उच्च प्राथमिकता के हुन् भनेर सोधिएको थियो। उनको जवाफ थियो, "शिक्षा, शिक्षा, शिक्षा।" लेबर पार्टीको सरकारले शिक्षा क्षेत्रमा सरकारी लगानी बढाउनुका साथै शिक्षकहरूको तालिम र प्रशिक्षणमा पनि निकै जोड दिँदै आएको छ। गएको दश वर्षमा बेलायतका सम्पूर्ण माध्यमिक विद्यालयहरूमध्ये ८० प्रतिशत अर्थात् २,८०० विद्यालयहरूलाई विशिष्ट, एकेडेमी वा प्राविधिक कलेजको रूपमा विकास गरिएको छ। सरकारका शिक्षासम्बन्धी केही आयोजनाहरूमा लगानी अनुसारको प्रतिफल प्राप्त नभएको भनी आलोचना हुने गरे तापनि समग्रमा विगत एक दशकमा विद्यालय शिक्षाको गुणस्तर बढेर गएको विभिन्न अध्ययनहरूले देखाएका छन्।



रविन सायमि

बेलायतमा विद्यालय शिक्षा अनिवार्य र नि:शुल्क छ। विद्यालय उमेरका केटाकेटीलाई विद्यालय नपठाउनु यहाँ फौजदारी अपराधसरह मानिन्छ र आफ्नो क्षेत्रका सबै बालबालिकाहरूको पढाइको व्यवस्था मिलाउनु स्थानीय निकाय वा काउन्सिलको एउटा प्रमुख जिम्मेवारीअन्तर्गत पर्दछ।

बेलायतमा शिक्षकहरूको तालिम र पेशागत विकासका लागि एउटा प्रशिक्षण तथा विकास संस्था (ट्रेनिङ एण्ड डेभलप्मेन्ट एजेन्सी- टीडीए) रहेको छ। टीडीएको मुख्य काम तालिमप्राप्त र दक्ष शिक्षक भर्ना गर्न तथा बालबालिका, किशोरकिशोरी तथा तिनका अभिभावकलाई विस्तारित सेवा पुऱ्याउन विद्यालयहरूलाई सघाउनु हो।

*दि गार्डियन* समाचारपत्रसँग कुरा गर्दै बेलायती शिक्षकहरूको एउटा पेशागत सङ्गठन, नेशनल युनियन अफ टिचर्सका शिक्षा विभाग प्रमुख जोन ब्याङ्स भन्छन्, "विगतमा शिक्षकहरूको तलब र सामाजिक स्तर पनि तुलनात्मक रूपमा कम थियो, तर अहिले त्यो स्थितिमा निकै सुधार आएको छ र शिक्षण एउटा आकर्षक पेशा बन्न पुगेको छ।"

बेलायतको प्रतिष्ठित लिड्स विश्वविद्यालयमा अन्तर्राष्ट्रिय कानूनका प्राध्यापक डा. सूर्य सुवेदीका अनुसार शिक्षकहरूले नैतिकता र आफ्नो कामप्रतिको जिम्मेवारीबोधमा उच्च मापदण्ड कायम राखेकाले नै बेलायती जनताले पनि उनीहरूप्रति उच्च सम्मान दर्शाएका हुन्। उनी भन्छन्, "बेलायतमा शिक्षकहरू आफ्नो विषयमा दक्ष र अद्यावधिक रहन निकै मेहनत गर्छन् र आफ्नो पेशाप्रति पूर्ण रूपले समर्पित पनि हुन्छन्। यहाँका शिक्षकहरू आफूलाई समाजको एउटा महत्त्वपूर्ण इन्जिन ठान्छन् र समाजलाई अगाडि बढाउन आफूले सक्दो योगदान पुऱ्याउनु आफ्नो कर्तव्य हो भन्ने कुरामा उनीहरू विश्वास गर्छन्।"

त्यतिकै महत्त्वपूर्ण कुरा मुलुकको दैनिक राजनीतिमा शिक्षकहरूको असंलग्नता पनि

हो। नेपाली मूलका बेलायती प्राध्यापक सुवेदीका अनुसार बेलायतमा शिक्षकहरूले सामान्यतया राजनीतिलाई त्यति मन पराउँदैनन् र गैर राजनीतिक भएरै बस्न रुचाउँछन्। उनी भन्छन्, "व्यापारिक क्षेत्रको तुलनामा शिक्षकहरूको तलब त्यति उच्च छैन। तर आम मानिसहरू शिक्षकहरूलाई पैसाको पछि नदौडने पेशेवरका रूपमा हेर्छन्। त्यसैले, समाजका सबैले र खासगरी करदाताहरू शिक्षकले उनीहरूलाई दिइएको तलबको तुलनामा राम्रो सेवा पुऱ्याइरहेको ठान्दछन् र उनीहरूप्रति उच्च सम्मान पनि राख्दछन्।"

टीडीएका अनुसार विद्यालय शिक्षकहरूको तलबलाई ६ तहमा बाँडिएको छ, जुन सामान्यतया वार्षिक २०,००० पौण्ड (करिब रु.२६ लाख) देखि ३०,००० पौण्ड (करिब रु.३८ लाख) सम्म हुन्छ। यसबाहेक उनीहरूको अनुभव र कार्य क्षमताको मूल्याङ्कन गरी तलबमा थप गर्ने प्रणाली पनि छ। विद्यालयका प्रधानाध्यापकहरूको तलबमान वार्षिक ३५,००० पौण्डदेखि ८५,००० पौण्डसम्म रहेको छ। अन्य पेशाको तुलनामा बेलायती शिक्षकहरूको तलबमान आकर्षक नै मानिन्छ।

बेलायतमा वयस्क मानिसहरू शिक्षण पेशाप्रति आकर्षित हुँदै गएको खबरप्रति शिक्षण क्षेत्रसँग सम्बद्ध सबैले खुसी व्यक्त गरेका छन्। यसै वर्षको शुरुमा टीडीएले खासगरी पुरुषहरूलाई शिक्षण पेशामा आकर्षित गर्न एउटा अभियान नै चलाएको थियो। अहिले बेलायतका प्राथमिक विद्यालयहरूमा महिला शिक्षकको तुलनामा पुरुष शिक्षकको सङ्ख्या आठ गुणाले कम छ। एक सय वर्षअघि पनि स्थिति यस्तै थियो।

बेलायती सरकारले पचास वर्ष नाघेका मानिसहरूलाई शिक्षण पेशातर्फ आकर्षित गर्न 'ग्र्याजुयट टिचर प्रोग्राम-जीटीपी' शुरु गरेको छ। सरकारी अधिकारीहरूले परिपक्व मानिस शिक्षण पेशातर्फ आकर्षित भएमा क्रमश: युवाहरू पनि सो पेशाप्रति आकर्षित हुने अपेक्षा राखेका छन्। जीटीपी कार्यक्रमअन्तर्गत अधबैंसे मानिसहरूलाई सेवाकालीन तालिम दिइन्छ। क्रिष्टोफर विल्डले त्यस्तै प्रशिक्षण लिएका छन्। उनको उमेर अहिले ५३ वर्ष छ र उनले पूर्वी लण्डनको एउटा प्राथमिक विद्यालयमा नयाँ दक्ष शिक्षकको रूपमा पहिलो वर्ष पूरा गर्दैछन्। बीबीसीका एकजना भूतपूर्व पत्रकार तथा केटाकेटीलाई सहयोग पुऱ्याउन खोलिएको एउटा सहायता संस्था, चिल्ड्रेन्स एक्सप्रेसका संस्थापक तथा प्रमुख कार्यकारीको रूपमा काम गरिसकेका विल्ड भन्छन्, "शिक्षण पेशा सधैँभरि मेरो रुचिको विषय रहेको थियो। यो उमेरमा पेशा परिवर्तन गर्नु मेरो लागि एउटा साहसिक कदम नै हो, तर शिक्षकको रूपमा म निकै सन्तुष्ट छु।"

शिक्षाविद्हरू भन्छन्, विद्यालयमा शिक्षक, शिक्षिकाहरूको समानुपातिक उपस्थिति बालबालिकाका लागि पनि लाभदायी हुन्छ। उनीहरू भन्छन्, परिपक्व मानिसहरूलाई शिक्षण पेशामा आकर्षित गर्न सकियो भने यसले केटाकेटीको आकाङ्क्षा पनि बढाइदिन्छ।

शिक्षकहरू भन्छन्, शिक्षण पेशाप्रति मानिसहरूको आकर्षण बढ्दै गएको कारण उनीहरू आजभोलि 'पब' (भट्टी/चियापसल) मा आफूले शिक्षण पेशा अँगालेको कुरा साथीहरूलाई गर्वका साथ सुनाउन थालेका छन्।

> **"यहाँका शिक्षकहरू आफूलाई समाजको एउटा महत्त्वपूर्ण इन्जिन ठान्छन् र समाजलाई अगाडि बढाउन आफूले सक्दो योगदान पुऱ्याउनु आफ्नो कर्तव्य हो भन्ने कुरामा विश्वास गर्छन्।"**

दश वर्षअघिको तुलनामा शिक्षण पेशा अँगाल्न चाहने मानिसहरूको सङ्ख्या ७० प्रतिशतले बढेकाले पनि यस्तो स्थिति पैदा भएको हो।

क्याम्ब्रिज विश्वविद्यालयले गरेको सर्वेक्षणको अर्को महत्त्वपूर्ण पक्ष भनेको सर्वसाधारणले प्राथमिक तथा माध्यमिक तहका शिक्षकहरूलाई समानस्तरको ठान्नु हो। जानकारहरू भन्छन्, माध्यमिक तहका शिक्षकहरूले आफूलाई प्राथमिक तहका शिक्षकभन्दा अलि उच्चस्तरको ठान्ने परम्परा जस्तै छ, जसप्रति प्राथमिक तहका शिक्षकहरूको गुनासो रहने गरेको छ। तर अरू पेशा र वर्गका मानिसहरूले दुवै तहका शिक्षकहरूलाई समान दृष्टिकोणले हेर्ने गर्दा अन्तत: माध्यमिक र प्राथमिक तहका शिक्षकहरूबीचको खाडल कम हुँदै जाने अपेक्षा गरिएको छ।

*दि गार्डियन* समाचारपत्रसँग कुरा गर्दै बेलायतको एसोसिएसन अफ स्कूल एण्ड कलेज लिडर्सका महासचिव मार्टिन वार्ड भन्छन्, "पाँच वर्षको बच्चालाई पढाउन निकै सीप चाहिन्छ। त्यसैले धेरैभन्दा धेरै पुरुषहरूलाई प्राथमिक तहमा शिक्षण पेशा अँगाल्न आकर्षण गर्ने कुरालाई प्राथमिकताको विषय बनाइनुपर्छ र यसले खासगरी स्कूले केटाहरूले भोग्नुपरेको एउटा अनुकरणयोग्य पुरुष रोल-मोडलको अभाव पूर्ति गर्न पनि सघाउनेछ।"

प्राध्यापक सुवेदीका अनुसार बेलायतमा शिक्षकले प्राज्ञिक काम मात्रै हैन, आफ्ना विद्यार्थीका लागि रेखदेखकर्ता वा संरक्षकको भूमिका पनि निर्वाह गरिराखेका हुन्छन्। "त्यसैले शिक्षक र विद्यार्थीको सम्बन्ध बाँकी जीवनभरि कायम रहन्छ र शिक्षकहरूले पनि कुनै न कुनै रूपमा आफ्ना विद्यार्थीहरूलाई सहयोग र सल्लाह दिइरहेका हुन्छन्।"

बेलायतमा स्वास्थ्य र शिक्षाजस्ता सार्वजनिक सेवाका विषय हरेक चुनावका प्रमुख मुद्दा हुने गरेका छन्। भर्खरै प्रमुख विपक्षी दल कन्जर्भेटिभ पार्टीले ६ वर्षका बालबालिकाहरूलाई कसरी राम्रोसँग पढ्ने बनाउने भन्ने बारे आफ्नो अवधारणापत्र सार्वजनिक गरेको छ। यस्ता विषयमा विज्ञहरू मात्रै होइन, राजनीतिक दल, सञ्चारमाध्यम र सर्वसाधारणबीच पनि बहस तथा छलफल चल्ने गर्छ र अन्ततोगत्वा यसले नीतिनिर्माणमा सहयोग पुऱ्याउने गरेको छ।

शिक्षण सेवाप्रतिको बढ्दो आकर्षणलाई लेबर पार्टीको सरकारले आफ्नो उपलब्धिको रूपमा चित्रित गर्ने निश्चित छ। अन्य विपक्षी दलहरूले चाहिँ शिक्षाको स्तर वृद्धि गर्न र खासगरी राजधानी लण्डनलगायतका क्षेत्रमा गोराहरूकै छोराछोरीको पढाइको स्तर सुध्रन नसकेको भनी चिन्ता व्यक्त गर्ने गरेका छन्। जे भएपनि शिक्षाको स्तर वृद्धि गर्ने र त्यसका लागि शिक्षकहरूलाई थप सुविधा दिई उपयुक्त तालिम र सीप प्रदान गर्दै जाने भन्ने विषयमा चाहिँ राजनीतिक सहमति नै देखिन्छ।

*(योगी लण्डन, बेलायतमा कार्यरत नेपाली पत्रकार हुनुहुन्छ।)*

मनेश श्रेष्ठ

# विद्यार्थी थपिँदै शिक्षक–दरबन्दी उही

**शिक्षकको बढ्दो माग धान्न सरकारले दरबन्दी थप्नुको सट्टा 'राहत'को नाममा सालिन्दा नयाँ शिक्षक भने नियुक्त गरिरहेको छ । तर त्यसले न त शिक्षकलाई सन्तुष्ट पार्न सकेको छ न त खाँचो टार्न नै ।**

किरण पाण्डे



वर्षौंदेखि नेपाल सरकारको मुख्य नीति स्कूल जाने उमेरका सकेसम्म धेरै केटाकेटीहरूलाई स्कूल भर्ना गर्नु रहेको छ । हाल शिक्षासम्बन्धी अन्तर्राष्ट्रिय र नेपालको समेत नारा 'सबैको लागि शिक्षा' छ ।

तर केटाकेटीलाई स्कूलभित्र पसाएर मात्र सरकारको दायित्व पूरा हुँदैन । विद्यालयमा कक्षाकोठा, डेस्क, बेन्च त हुनुपर्‍यो नै, तर त्योभन्दा महत्त्वपूर्ण कुरा शिक्षक हो । शिक्षा विभागको तथ्याङ्क अनुसार सामुदायिक अर्थात् सरकारी विद्यालयहरूमा अहिले रुण्डै ६० हजारको सङ्ख्यामा शिक्षकहरू अपुग छन् । २०५६ सालदेखि यी विद्यालयका लागि नयाँ दरबन्दी सिर्जना हुनसकेको छैन । अर्कोतिर शिक्षा विभागकै तथ्याङ्क अनुसार यस आठ वर्षको अवधिमा विद्यार्थी कुल सङ्ख्या ११ लाखले बढेको छ । अपर्याप्त शिक्षक र दरबन्दीका कारण उत्पन्न चाप धान्न सरकारले बिना दरबन्दीका शिक्षक भने भर्ना गर्दै आएको छ । "यस वर्ष हाम्रो योजना थप १२ हजार नयाँ 'राहत' शिक्षकहरू नियुक्ति गर्नेछ जसमध्ये प्राथमिक तहमा ८ हजार, निम्न माध्यमिक तहमा २ हजार ५ सय र माध्यमिक तहमा १ हजार ५ सय हुनेछन्"- शिक्षा विभागका अधिकृत योगेन्द्र बराल बताउनुहुन्छ ।

अस्थायी र स्थायी शिक्षकका किसिम हुन्छन् भन्ने कुरा सर्वविदित छ । तर 'राहत' शिक्षक भने फरक प्रकृतिको शिक्षक हो । 'सबैको लागि शिक्षा' भन्ने संयुक्त राष्ट्रसंघको सहस्राब्दी विकासको एउटा लक्ष्य प्राप्तिका निम्ति केही वर्षदेखि गाउँगाउँमा समेत विद्यार्थी भर्ना अभियानहरू चलाइने गरेको छ । त्यस्ता अभियानको परिणामस्वरुप स्कूल भर्ना हुने बालबालिकाको सङ्ख्या ह्वात्तै बढेको छ । नयाँ भर्ना भएका बालबालिकालाई कक्षामा अल्मल्याउन समेत साविकको शिक्षक सङ्ख्या अपर्याप्त छ । यसै भएर सरकारले विद्यालयहरूलाई 'राहत'स्वरूप शिक्षकहरू उपलब्ध गराउन थालेको छ । गत आर्थिक वर्ष (२०६३/६४) सम्ममा देशभरि करिब १३ हजार राहत शिक्षकहरू नियुक्त गरिसकिएको शिक्षा मन्त्रालयको तथ्याङ्कले देखाउँछ ।

शिक्षा विभागको कार्यक्रम महाशाखा प्रमुख हरि लम्सालको भनाइमा राहत शिक्षकहरूको भविष्य के हुन्छ भन्ने कुरामा आधिकारिक निर्णय भएको छैन । शिक्षकको कमी भएको अवस्थामा यी शिक्षकहरूलाई कालान्तरमा अस्थायीसम्म बनाइए पनि नयाँ दरबन्दी सिर्जना गरेर स्थायी गर्ने सोचाइमा सरकार अहिलेसम्म देखिएको छैन । पुराना दरबन्दी मिलान गरेर मात्र नयाँ सिर्जना गर्ने भन्ने तत्कालीन सरकारको निर्णय अहिलेसम्म कार्यान्वयन हुनसकेको छैन । यसबीचमा दरबन्दी मिलान गर्ने र नयाँ सिर्जना गर्ने केही अनियमित तर असफल प्रयासहरू पनि भएका थिए । तर राजनीतिक सहमतिको अभावमा त्यो पनि सफल हुनसकेन । सामुदायिक विद्यालयका धेरैजसो शिक्षकहरू कुनै न कुनै राजनीतिक दलसँग नजिक हुने र राजनीतिक दबाब प्रयोग गरी आफूलाई पायक पर्ने ठाउँमा सरुवा मिलाउने आम प्रवृत्ति नै रहेको छ। हिंसात्मक द्वन्द्व र त्यसपछि लम्बिएको राजनीतिक अन्योलले गर्दा तत्काल दरबन्दी मिलानको गुञ्जायस देखिँदैन ।

नयाँ दरबन्दी सिर्जनाको सन्दर्भमा सरकारको निम्ति सबैभन्दा ठूलो चुनौती साधनस्रोत रहने गरेको छ। शिक्षकहरूलाई तलब बाहेक पेन्सनको पनि विचार गर्नुपर्ने हुन्छ । "हामीकहाँ स्रोतको अभाव छ" बराल भन्नुहुन्छ । त्यसै कारण 'राहत' शिक्षकको परिकल्पना गरियो । राहतस्वरूप विद्यालयलाई प्रदान गर्ने हुनाले यस प्रकारको शिक्षकको तलब दरबन्दी अनुसारको शिक्षकको भन्दा कम छ । उदाहरणको लागि दरबन्दीका प्राथमिक तहका शिक्षकको शुरुको मासिक तलब रु.६ हजार २ सय ८० छ भने त्यहीस्तरका राहत शिक्षकको रु.४ हजार १ सय मात्र । अहिले राहत शिक्षकहरूको तलबभार सरकारको साधारण खर्च र दाताहरूको अनुदान सहयोगबाट जुटाइएको छ। तर पछि विस्तारै त्यो थप भार पूरै सरकारले व्यहोर्नुपर्ने हुन्छ ।

राहत शिक्षक उपलब्ध गराउन सरकारले केही निश्चित मापदण्ड बनाएको छ । त्यसअनुसार हिमाली क्षेत्रमा एक शिक्षक बराबर ४०, पहाडी क्षेत्रमा ४५ र तराईमा ५० विद्यार्थी हुनुपर्छ । तर कुनै विद्यालयको पाँचवटा कक्षामा विद्यार्थी सङ्ख्या १०० हुनसक्छ । यस स्थितिमा माथिको नीति अनुसरण गर्दै जाने हो भने त्यहाँ सरकारले बढीमा दुई वटा शिक्षक मात्र पठाउनुपर्ने हुन्छ र दुई शिक्षकले पाँच वटा कक्षा पढाउनुपर्छ । यस अवस्थामा गुणस्तरको कुरै छोडौं, पाठ्यक्रम पूरा गर्न पनि मुश्किल पर्छ । यस्तो अवस्थालाई मध्यनजर राखेर सरकारले प्राथमिक विद्यालयमा ५० विद्यार्थीसम्मलाई दुई शिक्षक र एक सय विद्यार्थीसम्मलाई तीन शिक्षक तथा सयभन्दा बढी भए हरेक ५० विद्यार्थी बराबर थप एक शिक्षक उपलब्ध गराउने थप योजना बनाएको छ । यही हिसाबले २०६३ सालको तथ्याङ्क अनुसार प्राथमिक तहका विद्यार्थीलाई १,२८,६६६ शिक्षक जरूरी हुने देखिन्छ । हाल सरकारी विद्यालयहरूमा प्राथमिक तहमा उपलब्ध शिक्षक सङ्ख्या ६०,३०१ छ ।

तर, प्राथमिक शिक्षकसम्बन्धी यो तथ्याङ्क सरकारले खर्च व्यहोरेका शिक्षकहरूको मात्र हो । यस बाहेक सामुदायिक विद्यालयहरूले आफ्नो स्रोतमा पनि शिक्षकहरू राख्ने गरेका छन् । विभिन्न गैरसरकारी संस्थाहरूले पनि कतिपय स्थानमा शिक्षकको तलब व्यहोर्ने गरेका छन् । यस्ता शिक्षक देशभरि के कति छन् भन्ने यकिन तथ्याङ्क छैन ।

एकातिर शिक्षकहरूको ठूलो अभाव देखिन्छ भने अर्कोतिर देशका केही सुगम जिल्लाहरूमा आवश्यकभन्दा बढी शिक्षकहरू पनि छन् । विद्यालयहरूमा पनि यही अवस्था छ । उदाहरणको लागि २०६३ को तथ्याङ्कअनुसार काठमाडौँ जिल्लाका सामुदायिक विद्यालयहरूमा करिब ४५ हजार मात्रै प्राथमिक तहका विद्यार्थीहरूका लागि २,०६१ जना शिक्षक उपलब्ध थिए र यो सङ्ख्या सरकारी मापदण्ड अनुसार चाहिएभन्दा बढी हो । पर्वतमा निम्न माध्यमिक तहमा ११ र माध्यमिक तहमा १३७ जना शिक्षकको अभाव अझै पनि छ । तर काठमाडौँमा निम्न माध्यमिक र माध्यमिक दुवै तहमा शिक्षकको सङ्ख्या चाहिनेभन्दा निकै बढी छ । शिक्षक दरबन्दी सबैभन्दा बढी अभाव भएका जिल्लाहरू तराईमा छन् । काठमाडौँ जस्ता जिल्लाका शिक्षकहरू अन्यत्र सरुवा गर्न निकै राजनीतिक कसरत चाहिन्छ ।

## स्थायी/अस्थायी शिक्षक विवाद

एकातिर शिक्षकहरूको अभाव छ भने अर्कातिर अस्थायी शिक्षकलाई स्थायी गर्ने र नगर्ने दुवै पक्षलाई लिएर बेलाबेलामा आन्दोलनहरू हुने गरेका छन् । स्थायी शिक्षकले राजिनामा दिँदा वा अवकाश पाएको बखत स्थानीय विद्यालय व्यवस्थापन समिति र जिल्ला शिक्षा कार्यालयबाट सरकारी दरबन्दीअन्तर्गत अस्थायी शिक्षकहरू नियुक्त हुन्छन् । अस्थायी शिक्षकहरू कति छन् भन्ने यकिन तथ्याङ्क पनि छैन । शिक्षा विभागका एक अधिकारीको अनुमानमा त्यो सङ्ख्या २० देखि २५ हजारसम्म छ। आन्दोलनरत अस्थायी शिक्षकहरूको माग वर्षौंदेखि शिक्षक भएर काम गरेको हुँदा उनीहरू स्वत: स्थायी हुन पाउनुपर्छ भन्ने रहेको छ ।

उता शिक्षण अध्ययन निकायअन्तर्गत आईएड्, बीएड् पढेका र पढिरहेका विद्यार्थीहरू भन्छन्, आफूले शिक्षक बन्नकै लागि पढेको हुँदा स्थायी नियुक्ति गर्दा अस्थायीलाई भन्दा उनीहरूलाई प्राथमिकता दिइनुपर्छ । सरकारले भने यसबारे निर्णय गर्न सकेको छैन। "दुवै पक्षको माग जायज छ" शिक्षा विभागका योगेन्द्र भट्टराई भन्छन् ।

अस्थायी शिक्षकलाई स्थायी बनाउने विवाद एकातिर छ भने अर्कातिर राहत शिक्षकको भविष्यको कुरा पनि कम गम्भीर छैन । यस आर्थिक वर्षको अन्त्यसम्म राहत शिक्षक सङ्ख्या करिब २५ हजार पुग्ने र त्यसपछि स्थायी बाहेक अन्य सरकारी बजेटबाट तलब पाउने शिक्षकको सङ्ख्या ५० हजारको हाराहारीमा पुग्ने देखिन्छ । त्यसपछि भने शिक्षकहरूलाई स्थायी गर्ने या नगर्ने र केको आधारमा गर्ने भन्ने ठोस निर्णय गर्न राज्य बाध्य नै हुनेछ । २०५६ को निर्णय अनुसार जाने हो भने दरबन्दी मिलानको विषयसँग स्थायी/अस्थायीको निर्णय स्वत: गाँसिन पुग्छ । अर्थात् फेरि पनि कुरा दरबन्दी मिलानमै गएर अड्कन्छ ।

सुदर्शन घिमिरे

# असुरक्षित र उपेक्षित शिक्षक

नेपालका विद्यालयस्तरका अधिकांश शिक्षकहरू शारीरिक आक्रमणको त्रास या पेशागत असुरक्षाको मानसिक दबाबबाट थिचिएका छन्। यसनिम्ति शिक्षकको ज्यानमाथि हमला गर्ने हिंसात्मक-राजनीतिक शक्ति र आपराधिक तत्व मात्र दोषी छैनन्, शिक्षक र शिक्षण पेशाप्रति सरकार र समाजको उपेक्षापूर्ण रवैया पनि उत्तिकै जिम्मेवार छ।

- २२ कात्तिक २०६४ को बिहान स्कूल जान घरबाट निस्किएका शिक्षक गोविन्द मजाकोटी साँझ घर फर्किएनन्। लमजुङको सिन्दुरे गाविसको मान्केडाँडास्थित शोभा मन्दिर प्राथमिक विद्यालयका शिक्षक मजाकोटीको शव ८ दिनपछि मङ्सिर १ गते घाँटी रेटिएको, आँखा झिकिएको, कान काटिएको, शरीरभरि नीलडाम र कपाल डढेको अवस्थामा स्कूल नजिकैको जङ्गलमा फेला पर्‍यो। तर मजाकोटीका हत्यारा अझै पक्राउ परेको छैन।
- साउनको अन्त्यमा सिरहाका सूर्यनारायण यादव र भदौ २४ गते अरुण कुमार श्रेष्ठ 'अज्ञात समूह'को नाममा मारिए भने असोज २२ गते महोत्तरीका नागेन्द्र यादवको पनि त्यसैगरी हत्या गरियो।
- मोरङको एउटा गाउँको माध्यमिक विद्यालयका शिक्षक नरेन्द्र शर्मा (नाम परिवर्तन) अहिले काठमाडौंमा विस्थापित छन्। तराई जनतान्त्रिक मुक्ति मोर्चाका कार्यकर्ता बताउने व्यक्तिहरूले उनलाई दशैंको मुखमा रु.५ लाख चन्दा नदिए जे पनि हुनसक्छ भनेर धम्की दिए। 'कुरा मिल्छ भने २०/२५ हजारसम्म दिउँ न त' भन्ने सोचिरहेका शर्मालाई '५ लाख नै चाहिन्छ नत्र ठीक पार्छौं' भनेर पटक-पटक धम्की आएपछि उनले आफ्नो थातथलो छाडे।
- सप्तरीको सारस्वर माध्यमिक विद्यालयका शिक्षक पवनकुमार साह २ पुस २०६४ को राति अपहरणमा परे। उनलाई कसले, किन अपहरण गरेको हो दुई साता पछिसम्म थाहा हुनसकेको थिएन।
- त्यस्तै, हिंसात्मक द्वन्द्वको क्रममा एकपछि अर्को गर्दै करिब २०० शिक्षक मारिए, हज्जारौंको सङ्ख्यामा अपहरित भए, अधिकांश चन्दाको नाउँमा माओवादीलाई महिनावारी बुझाएर ज्यान बचाउन विवश भए। तर सेना, प्रहरी, निजामती कर्मचारी र राजनीतिक व्यक्ति मारिंदा, अपहरणमा पर्दा उदारतापूर्वक आर्थिक-भौतिक सहयोगको थैली खोल्ने सरकारदेखि राजनीतिक दल, नागरिक समाज र प्रेस समेत शिक्षकको सवालमा कहिल्यै गम्भीर भएनन्। द्वन्द्वमा मारिने एउटा सिपाहीको बलिदानलाई सरकारले रु.१० लाख तर त्यसैगरी मारिने शिक्षकको योगदानलाई रु.१ लाख ५० हजार बराबरको मूल्यांकन गर्दै आएको छ।
- स्थायी शिक्षक भर्ती गर्न २०५२ मा लिइएको जाँचको रिजल्ट, आठ वर्षपछि, २०६० सालमा निकालियो। राजनीतिक आस्था र निकटताको आधारमा बिना परीक्षण योग्य-अयोग्य सबैलाई शिक्षक पदमा भर्ती गर्ने क्रम भने त्यस अवधिमा पनि रोकिएन। परिणामतः एक दशकभन्दा लामो अवधि पढाइसकेका अस्थायी शिक्षकको सङ्ख्या आज ३० हजार नाघेको छ।
- शिक्षकको स्तर, योग्यता र वृत्ति-विकासका निम्ति अत्यावश्यक पक्षहरू- तालिम, सेवाको सुनिश्चितता, पुरस्कार र दण्ड, सुपरीवेक्षण, मर्यादा अभिवृद्धि जस्ता विषयमा त सरकार/राज्यपक्षले पूरै बेवास्ता नै गरेको भेटिन्छ।

माथिका केही दृष्टान्त, नेपाली शिक्षक भौतिक-मानसिक-आर्थिक रूपमा कति असुरक्षित र राज्य एवं समाजबाट कति उपेक्षित हालतमा छन् भन्ने सन्दर्भ कोट्याउन मात्र प्रस्तुत गरिएका हुन्। यता आएर त, राज्य, प्रेस एवं समाजको संवेदनशीलता कतिसम्म घटेको छ भने शिक्षक अपहरणमा पर्नु, विस्थापित हुनु या मारिनु सामान्य समाचार मात्र ठानिन थालेका छन्। पवनकुमार साह, गोविन्द मजाकोटी र नरेन्द्र शर्मा पछिल्लो समयका केही प्रतिनिधि उदाहरण हुन्। मुलुकका करिब डेढ लाख शिक्षकमध्ये धेरैजसो अहिले पनि कुनै न कुनै रूपमा यस्तो ज्यादती र त्रासको सामना गर्न विवश छन्।

नेपालमा शिक्षकहरू माथि सङ्गठित रूपमा भौतिक र

मानसिक आक्रमण हुन थालेको माओवादी 'जनयुद्ध' सँगै हो। माओवादीलाई दमन गर्ने क्रममा ८ असार २०५३ मा नेपाल प्रहरीले नायकवडा, जाजरकोटका ४० वर्षीय शिक्षक कालीबहादुर बस्नेतलाई माऱ्यो। माओवादीले २३ चैत २०५४ मा इरिवाङ्, रोल्पाका शिक्षक नरबहादुर डाँगी मारेर त्यसको जवाफ फर्कायो। त्यसपछि राज्य र विद्रोही दुवैले अर्को पक्षलाई सघाएको भनेर शिक्षक मार्ने क्रम बढ्दै गयो। माओवादीले 'सुराकी गरेको' अभियोग लगाएर अनि राज्यले 'माओवादीलाई सघाएको' भनेर शिक्षकलाई मार्ने गरे। माओवादी बिद्रोहको नाममा हिंसा र प्रतिहिंसा जति चर्कँदै गयो, शिक्षकहरू मारिने र प्रताडित हुने क्रम त्यसरी नै बढ्यो।

२०५८ मङ्सिरमा सरकारले देशमा सङ्कटकाल लगाएपछि त्यसको सबैभन्दा बढी मार शिक्षकहरूले खेप्नु पऱ्यो। संवैधानिक रूपमै असीमित अधिकार पाएको सरकारी सुरक्षा फौज र आफ्ना विरोधीलाई 'सफाया' नै गर्ने उग्र नीति अवलम्बन गरेका माओवादी छापामारको दोहोरो च्यापोमा शिक्षकहरू परे। उनीहरूमाथि देशका कैयौं ठाउँमा क्रूर र अमानवीय व्यवहार भयो। सङ्कटकाल लागेको तीन महिना नबित्दै ३ माघ २०५८ मा माओवादीले अत्यन्त निर्मम ढङ्गबाट लमजुङ दुराडाँडाका शिक्षक मुक्तिनाथ अधिकारीलाई मारेको घटना देश-विदेशसम्म फैलियो। यो घटनाको प्रचारले माओवादी नेतृत्वलाई व्यक्तिहत्या गर्ने आफ्नो नीतिमा पुनर्विचार गर्न केही हदसम्म घच्घच्याउन सकेको अनुभव त्यतिबेला गरिएको थियो।

शिक्षकमाथिको अत्याचार एउटा पक्षमा मात्र सीमित रहन सकेन। सरकारी सुरक्षा बलले २०६० मङ्सिर २१ गते राति घरमा सुतिरहेका खोटाङको चिसापानी उच्च माविका शिक्षक हरिप्रसाद भट्टराई, उनको घरमा पाहुना लागेका डाकमणि कोइराला तथा दुर्गाप्रसाद कोइरालाको अनाहकमा निर्दयतापूर्वक प्राणहरण गऱ्यो। उनीमाथि 'माओवादीलाई सघाएको' आरोप लगाइएको थियो।

हिंसात्मक द्वन्द्वका क्रममा शिक्षकले कतिसम्म सास्ती भोगे भन्ने कुराको अनुमान गर्न रुकुमका शिक्षक वीरेन्द्रकुमार शाहको घटनाले सघाउँछ। 'इन्सेक' को वार्षिक प्रतिवेदन-२००३ अनुसार शिक्षक शाहमाथि 'सुराकी गरेको' आरोपमा २०५९ भदौमा माओवादीका कार्यकर्ताले आठबीस डाँडागाउँ गाविसको गोइरीमा लगेर शुरुमा काठ चिर्ने आराले चिरे र पछि गोली हानेर मारे। माओवादीहरू त्यहाँ कतिसम्म राक्षसी व्यवहारमा उत्रिएका थिए भने उनीहरूले हत्या गर्दा खर्च भएको भनेर शाहकी श्रीमतीसँग एउटा गोलीको रु.१७५ का दरले तीन गोलीको रु.५२५ समेत असुल गरेका थिए।

नेपाल शिक्षक युनियनको विवरणअनुसार माओवादी 'जनयुद्ध' शुरु भए (फागुन २०५२) देखि शान्ति सम्झौता हुँदा (मङ्सिर २०६३) सम्म राज्य, माओवादी र अन्य पक्षबाट गरेर १९० जना शिक्षक मारिए। २९ जना अहिले पनि बेपत्ता छन्; जसलाई जीवितै भेटिने आशा मार्न थालिएको छ। यस अवधिमा पटक पटक गरेर ७३४ जना शिक्षक राज्यको गिरफ्तारीमा परे भने १०,६२१ जना माओवादीको अपहरणमा परे। त्यसैगरी; गम्भीर घाइते शिक्षकको सङ्ख्या ४१ छ भने ज्यानै लिने धम्की दिइएका

तस्विर सौजन्य: हिमाल खबरपत्रिका



तस्विर सौजन्य: माधव ढुङ्गेल



**लमजुङका मुक्ति अधिकारी (दायाँ) र खोटाङका हरि भट्टराई।**


> **"म अहिलेसम्म जिउँदै रहेको राज्यले सुरक्षा दिएर हैन, कसैले नमारेर मात्र हो" भन्ने नेपाल शिक्षक युनियनका अध्यक्ष केशवप्रसाद भट्टराईको अभिव्यक्तिले सुरक्षा-व्यवस्था र आम शिक्षकको मनोभावनालाई धेरै हदसम्म प्रतिनिधित्व गर्छ।**

र पिटाइ खानेहरूको सङ्ख्या क्रमश: ३५६ र ३२० छ।

शिक्षकमाथि देशव्यापी रूपमा भएका साना-ठूला ज्यादतीहरूको आधिकारिक विवरण पाउन कठिन छ। अङ्गभङ्ग भएका शिक्षकहरूको पछिल्लो अवस्था र विस्थापितहरूको स्थिति मात्रै हैन, अहिलेसम्म मारिएका शिक्षकको नाम, ठाउँ र तिथिमिति पनि शिक्षा मन्त्रालय र शिक्षकका युनियन तथा संघ-सङ्गठनहरूसँग उपलब्ध छैन।

## अझै असुरक्षित

२०४१ सालदेखि धनुषा बटेश्वरको शिवशक्ति माविमा पढाइरहेका महोत्तरीका हस्तबहादुर थापा र उनकी श्रीमती मधेश आन्दोलनपछि त्यहाँ बस्न सकेनन्। काज स्वीकृत गराएर उनीहरू क्रमश: काभ्रे र भक्तपुरका विद्यालयमा





**माओवादीद्वारा मारिएका गोर्खाका शिवप्रसाद अधिकारी र जाजरकोटका जयबहादुर रावल।**

किरण पाण्डे



शिक्षकहरूको सुरक्षाको माग गर्दै काठमाडौंमा ।

> "शिक्षकलाई मानसिक वा शारीरिक रूपमा समाप्त नपार्दासम्म आफ्नो अस्तित्व र वर्चस्व स्थापित गर्न असम्भव देखेर नै माओवादीले शिक्षक विरुद्ध भौतिक कारबाहीको अभियान चलाएको ठहर एकथरि विश्लेषकमा पाइन्छ ।"

सरुवा भएका छन् । ४ पुसमा नेपाल शिक्षक युनियनको केन्द्रीय कार्यालयमा भेटिएका थापाले भने, "धम्की दिन थाले, ज्यानकै सुरक्षा नभएपछि हिँड्न कर लाग्यो ।" हस्तबहादुर जस्ता थुप्रै शिक्षकहरू अहिले मधेशबाट पलायन भइरहेका छन् । शिक्षक युनियनका अध्यक्ष केशवप्रसाद भट्टराईका अनुसार करीव ३ सय जना शिक्षक तराईबाट विस्थापित भएर पहाडी जिल्ला र काठमाडौं उपत्यकामा आइसकेका छन् ।

तराईको राजनीतिक आन्दोलनसँगै विस्तार भएको हिंसाबाट ६ महिनायता तराईमा तीन जना शिक्षक मारिइसकेका छन् । त्यहाँ पहाडी मात्र हैन, मधेशी मूलका शिक्षकहरू पनि सुरक्षित महसूस गर्न पाइरहेका छैनन् । साउनको अन्त्यमा सिरहाका सूर्यनारायण यादव र भदौ २४ गते अरुण कुमार श्रेष्ठ 'अज्ञात समूह'को नाममा मारिए भने असोज २२ गते महोत्तरीका नागेन्द्र यादवको पनि त्यसैगरी हत्या भएको थियो ।

"म अहिलेसम्म जिउँदै रहेको राज्यले सुरक्षा दिएर हैन, कसैले नमारेर मात्र हो" भन्ने नेपाल शिक्षक युनियनका अध्यक्ष केशवप्रसाद भट्टराईको अभिव्यक्तिले सुरक्षा व्यवस्था र आम शिक्षकको मनोभावनालाई धेरै हदसम्म प्रतिनिधित्व गर्छ । आपराधिक गतिविधि व्याप्त मधेश मात्र हैन, तुलनात्मक रूपमा शान्त देखिएको पहाडी र हिमाली क्षेत्रमा पनि शिक्षकहरू अहिले पनि ढुक्कले विद्यालय जान पाइरहेका छैनन् । शिक्षक युनियनका अनुसार, अहिले पनि धेरैजसो पहाडी जिल्लामा माओवादीका अतिरिक्त विभिन्न जातीय र क्षेत्रीय समूहका कार्यकर्ताको चन्दा आतङ्क उस्तै छ । शिक्षकका यस्ता समस्याप्रति सरकार, राजनीतिक दलहरू र नागरिक समुदायमध्ये कसैमा पनि विशेष चिन्ता-चासो भने पलाएको देखिँदैन ।

### असुरक्षाको कारण: शिक्षकको प्रभाव

आखिर किन यतिविघ्न असुरक्षित छन् शिक्षक? शिक्षकले शारीरिक र मानसिक रूपमा असुरक्षित महसूस गर्दा समाजलाई कस्तो असर पर्छ वा परिरहेछ भन्ने बारे नियोजित ढङ्गले नेपाली शिक्षक मारिन थालेको एक दशकपछि पनि व्यवस्थित अध्ययन-अनुसन्धान भएको छैन । सार्वजनिक भएका घटनाहरूको प्रवृत्तिगत विश्लेषण गर्दा, द्वन्द्वरत पक्षहरूले शिक्षकलाई सकेसम्म आफ्नो पक्षमा उपयोग गर्ने, नसके उसमाथि प्रहार गर्ने गरेको पाइन्छ । अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को मानवअधिकार वर्ष पुस्तकका सम्पादक योगीश खरेल भन्छन्, "गाउँमा प्रभाव जमाएर बसेको र वैचारिक रूपमा समाजको अगुवाई गरेकाले तिनीहरूलाई विस्थापित गरेर मात्र आफ्नो

राजनीतिलाई स्थापित गर्न सकिन्छ भनेर उनीहरूले यसो गरेका हुनसक्छन् ।"

विगतमा माओवादीहरू शिक्षकमाथि बढी खनिनुका विभिन्न कारण र अनुमानहरू अगाडि सार्ने गरिएका छन् । एकथरीको विचारमा शिक्षकहरू प्रजातन्त्रको पक्षमा बलियोसँग उभिनु नै त्यस्तो आक्रमणको प्रमुख कारण हो । विगतको प्रतिनिधिसभा र राष्ट्रियसभा अनि अहिलेको अन्तरिम व्यवस्थापिका संसदमा कुनै बेला शिक्षक भएकाहरू ठूलो सङ्ख्यामा सांसद भएर आएका छन् । २०४८ सालपछि शिक्षकहरू मूलत: काङ्ग्रेस र एमालेको प्रतिनिधिका रूपमा गाउँ-गाउँमा सक्रिय थिए । त्यस्ता शिक्षकलाई मानसिक वा शारीरिक रूपमा समाप्त नपार्दासम्म आफ्नो अस्तित्व र वर्चस्व स्थापित गर्न असम्भव देखेर नै माओवादीले शिक्षक विरुद्ध भौतिक कारबाहीको अभियान चलाएको ठहर एकथरी विश्लेषकमा पाइन्छ ।

आपसी द्वन्द्वको घडीमा माओवादी र सुरक्षाकर्मीले एकअर्काबाट आफू अति नै असुरक्षित महसूस गरेका कारण हत्या-हिंसाका घटना व्यापक हुँदाको मारमा शिक्षकहरू परेका हुन् भन्ने मान्यता पनि धेरैमा पाइन्छ । द्वन्द्व र यातना पीडितहरूलाई मनो-सामाजिक उपचार दिँदै आएका डा. विदुर वस्ती भन्छन्, "जो मानिस आफू धेरै असुरक्षित महसूस गर्छ, उसले सबैलाई शङ्काको नजरले हेर्छ । उसका सबै गतिविधि यही मनोविज्ञानमा आधारित हुन्छन् ।" शिक्षक दुवैतिरको मारमा पर्दै जानुमा त्यही मनोविज्ञानले पनि काम गरेको हुनसक्छ ।

त्यसबाहेक, नियुक्ति प्रक्रियादेखि सेवास्तर वृद्धि र वृत्ति विकासमा कुनै प्रभावशाली दलसँग नजिक हुने शिक्षकहरूको 'गैर शैक्षिक गतिविधि' ले पनि उनीहरूलाई अप्ठ्यारोमा पारेको हुनसक्ने आकलन शिक्षाविद् डा. विद्यानाथ कोइरालाको छ । उनी भन्छन्, "शिक्षकहरू सत्ता र राजनीतिक दलका खेलौना बने । शुद्ध शिक्षक बन्न सकेनन् । त्यसैले शिक्षकलाई राज्य वा विद्रोही दुवैले शुद्ध शिक्षकका रूपमा होइन, राजनीतिक सम्बद्धताका आँखाले हेरे र सोही अनुसार व्यवहार गरे ।"

शिक्षक युनियनका अध्यक्ष भट्टराई चाहिँ शिक्षक मारिनु वा उसमाथि आक्रमण हुनुको मुख्य कारण समाजमा उसको प्रभाव र वर्चस्व नै हो भन्ने ठान्छन् । *(हे. अन्तर्वार्ता सँगैको पृष्ठमा)* भट्टराईको भनाइमा, विद्रोही पक्षले आफ्नो उपस्थितिमा बाधक ठानेका शिक्षकहरूलाई हटाएर त्यहाँ आफ्नो वर्चस्व स्थापित गर्न खोज्यो । त्यसक्रममा जो जो शिक्षकहरू बाधक देखिए, तिनीहरू या त मारिए वा अङ्गभङ्ग भए या विस्थापित भए । शिक्षा मन्त्रालयका सचिव बालानन्द पौडेल पनि भट्टराईको विचारसँग सहमति व्यक्त गर्छन् ।

यसरी एउटा शिक्षकले आफूलाई असुरक्षित ठान्दाको सोझो प्रभाव स्वाभाविक रूपमै विद्यार्थीको शैक्षिक विकासमाथि पर्छ । आफैं असुरक्षित मनस्थितिमा रहेको शिक्षक सिर्जनशील, प्रेरक र उत्साही हुन नसक्ने मात्र हैन ऊ स्वाभाविक व्यवहार गर्न र राम्ररी पढाउन पनि असक्षम हुन्छ । द्वन्द्वका क्रममा कैयौं विद्यालयहरू थुप्रै दिनसम्म खुलेनन्, जति खुले त्यतिबेला पनि शिक्षक र विद्यार्थी दुवै त्रसित मनस्थितिमा पढ्न-पढाउन बाध्य भए । शिक्षाविद् कोइराला भन्छन्, "त्यस्तो अवस्थामा पढाउने र सिक्ने वातावरण नै राम्रो हुँदैन ।" यसको परिणाम समुदायमा प्रतिष्ठित व्यक्तिका रूपमा रहेका शिक्षकको असुरक्षित र

## साझा तथ्याङ्क छैन

किरण पाण्डे



शिक्षकहरू क्रमबद्ध हिसाबले मारिन थालेको ११ वर्षपछि पनि मारिएका शिक्षकहरूको भरपर्दो विवरण शिक्षा मन्त्रालयसँग छैन । मन्त्रालय भित्र यससम्बन्धी जिम्मेवारी बोकेको विद्यालय प्रशासन शाखाका उपसचिव अशोक अर्यालसँग जानकारी माग्दा उनले भने, "यससम्बन्धी खास जानकारी हामीसँग रहेनछ ।" शिक्षा मन्त्रालयले यति गम्भीर विषयमा पनि किन ध्यान नदिएको त भन्ने प्रश्न गर्दा झण्डै १२ वर्षसम्म सो शाखाको प्रमुख रहेर हालैमात्र अवकाश पाएका उपसचिव रामप्रसाद बस्यालको जवाफ झनै उदेकलाग्दो थियो । उनले *शिक्षक* सँग भने "पञ्चायतकालमा शिक्षकको एक एक जानकारी मन्त्रालयमा राख्न लगाइन्थ्यो । प्रमुख जिल्ला अधिकारी र जिल्ला शिक्षा अधिकारीले आपसी समन्वय गरेर गृह र शिक्षा मन्त्रालयमा नियमित रूपमा रिपोर्ट बुझाउने चलन थियो । बहुदलयता यस्तो जानकारी माग्नै छाडियो ।" मन्त्री र सचिवले यस्तो जानकारी नमागेकाले र सोसम्बन्धी विशेष जिम्मेवारी नदिएकाले मन्त्रालयमा यससम्बन्धी व्यवस्थित अभिलेख नभएको भन्ने पनि उनको कथन थियो ।

मन्त्रालयको यस्तो लापरबाही अहिले उसैलाई पनि समस्या बनेको छ । सरकारले द्वन्द्वबाट विस्थापित र अङ्गभङ्ग भएकालाई पुनर्स्थापित र राहत दिन शिक्षा मन्त्रालयसँग त्यस्ता शिक्षकहरूको विवरण मागेको छ । तर मन्त्रालयसँग त्यस्तो विवरण छैन । उसले 'जताबाट भए पनि खोजखाज गरेर तथ्याङ्क ल्याउन' शिक्षा विभागलाई अह्राएको छ । शिक्षकहरूको छाता संस्था नेपाल शिक्षक युनियनसँग पनि यस्तो विवरण छैन । "हामीसँग पनि व्यवस्थित र अद्यावधिक जानकारी छैन" शिक्षक युनियनका अध्यक्ष केशवप्रसाद भट्टराई स्वीकार गर्छन् ।

मारिएका शिक्षकहरूको तथ्याङ्कमा पनि एकरुपता छैन । युनियनले द्वन्द्वमा मारिएका १ सय ८१ जना शिक्षकहरूको नामावली तयार पारेको छ । उता माओवादीको भ्रातृ संस्था अखिल नेपाल शिक्षक संघका अध्यक्ष गुणराज लोहनी राज्यबाट मात्र ३ सय ५१ शिक्षक मारिएको तथ्याङ्क आफूसँग भएको दाबी गर्छन् । अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को अभिलेखमा चाहिँ माओवादी विद्रोहको अवधि भर राज्यले ५८ र माओवादीले ८६ गरी १ सय ४४ जना शिक्षक मारिएको तिथिमितिसहितको विवरण अङ्कित छ ।

अस्वाभाविक अवस्थाले समाजलाई कालान्तरसम्म प्रभावित तुल्याउने स्पष्ट छ ।

शिक्षक माथि हमला हुँदा चर्को मार उसैको परिवारमा पनि परेको छ । 'सुराकी गरेको' आरोपमा २०५८ साल पुस २ गते माओवादीद्वारा उनकै घरआँगनमा मारिएका शिक्षक शिवप्रसाद अधिकारीकी श्रीमती चन्द्रकला भन्छिन्, "हामीलाई घरभित्र थुनेर माओवादीले बाहिर आँगनमा उहाँलाई कुटी-कुटी मारे । उहाँले 'मलाई अनाहकमा मारे नि' भनेको चित्कार म कहिल्यै भुल्न सक्दिनँ । त्यो सम्झँदा अहिले पनि छाती चिरिएर आउँछ ।" एकातिर कहिल्यै नपुरिने गहिरो मानसिक घाउ छ भने अर्कातिर पतिको अनुपस्थितिका कारण सृजित आर्थिक दुराबस्थाको बेग्लै कारुणिक व्यथा छ । उनी भन्छिन्, "मलाई आफूले दुईछाक खान नपाउँदा भन्दा पनि छोराछोरीले 'भोक लाग्यो' भन्या बेला खानेकुरा दिन नसक्दा मुटु नै भक्कानो परेर आउँछ ।" माओवादीले गाउँ छाड्न दबाब दिएपछि दुईजना स-साना बच्चासहित राजधानी आएकी चन्द्रकलालाई अहिले हातमुख जोर्न र बच्चाबच्ची पढाउन धौ-धौ परिरहेको छ । यस्तै कथा-व्यथा बोकेर राज्य र विद्रोही पक्षबाट मारिएका/बेपत्ता बनाइएका सयौँ शिक्षकका श्रीमती, बाबुआमा र बालबच्चा आज बाँचिरहेका छन् ।

### शिक्षक : एक्लै सुरक्षित हुँदैन

शिक्षकलाई आफू मानसिक-शारीरिक रूपमा पूर्ण सुरक्षित

# शिक्षक भएकै कारण मारिएका हुन्



**बालानन्द पौडेल**
**शिक्षा सचिव**

**शिक्षा मन्त्रालयको तथ्याङ्क अनुसार माओवादीको 'जनयुद्ध' कालमा कति शिक्षक मारिए ?**

मसँग यतिखेर त त्यो तथ्याङ्क हातमा छैन । तर डेढसयदेखि पौने दुई सयको हाराहारीमा शिक्षक मारिएका छन् ।

**शिक्षा क्षेत्रको सम्पूर्ण जिम्मेवारी बोकेको शिक्षा मन्त्रालयसँग द्वन्द्वमा मारिएका र अङ्गभङ्ग भएका शिक्षकको तथ्याङ्क त हुनैपर्ने हैन र ?**

पक्कै हो । हामी त्यस दिशामा काम गरिरहेका छौँ । त्यो जिम्मेवारी शिक्षा विभागलाई दिइएको छ, उसले यससम्बन्धी काम गरिरहेको छ ।

**राजनीतिक द्वन्द्वमा शिक्षकहरू नै किन निशाना बनाइएका होलान् ?**

यसबारेमा अध्ययन भएको प्रतिवेदन मैले देखेको छैन । व्यवस्थित अध्ययन हुने हो भने यसका ठोस कारणहरू पत्ता लाग्थे । तथापि, गाउँको बुद्धिजीवी र ठाठोबाठो मानिस हो शिक्षक । गाउँलाई सञ्चालन गर्नमा उनीहरूको महत्त्वपूर्ण हात रहन्छ । समाजलाई नेतृत्व दिने मानिस भएकै कारण उनीहरूलाई निशाना बनाइएको हुनुपर्छ ।

**आफ्ना शिक्षकहरू मारिनुको कारण पत्ता लगाई त्यसको निराकरण गर्न मन्त्रालयले अध्ययन गर्नु/गराउनुपर्ने होइन र ?**

हो । साधन र स्रोतले भ्याएसम्म यो काम हामी निकट भविष्यमै गराउने पक्षमा छौँ ।

**शिक्षकहरू मारिन थालेको १० वर्षपछि पनि अद्यावधिक तथ्याङ्क नहुनुले शिक्षा मन्त्रालय शिक्षकको सुरक्षाप्रति संवेदनशील छैन भन्ने अर्थ लाग्दैन ?**

संवेदनशील छैन भन्न त मिल्दैन । विगतमा अध्ययनको आवश्यकताको अनुभूति मन्त्रालयको नेतृत्वमा बस्ने साथीहरूले नगरेका हुनसक्छन् । कामु सचिवका रूपमा रुण्डै एक वर्षअघि म यस मन्त्रालयमा आएको हुँ । त्यसयता शिक्षक साथीहरूका कुरा सुन्दा एकाधमा त्यस्तो अनुभूति रहेको पाएँ । समग्र सुरक्षा व्यवस्था राम्रो हुन नसक्दा शिक्षकले सुरक्षित महसूस गर्न नसकेका हुन सक्छन् । तर मन्त्रालयले केही पनि गरेन भन्न त मिल्दैन । शिक्षकहरूको हत्यामा दु:ख व्यक्त गर्ने, विरोध गर्ने, राहतस्वरुप केही रकम दिने र सुरक्षाको लागि सम्बन्धित मन्त्रालयमा विभिन्न पहलहरू गरेको छ ।

**मारिएका शिक्षकका परिवारलाई रु.५ लाख दिन पनि सरकारले सक्दैन ?**

सरकारले मारिएका शिक्षकको परिवारलाई डेढ लाख रुपैयाँका दरले राहत उपलब्ध गराएको छ । यो रकम कम भयो भन्ने तपाईको आसयसँग म सहमत छु । तर सरकारको आर्थिक स्रोत पर्याप्त नहुनाले गर्दा यति रकम दिइएको हो । शिक्षकका सन्तानलाई सन्ततिवृत्ति दिने पनि गरिएको छ । शिक्षकको परिवारलाई आर्थिक रूपमा सुरक्षित तुल्याउने सन्दर्भमा मात्र सरकारले शिक्षकको बीमा गर्ने नीति अगाडि सारिसकेको छ ।

**समाजको पथप्रदर्शक मानिने शिक्षक मारिँदा त्यसको विरोधमा सिङ्गो समाज जसरी उठ्नुपर्ने हो, त्यस्तो केही पनि देखिँदैन । शिक्षकको नैतिक धरातल क्रमश: खस्कँदै गएकाले त्यस्तो भएको हो भनिन्छ नि !**

३० वर्षअघि समाजमा शिक्षकलाई जसरी पुजिन्थ्यो, त्यो अवस्था आज छैन । समय अनुसार मूल्यमान्यता पनि बदलिँदै गएका छन् । तर शिक्षकको नैतिक धरातल कमजोर भएकाले मारिएका हुन् भन्न मिल्दैन। फेरि; राजनीतिक हत्यालाई शिक्षकको नैतिक धरातलसँग जोड्न पनि मिल्दैन ।

**शिक्षकलाई सुरक्षा दिन शिक्षा मन्त्रालयले केही पहल गर्दैछ कि ?**

व्यक्तिगतस्तरमा सुरक्षा दिन संभव हुँदैन । समग्र सुरक्षा वातावरण नै राम्रो बनाउनुपर्छ । त्यो दिशामा सरकारले काम गरिरहेको छ ।

**शिक्षा सचिवको कुर्सीमा बसेर शिक्षक मारिएको कुरा सुन्दा कस्तो लाग्दोरहेछ ?**

एकदम पीडा हुँदोरहेछ । म आफ्नो तर्फबाट के गर्न सक्छु भन्नेमा बढी चिन्तित र क्रियाशील हुने गरेको छु ।

छु भन्ने अनुभूति गराउन सक्नु आजको पहिलो खाँचो देखिन्छ । तर त्यस्तो अवस्था सिर्जना गर्न कम चुनौतीपूर्ण छैन । केही राजनीतिक व्यक्तिलाई राज्यले सुरक्षाकर्मी उपलब्ध गराए जैं गर्न शिक्षकको हकमा सम्भव र व्यावहारिक दुवै हुँदैन । यथार्थमा शिक्षकले त्यतिबेला मात्र सुरक्षित महसूस गर्न सक्छन् जतिबेला आम नागरिकले पनि त्यस्तो अनुभव गर्न पाउँछन् । त्यस्तो स्थिति पैदा गर्ने एउटै उपाय हो- राजनीतिक विग्रहको शान्तिपूर्ण र जतिसक्यो छिटो समाधान, राज्यको चौतर्फी र प्रभावकारी उपस्थिति, सुदृढ सुरक्षा व्यवस्था र दोषीलाई दण्ड सुनिश्चित गर्ने विधिको शासन-प्रशासनको पुनर्वहाली । राजनीतिक समस्याको कारणले सिर्जित असुरक्षाको स्थितिलाई राजनीतिक समस्या हल गरेर समाधान गर्नुको विकल्प हुँदैन । तर त्यसो भनेर आपराधिक गतिविधि नियन्त्रण गर्न सुरक्षा अङ्गहरूले राजनीतिक समाधान नै पर्खिनुपर्छ भन्ने हुँदैन । सुरक्षा व्यवस्था मजबूत पार्न र आफ्नो उपस्थिति देशव्यापी बनाउनु राज्यको प्राथमिक कर्तव्य पनि हो । किनभने यो कार्य अरूबाट अपेक्षा गर्नै मिल्दैन ।

द्वन्द्व पीडित शिक्षक र तिनका परिवारलाई राज्य र समाजले उचित कदरसहित राहत उपलब्ध गराउनु- शिक्षकको खस्केको मनोबल उठाउने एउटा महत्त्वपूर्ण प्राथमिक उपाय हो । माओवादी पीडितले राज्यबाट धेरथोर राहत पाएको तर राज्यबाट पीडित भएकाले केही नपाएको गुनासो राज्य र विद्रोहीबीच शान्ति सम्झौता भएको एक वर्ष बितिसकेको अवस्थामा नाजायज भन्न मिल्दैन । माओवादी निकट शिक्षक संघका अध्यक्ष लोहनीको "सेना/प्रहरीबाट मारिएका शिक्षकका परिवारले पनि राज्यको तर्फबाट यथोचित राहत र क्षतिपूर्ति पाउनुपर्छ" भन्ने आग्रहको अब पनि राज्यले कदर नगर्नुको औचित्य देखिँदैन ।

सरकारले हालै घोषणा गरेको शिक्षक-बीमा कार्यक्रमले देशभरिका शिक्षकहरूमा आशाको सञ्चार गर्नुका साथै उनीहरूको मनोबल उकास्नमा उल्लेख्य सकारात्मक प्रभाव पार्न सक्छ । तर यस्तो कार्यक्रमले सम्पूर्ण शिक्षकलाई समेट्न सक्नुपर्छ । किनभने शिक्षक स्थायी होस् वा अस्थायी उसले पढाउने विद्यालय, विद्यार्थी र पाठ्यपुस्तकमा भिन्नता हुँदैन । विद्यार्थीको शैक्षिक-विकासमा दुवैको उत्तिकै योगदान रहने हुँदा स्थायी वा अस्थायी शिक्षकहरू योग्यता र मानसिक-शारीरिक हिसाबले पनि घटी-बढी हुन पाउँदैनन् । तसर्थ, बीमा, तालिम, दण्ड, पुरस्कार, प्रोत्साहन आदि वितरण गर्दा पनि सरकारले पढाउने जति सबै शिक्षकलाई समान व्यवहार गर्नै पर्ने हुन्छ । फेरि, कुनै स्थायी र अस्थायीको सवाल वा समस्या स्वयं शिक्षकबाट नभई सरकारको आफ्नो असक्षमता र अकर्मण्यताका कारण पैदा भएको तथ्यलाई पनि बिर्सन मिल्दैन ।

शिक्षक समाजका निम्ति हुन् । समाजको जिम्मेवारी वहन गरेबापत उनीहरूले राज्य वा अभिभावकबाट वेतन/पारिश्रमिक पाएका हुन्छन् । विद्यार्थीलाई असल शिक्षा दिई योग्य बनाउँछु भनी राज्य वा अभिभावकको नून खाएपछि त्यसको सोझो गर्नु एउटा शिक्षकको न्यूनतम कर्तव्य नै हुन आउँछ । तर, यसो भन्दैमा समाज, प्रेस, अभिभावक, राज्य आदि पक्षहरू शिक्षकप्रति निरपेक्ष र

> "शिक्षकहरू शुद्ध शिक्षक बन्न सकेनन् । त्यसैले शिक्षकलाई राज्य वा विद्रोही दुवैले शुद्ध शिक्षकका रूपमा होइन, राजनीतिक सम्बद्धताका आँखाले हेरे र सोही अनुसार व्यवहार गरे ।"

निष्पृह रहन मिल्दैन । सार्वजनिक विद्यालय र शिक्षाको आजको निराशाजनक अवस्था- शिक्षक र उसका क्रियाकलाप तथा गुनासा र आकाङ्क्षाहरूलाई समाज-अभिभावक-प्रेस-राज्य आदिले गरेको चरम बेवास्ताको प्रतिफल भन्दा अत्युक्ति हुँदैन । असल चरित्र प्रदर्शन गरी राम्ररी पाठ पढाउने शिक्षक र नेता, व्यापार, पैसा आदिको पछाडि दौडने उद्दण्ड चरित्रयुक्त जागिरेलाई राज्य, समाज, विद्यार्थी, अभिभावक आदिले भिन्न व्यवहार गर्न सक्नै पर्छ । जबसम्म असल र योग्य शिक्षकको कदर र अयोग्य एवं अवाञ्छित चरित्रयुक्तलाई तिरस्कार/दण्डित गर्न राज्य/समाज अग्रसर हुँदैन तबसम्म शिक्षकबाट देश-समाजले ठूलो अपेक्षा राख्न सक्दैन ।

तथापि, शिक्षक समुदायको मर्यादा, उपयोगिता र उत्पादनशीलता अभिवृद्धिका निम्ति प्रथम पहल गर्ने दायित्व भने शिक्षक र शिक्षक समुदायकै हुन्छ । आफ्नो भूमिका र दायित्वप्रति समाज तबमात्र जागरुक हुन्छ जब जागृत शिक्षकले उसलाई घच्घच्याउँछ । अर्थात्, शिक्षक समुदाय जागृत र परिवर्तन भएपछि नै समाज परिवर्तन हुन्छ ।

नेपालका शिक्षकहरूमाथि यता आएर लाग्ने गरेको सबैभन्दा ठूलो अपजस वा आरोप 'उनीहरू पार्टी/नेताको झोला बोक्ने कार्यकर्ता भए' भन्ने हो । तर यसनिम्ति शिक्षकहरू एक्लैको थाप्लोमा दोष थोपर्नु अन्याय हुन्छ । बितेका १७-१८ वर्षमा पालैपालो शासन-सत्ता चलाउने काङ्ग्रेस, एमाले, माओवादी, राप्रपा, सद्भावना पार्टी पनि यसनिम्ति कम जिम्मेवार छैनन् । तथापि, समाजको

> आफैँ असुरक्षित मनस्थितिमा रहेको शिक्षक सिर्जनशील, प्रेरक र उत्साही हुन नसक्ने मात्र हैन ऊ स्वाभाविक व्यवहार गर्न र राम्ररी पढाउन पनि असक्षम हुन्छ ।

टीका भट्टराई



# शिक्षक मजाकोटीका हत्यारालाई पनि उन्मुक्ति ?

सधैँ झैँ उनी त्यो दिन पनि विद्यालय गए, पढाए। तर छुट्टी भएपछि हाजिरकापीमा हाजिर नगरी घरतिर फर्किए। बाटोमा पर्ने सिन्दुरे गाउँका मीनबहादुर दुराको पसलमा खाजा खाएपछि उनी आफ्नै विद्यालयका प्रधानाध्यापक मनबहादुर दुराको घरमा पसे। तिहार मुखैमा आएकाले त्यहाँ उनले मागेको सापटी पैसा दिन प्रधानाध्यापक दुराले असमर्थता व्यक्त गरे। अनि उनी दुरासँगै रक्सी पिएर घरतिर हिँडे। त्यसको आधाघण्टा जतिपछि उनी बाटोबाटै बेपत्ता भए। आठ दिनपछि उनको लास घाँटी रेटिएको, आँखा झिकिएको, कान काटिएको, शरीरभरि नीलडाम भएको अवस्थामा नजिकैको जङ्गलमा फेला पर्‍यो।

यो लमजुङको सिन्दुरे गाविसको शोभा मन्दिर प्राथमिक विद्यालयका शिक्षक गोविन्द मजाकोटी (सार्की) को हत्या प्रसङ्ग हो। तिहार लाग्नु अघिल्लो दिन; २०६४ कात्तिक २२ गते विद्यालयबाट घर फर्किएका मजाकोटीको बीच बाटोबाटै अपहरण भएर हत्या भएको दुई महिना नाघ्दासम्म हत्यारा र हत्याको कारण अज्ञात नै रहेको छ। मजाकोटीका भाइ प्रेमको जाहेरीपछि घटनामा संलग्न भएको आशङ्कामा प्रधानाध्यापक मनबहादुर दुरा, सिन्दुरे गाविसका निवर्तमान अध्यक्षलगायत चार जनालाई प्रहरीले नियन्त्रणमा लिएको थियो। तर ठोस प्रमाण नभएको भन्दै प्रहरीले उनीहरूलाई तत्काल रिहा गर्‍यो।

मिलनसार र सहृदयी स्वभावका ३८ वर्षीय शिक्षक मजाकोटीको हत्यारा पत्ता लगाई कानूनी कारबाही गर्न उनका परिवारजन र गाउँले, शिक्षक युनियनलगायतका पेशागत सङ्गठनहरू तथा काङ्ग्रेस, एमाले र माओवादीले समेत माग गरेका छन्। तर हत्यारालाई कानूनको दायरामा ल्याउन प्रशासनले देखाउनुपर्ने जति चासो र तदारुकता नदेखाएकाले राजनीतिक दबाबका कारण प्रशासनले लत्तो छाडेको त हैन भन्ने आशङ्का उब्जिएको छ। यद्यपि प्रहरीले आफूहरूमाथि कुनै दबाब नआएको बताएको छ।

छिमेकको चन्द्रेश्वर गाविस घर भएका मजाकोटी १२ वर्षदेखि सो विद्यालयमा पढाउँदै आएका थिए। २०४५ सालमा शिक्षण पेशामा प्रवेश गरेका उनी कर्मशील र इमान्दार शिक्षकको रूपमा गाउँ-समाजमा चिनिन्थे। मजाकोटीको असमयमै अवसान भएपछि उनको परिवार बिचल्लीमा परेको छ। ७० वर्षका बृद्ध बाबु-आमाको लालनपालनदेखि ३ छोरी र छोराको स्कूलको पढाइको



बन्दोबस्तसम्मका खर्च मजाकोटीकै तलबबाट धानिँदै आएको थियो। "आम्दानीको एक मात्र स्रोत भनेको श्रीमान्को तलब मात्र थियो। अब त दुईछाक टार्न पनि नसकिने भो!" शोकाकूल अवस्थामा रहेकी श्रीमती बसुन्धराले भनिन्, "अब मैले कसरी छोराछोरीको स्कूलको खर्च धान्नु ?"

मजाकोटीको हत्याले लमजुङवासीलाई फेरि एकपटक मुक्तिनाथ अधिकारीको स्मरण गराएको छ। पाणिनी संस्कृत माविका प्रधानाध्यापक ४६ वर्षीय अधिकारीलाई २०५८ साल माघ ३ गते कक्षामा पढाइरहेको अवस्थामा माओवादीले जबरजस्ती निकालेर चन्द्रपाटाको खर्जगाउँ नजिकै उत्तीसको रूखमा झुण्ड्याएर गोली हानी मारेका थिए। माओवादीको 'जनयुद्ध' औपचारिक रूपमै समाप्त भएको झण्डै एक वर्षपछि त्यही शैलीमा कठोर यातना दिएर बीभत्स ढङ्गले अज्ञात पक्षद्वारा मजाकोटीको हत्या गरिएको छ। मुक्तिनाथ अधिकारीका हत्यारा जस्तै मजाकोटीका हत्याराले पनि उन्मुक्ति पाउन लागेको देखिँदैछ। दण्डहीनताको यस्तो निरन्तरताले समाजलाई अराजक र भयभीत त तुल्याएकै छ; समग्र शिक्षक समुदायको आत्मविश्वास घट्न जाँदा सिङ्गो शिक्षा क्षेत्रमै त्यसको नकारात्मक असर परिरहेको छ।

**आश गुरूङ, लमजुङ**

सचेत र जागरुक वर्ग भएको कारण यो अवगाल र अवस्थाबाट आफूलाई मुक्त पार्ने प्राथमिक दायित्व शिक्षक समुदायले वहन गर्नु जरुरी हुन्छ। युनियन, सङ्गठन, संघ, परिषद, आदि विभिन्न नाममा खोलिएका शिक्षकका पेशागत संघ सङ्गठनहरूले अब आफ्नो एउटा प्रमुख उद्देश्य शिक्षण पेशालाई अराजनीतिकरण गर्ने बनाउनु श्रेयष्कर हुन्छ।

शिक्षकको सामाजिक मर्यादा र शिक्षण पेशाको प्रतिष्ठा तब बढ्छ जब एउटा शिक्षक समाजमा विशुद्ध शिक्षकका रूपमा प्रस्तुत हुन्छ। शिक्षाका समस्या र सम्भावनाबारे देश-विदेशको अनुभव सँगालेका टिप्पणीकार विमल फुयाल भन्छन्, "शिक्षकसँग विचार हुन्छ, हुनु पनि पर्छ। तर उसले आफूलाई कुनै दलविशेषको कार्यकर्ताका रूपमा स्कूल वा समाजमा प्रस्तुत गर्नुहुँदैन। शिक्षक कुनै दलको कार्यकर्ता हुनुहुँदैन।"

समाजको एउटा जागरुक सदस्य भएका नाताले शिक्षण पेशा अपनाएका मानिसहरूलाई राजनीतिले आकर्षण गर्नु अनौठो पनि हुँदैन। तर फुयालले भनेझैँ राजनीति गर्न मन लाग्नेहरूले शिक्षण पेशा त्यागेर राजनीतिमा लागिदिनुपर्छ। यसो गर्दा राजनीतिक कार्यकर्ता र एउटा शिक्षकका बीचमा भेद छुट्टिन पाउँछ, शिक्षण पेशाको सम्मान/मर्यादा पुनर्स्थापित हुन पाउँछ।

# SAJHA EDUCATIONAL MATERIALS PROJECT (SEMP) 2064

A new series of school level textbooks from Sajha Prakashan for Educational Year 2008-09

**Why to use Sajha 'textbooks**

- Help raise the achievement level of your pupils.
- Help raise the standard of education. Help support national initiatives.

***Textbooks specially designed for your pupil.***

**Introduction to SEMP**

**1. Aim:** To raise the standard of education.

**2. Objective:** To provide different educational services to schools.

**3. Activities:** • Publishing different educational books and supplementary textbooks • Producing different teaching, learning materials • Conductng teachers training • Conducting workshops and seminars for educational personnel–teachers, principals/head-teachers and managers.

**4. Future Programme:** In the following years, it will be extended to cover all grades upto class 10.

**Additional benefits to schools**

1. A reasonable discount to all schools. 2. A free set of teachers' guide (TGs) 3. Opportunities for schools to participate in training, workshop and seminars. 4. Opportunity to meet and talk to the authors of the textbooks.

The following books are published for Academic Year 2065 V.S.

*'Sajha English Pre-primer to six* (English Series) *Advisors:* **Shreedhar Lohani, Rameshwar Adhikari**

Authors: **Laxmi Pathak, Krishna Niraula, Deepak Lama and Milina Tamrakar**

*Salient features:* • Scene setting • Reading • Vocabulary • Grammer • Let's Talk • Activities • Let's Enjoy

*'Enjoy Maths'* (Maths Series) *Pre-primer to eight by* **Dr. Shambhu Narayan Baidya** & **Christine Stone**

*Salient features:* Concepts introduced at the correct age, • Lots of practice using different methods, • Suitable for different abilities • Teachers' class activities fully described • Concepts of number, size, time, shape and weight fully integrated so that children gain a full understanding of difficult concepts, • Enjoyable, fun, motivating, • Encourages creative and independent thought, • Puzzles and games included, • Skill based with many opportunities for practice • Specially written for Nepali children.

*'Our Living World'* (Social Study Series) *by* **Bishwambhar Ghimire** and **Dr. Raja Ram Subedi**

*Salient features*: • Concept of social studies presented in integrated approach • Texts presented in logical and psychological order • Emphasis on practical activities • Suitable rhymes included to make learning fun and enjoyable • Helps pupils develop their creativity rather than imposition of facts through rote learning • Taken well care of pedagogical aspects • Illustrative • Demands active participation of both the pupils and teachers.

**Learning Science Pre-primer to five (Science Series)**

Authors: **Ganesh Bahadur Mali, Bimal Lal Shrestha** and **Durga Regmi**

*Salient features:* • Activity oriented • Skill based

■ observation ■ identification ■ experiencing ■ comparing ■ matching
■ naming ■ drawing ■ counting and finding out ■ ordering (seriation) ■ constructive skills

- Environment based learning • Gradation of concepts • Package programme with teachers' guide and other supporting materials, such as charts, posters, flashcards etc.

Contact:
**Sajha Prakashan**
Pulchowk, Lalitpur, Nepal,
Phone: 5521118, 5522132, 5521023

## अन्तर्वार्ता

# हत्याराले शिक्षकको विचार र प्रभावलाई मार्न चाहेका हुन्



**केशवप्रसाद भट्टराई**

**अध्यक्ष, नेपाल शिक्षक युनियन**

**केही महिनाअघि पत्रकार वीरेन्द्र साहको हत्या हुँदा समाजमा जुन खालको हलचल भयो, त्यहीबेला मारिएका लमजुङका शिक्षक गोविन्द मजाकोटी (सार्की)को प्रसङ्गले कतै तरङ्ग पैदा गरेको देखिएन, किन होला ?**

हामीले त्यो कायरतापूर्ण हत्याको घोर निन्दा र भर्त्सना गरेका छौं। विरोध सभाहरू पनि गरेका छौं। तर मिडियामा त्यसको 'कभरेज' कमै मात्र भयो। प्रचारप्रसार गर्ने र समाजको मुद्दा बनाउने प्रमुख माध्यम मिडियाले आफ्ना सहकर्मीको हत्याको मुद्दा जति उठायो, त्यसको चौथाइ भाग मात्र उठाइदिएको भए पनि गोविन्दजीको हत्या प्रकरण निक्कै ठूलो हुन्थ्यो होला।

**मिडियाले किन त्यसो गरेको होला त ?**

शिक्षक साथीहरूमाथि भएका हत्या, अपहरण, हमला जस्ता गम्भीर घटना, हाम्रा गतिविधि र विरोधलाई यहाँका प्रभावशाली मिडियाले खासै स्थान दिन चाहेको देखिँदैन। यसबाट हामीले मिडियालाई सही ढङ्गले व्यवस्थापन गर्न सकिरहेका छैनौं भन्ने अनुभूति भएको छ। जतिसुकै लोकतन्त्रका कुरा गरेपनि सामन्ती समाजमा झैं मिडिया मन्त्रीकै पछाडि मात्र दौडिएको अनुभूति हामीलाई छ।

**शिक्षकहरूको विरोध र आन्दोलन सशक्त नभएर मिडियाको ध्यान आकर्षित हुन नसकेको हो कि ?**

कक्षा बन्द गरेर विरोधमा नउत्रने नीति भएका कारण हामीले अहिलेसम्म विद्यालय बन्द गरेका छैनौं। हामीले विद्यालय बन्द नगरिकन दिएको दबाबलाई सरकार र मिडियाले हलुका ढङ्गले लिएका हुन् भने त्यसलाई देशको दुर्भाग्य र बिडम्बना नै ठान्नुपर्छ।

> **"शिक्षक समाजको प्रभावशाली मानिस भएकै कारणले तारो बनेको हो। किनकि समाजमा उसको रिक्तताबाट फाइदा उठाउन सकिन्छ भन्ने मार्नेहरूले ठाने। आफ्नो पक्षमा लागे ठीक नत्र कुनै पनि बेला ज्यान लिन सक्ने माओवादीको अत्याचारी सोचको मुख्य कारण शिक्षकको प्रभावबाहेक अरू के थियो त ?"**

**देशव्यापी सञ्जाल भएर पनि तपाईहरूको सङ्गठन सशक्त रूपमा अगाडि आउन नसकेको त हो नि !**

हो, त्यो कुरा म स्वीकार गर्छु। हामी जुन तदारुकताका साथ प्रस्तुत हुनुपर्थ्यो, त्यसो गर्न सकेका छैनौं।

**अस्थायी शिक्षकलाई स्वतः स्थायी गर्नुपर्ने मागको पक्षमा हड्ताल र आन्दोलनका कार्यक्रम गर्न सक्ने तर शिक्षकको बाँच्न पाउने अधिकारको रक्षा गर्न चाहिँ त्यस्तो आन्दोलन किन हुन नसक्ने ?**

माओवादीको हिंसात्मक विद्रोहका दौरान उनीहरू शिक्षकलाई मार्थे र लास उठाउन आउनेको समेत सफाया गरिदिने धम्की दिने गर्थे। सरकारद्वारा हुने हत्याको प्रकृति पनि त्योभन्दा फरक हुँदैनथ्यो। त्यसले जिल्लामा, गाउँघरमा ठूलो आतङ्क सृजना गर्थ्यो। मानिसहरूले हत्याको विरोधमा उभिनु वा त्यसको रिपोर्टिङ्ग गर्नु भनेको अक्सर मृत्युलाई निम्तो दिनु जत्तिकै जोखिमपूर्ण थियो। परिणामतः कतिपय ठाउँमा हामीले समस्यालाई स्थानीय आँखाबाट वस्तुगत रूपमा बुझ्न सकिरहेका थिएनौं, अझै छैनौं होला। त्यसले गर्दा पनि शिक्षक हत्याको जुन रूपमा सशक्त प्रतिरोध हुनुपर्थ्यो, त्यो हुन सकेन। अर्को कुरो, हाम्रो सङ्गठन शहरकेन्द्रित छैन। यो कुना-कुनासम्म फैलिएको छ। सङ्गठन जति ठूलो छ, खति, प्रतिशोध र आक्रमणको संभावना पनि त्यति नै बढी छ। सरकार अनुपस्थित, निरीह र लाचार रहेर बसेको बेलामा एउटा सुदूर गाउँमा मारिएको शिक्षकको बारेमा जिल्लाहुँदै केन्द्रमा खबर आइपुग्न लाग्ने समय, पुष्टि गर्ने प्रक्रिया आदिलाई व्यवस्थापन गर्न नसकेको तीतो अनुभव हामीसँग पनि छ। जहाँसम्म स्वतः स्थायीको सवाल छ, शिक्षक युनियनले कहिल्यै पनि यसको पक्षमा वकालत गरेको छैन। स्वतः स्थायीको पक्षमा नलागेको भनेर अस्थायी शिक्षक साथीहरू हामीसँग रिसाएको तपाईलाई पनि थाहा छ। सरकारले स्वतः स्थायी गरिदिन्छु भन्दा एउटा पेशागत संस्थाले नगर भन्दैन, भन्न सक्दैन त्यो स्वाभाविक हो।

**कक्षाकोठाको पढाइलाई अवरोध नहुने गरी पनि प्रभावकारी विरोधका कार्यक्रम ल्याउन सकिन्न र ?**

विद्यार्थीहरूको पढाइमा अवरोध उत्पन्न नहोस् भनेर हामीले विद्यालयको समयपछि शोकसभा र विरोध सभाहरू गरेका छौं। तर दिन ढल्किन लागेको बेला आयोजित हाम्रा शोकसभाहरू हुनुपर्ने जति प्रभावकारी भएनन्। मान्छे जति शोकमग्न या संवेदनशील भए पनि साँझ परेपछि सबैलाई घर जाने हतार हुँदोरहेछ।

**शिक्षक मारिएको खबरले आम मानिसमा कस्तो प्रतिक्रिया पैदा भएको पाउनुभएको छ ?**

शुरु-शुरुमा मानिसहरू निक्कै संवेदनशील भएको अनुभव गर्थें। तर हत्याको समाचार सुन्दा-सुन्दा मानिसहरूको संवेदनशीलता मरेछ वा के भएर हो, यता आएर खासै संवेदनशीलता प्रकट भएको पाउँदिनँ। मानिसहरूले यसलाई नियमित र स्वाभाविक घटनाका रूपमा स्वीकार गरेको पाउँछु। सबैभन्दा डरलाग्दो कुरा शायद भोलिको लागि यो नै हो।

**जति शिक्षक मारिइएका छन्, तिनीहरू शिक्षक भएकै कारणले मारिएका हुन् कि त्यो संयोग मात्र हो ?**

संयोग होइन; शिक्षक समाजको प्रभावशाली मानिस भएकै कारणले ऊ तारो बनेको हो। किनकि समाजमा उसको रिक्तताबाट फाइदा उठाउन सकिन्छ भनेर मार्नेहरूले ठाने। माओवादीले शुरुदेखि नै शिक्षकलाई अधिक तारो बनाउनुको मुख्य कारण पनि यही नै थियो। आफ्नो पक्षमा लागे ठीक नत्र कुनै पनि बेला ज्यान लिन सक्ने माओवादीको अत्याचारी सोचको मुख्य कारण शिक्षकको प्रभाव बाहेक अरू के थियो त? हालै मात्र मधेशमा तीन जना मधेशी शिक्षक मारिए। त्यसको मुख्य कारण थियो, उनीहरू त्यहाँका सशस्त्र हिंसाधारीको पक्षमा लागेनन्। अपवाद त जहाँ पनि हुन्छन्, एकाध मानिसहरू मात्र तपाईंले भने जस्तै संयोगवश, मारिएका हुनसक्छन्।

**समाजको अगुवा र प्रभावशाली व्यक्ति भएकाले शिक्षक मारिएका हुन् भने शिक्षकको सुरक्षा र हत्याको विरोधमा समाज किन नजुर्मुराएको ?**

आम मानिसहरूले विरोधमा साथ नदिएको भन्न मिल्दैन, दिएका छन्। बरु हामीले नै त्यो साथलाई सङ्गठित र सशक्त आवाजको रूपमा बदल्न सकेनौं। राज्य, सरकार र सबै राजनीतिक दल तथा नागरिक समाज अनुपस्थित रहेको ठाउँमा हामी अत्यन्त कमजोर भएको कुरा साँचो हो। हामीले जनतालाई सही ढङ्गले परिचालन गर्न नजानेको, नसकेको पनि हो।

**समाजमा शिक्षकको मर्यादा खस्किँदै गएकाले शिक्षकको पक्षमा सशक्त आवाज नउठेको हो कि ?**

त्यसो नहुनुपर्ने हो। किनकि शिक्षक पनि मानिस नै हो। एउटा मानिस मारिँदा अर्को मानिसलाई स्वाभाविक संवेदना त पक्कै पलाउँछ। यथार्थमा डर, त्रास र सङ्गठित रूपमा परिचालित हुन नसकेकाले नै सशक्त विरोध हुन नसकेको हो।

**शिक्षकको मर्यादा खस्कँदै गइरहेको छ भन्ने कुरा तपाई स्वीकार गर्नुहुन्न ?**

शिक्षकको नैतिक धरातल जति उच्च हुनुपर्ने हो, त्यति छैन। हामी शिक्षकहरू *प्रोफेसनल* नै हुनसकेका छैनौं। हामी यूनियनिज्म पनि सिक्दैछौं। राजनीतिज्ञ, प्रशासक, डाक्टर, इन्जिनियर, न्यायाधीश, वकिल, पत्रकारलगायत समाजका अरू वर्ग र पेशागत समुदायको तुलनामा शिक्षकको नैतिक धरातल निक्कै माथि छ भन्ने मेरो दावा छैन, तर अरूको भन्दा शिक्षकको नैतिक धरातल कमजोर पनि छैन।

> **"पहिलो वर्ष हामीले आफूले पनि राहतस्वरुप केही रकम दियौं। तर पछि यति धेरै शिक्षकहरूको हत्या हुन थाल्यो कि हाम्रो आर्थिक अवस्थाले त्यस्तो सहयोगलाई निरन्तरता दिन साथ दिएन। हाम्रो सङ्ठन पनि अस्तव्यस्त भयो।"**

**१२ वर्ष भइसक्यो शिक्षकहरू सङ्ठित रूपमा मारिन थालेको। अब त उनीहरूको सुरक्षाको बारेमा ठोस कदम चाल्न अपरिहार्य भएन र ?**

ढिला नै भइसक्यो। तर हामी राज्यको विकल्प दिन सक्दैनौं। सुरक्षाको जिम्मेवारी लिन हामीले राज्यलाई पटक-पटक दबाब दिएका छौं। हामीले गर्न सक्ने पनि शायद त्यति नै हो। सुरक्षाको सवालमा राज्यको विकल्प छैन, हुनै सक्दैन।

**मारिएका र अङ्गभङ्ग भएका शिक्षकको परिवारलाई क्षतिपूर्ति र राहतको व्यवस्था कत्तिको भएको छ ?**

हामीले जति गर्नुपर्थ्यो, त्यति गर्न सकेनौं। तर हामी हात बाँधेर अवश्य बसेका छैनौं। जतिबेला माओवादीले जनयुद्धका नाममा शिक्षकको हत्या गर्ने काम शुरु गरे, त्यतिबेला म शिक्षक संघको नेतृत्व तहमा थिएँ। सरकारबाट अरूलाई उपलब्ध गराएसरह राहत उपलब्ध गराएका थियौं। पहिलो वर्ष हामीले आफूले पनि राहतस्वरुप केही रकम दियौं। तर पछि यति धेरै शिक्षकहरूको हत्या हुन थाल्यो कि हाम्रो आर्थिक अवस्थाले त्यस्तो सहयोगलाई निरन्तरता दिन साथ दिएन। हाम्रो सङ्ठन पनि अस्तव्यस्त भयो।

शान्ति प्रक्रियाले एउटा बाटो लिएपछि ठोस रूपमा क्षतिपूर्ति दिलाउने प्रतिबद्धता हाम्रो रहेको छ। मुलुकमा पूर्ण रूपले शान्ति स्थापना भएपछि शिक्षकहरूको अन्तर्राष्ट्रिय सञ्जाललाई परिचालन गरेर समेत हिंसा र हत्याको शिकार भएका शिक्षक र शिक्षकका परिवारलाई राहत-कार्यक्रम सञ्चालन गर्ने सोचाइ रहेको छ।

**आजसम्म मारिएका शिक्षकका हत्यारालाई न्यायको कठघरामा उभ्याउन के गर्दै हुनुहुन्छ ?**

अहिले विगतको हिंसा-चक्रको कारक पार्टी नै सरकारमा पुगेको छ। सत्य निरुपण आयोग बनेर त्यसले दोषीहरू पहिल्याएर कठघरामा उभ्याउने परिस्थिति नबनुञ्जेल मारिएका शिक्षकमाथि न्याय हुन सक्दैन। माओवादी पक्षले मात्र होइन, सेना र प्रहरीले पनि शिक्षकको अमानुषिक हत्या गरेका छन्। तिनीहरू माथि पनि कारबाही हुनुपर्दछ। सत्य निरुपण आयोग बनेपछि पनि मानव-हत्याका दोषीहरू माथि केही भएन र पीडितले न्याय पाएनन् भने शान्ति प्रक्रिया र राज्यको औचित्य समाप्त भएको ठानेर हामी अन्तर्राष्ट्रिय अदालतलाई गुहार्न जानेछौं।

**– सुदर्शन**


## अनुभव

कमल दीक्षित



# छन्द पढाउँदा

**अरू शिक्षकले अवकाश लिने बेलामा, साठी वर्ष नाघेपछि मैले अचम्मसँग एउटा विद्यालयमा विद्यार्थीलाई छन्दका कविता वाचन गर्न सिकाउन प्रवेश पाएँ ।**




म शिक्षक हुन कहिल्यै पाइनँ । सकिनँ नै भनूँ । तर शिक्षण पेशा जहिल्यै पनि मेरो आदर्श रह्यो । किनभने ऊ बेला शिक्षकहरूको, गुरुबाबुहरूको सम्मान भएको देखेर त्यस्ता सम्मानप्रति म लालायित हुन्थें ।

अचेल शिक्षक भन्नाले अध्यापक प्राध्यापकहरूको अपमान भएको पनि मैले देखेको छु; तर त्यो अपवाद हो भन्ने मलाई लाग्छ । मेरो भित्री हृदयले यो पेशा अत्यन्त आदरणीय हो भन्ने मान्न छाडेको छैन ।

त्यस्तो पद र पेशा मेरा निम्ति आकाशको फल भैदियो । भएपनि, अरू गुरुबाबु; अध्यापकहरूले अवकाश लिने बेलामा, साठी वर्ष नाघिसकेपछि मैले अचम्मसँग एउटा विद्यालयमा प्रवेश पाएँ । धन्यवाद छ रातो बङ्गला स्कूललाई जसले मलाई त्यो मौका दियो । डाडूपन्यूँ हातमा भएका स्कूलका हर्ताकर्ता आफ्नै बुहारीहरू भएकाले मैले त्यो अवसर पाएको हुँ, तर पनि एउटा संयोगले मात्रै त्यो सम्भव भएको हो भन्ने मैले नसकारी सुख छैन । कुरैकुरामा एक दिन घरमा मैले लेखनाथका र भानुभक्तका केही श्लोक भटचाएको सुनेर स्कूलका प्रिन्सिपल र डाइरेक्टर, मिलन र शान्तालाई अचम्म लागेछ । यस्तो कविता पाठ गर्ने तरिका त रातो बङ्गला स्कूलका सानासाना छात्रछात्रालाई पनि सिकाउन सके राम्रो हुन्थ्यो भन्ने उनीहरूलाई लागेछ । उनीहरूले मलाई भने । मैले गरेर हुने भए दिनको एकडेढ घण्टा म स्कूलमा आएर त्यो सिकाइदिन्छु भनें । यसरी भएको हो मेरो स्कूल प्रवेश ।

पढाउन भनेर म रातो बङ्गला पसेको होइन, सिकाउन मात्र म त्यहाँ गएको हुँ केही दिनलाई । तर आज बाह्र वर्षपछिसम्म पनि म त्यही गर्दैछु । दुई कक्षादेखि माथि आठ कक्षासम्म मैले त्यहाँ सिकाएँ धेरै वर्ष । अहिले छ कक्षासम्म मात्र लिन्छु म, दुईदेखि छसम्म । पढाएको होइन सिकाएँ भन्नाको अर्थ के भने, नेपाली छन्द पाठ गर्न सजिलो छैन । अरू कविता वाचन गरेजस्तो छन्दका कविता वाचन गर्न सकिँदैन । सिक्नै पर्छ, जान्नै पर्छ । अरु एउटा छन्द पाठ गर्न जानेर पनि पुग्दैन । हरेक छन्दका लय फरक छन् । एक-दुई फेर नसुनी त्यो पाठ गर्न जानिँदैन । म त्यही नै आफूले वाचन गरेर सिकाउँछु ।

नेपाली छन्द भनिए तापनि वास्तवमा ती संस्कृतका छन्द हुन्। संस्कृतमा सयौँ प्रकारका छन्द छन्। तीमध्ये ३०-४० थरि छन्द मात्र प्रयोग हुन्छन् हाम्रो नेपालीमा। भानुभक्तभन्दा अघिदेखि नै यस्ता छन्द प्रयोग हुने गरेका हुन् नेपालीमा। त्यसै हुँदा संस्कृतका त्यस्ता छन्द पाठ गर्ने या पढ्ने हाम्रो आफ्नै शैली विकास भएर आएको छ। भनूँ, छन्द पाठ गर्ने हामी नेपालीको आफ्नै मौलिक परम्परा छ। तर यता अङ्ग्रेजी माध्यमका स्कूलहरू खुल्न थालेपछि भने हाम्रा विद्यार्थीहरू यस परम्पराबाट वञ्चित हुनथाले र नेपाली कविता पाठ गर्ने कला विलुप्तप्राय: भयो। साथै सरकारी स्कूलमा पनि यो कला विलीन भयो।

एउटा संजोगले भनौँ, रातो बङ्गला स्कूलले त्यो प्रथा, त्यो परम्परा पुन:स्थापित गऱ्यो अनि त्यसको माध्यम म हुनपुगेँ। मलाई आत्मसन्तोष छ। त्यो आत्मसन्तोष हुनाको मुख्य कारण चाहिँ ती सानासाना विद्यार्थीहरूबाट मैले पाएको माया र ममता नै हो। रातो बङ्गला स्कूलको कक्षा दुईमा पहिलो चोटि पुग्दा ती ७/८ वर्षका नानीहरूले यसमा चाख लेलान् भन्ने मलाई त्यति विश्वास थिएन। नेपाली कवितामा उनीहरूको स्वाद बस्ला र उनीहरूलाई यसप्रति आकर्षित गराउन सकिएला भन्नेमा मलाई आत्मविश्वास थिएन। तर अचम्मै भयो, मैले सजिलोसँग लय हालेर पढेका कविताहरू उनीहरूले मन पराए। ध्यान दिएर सुने मात्रै होइन स्वाद लिएर आफैँ 'गाउन' पनि थाले। म त रातारात 'पपुलर टिचर' हुनपुगेँ रातो बङ्गला स्कूलमा। त्यो देखेर स्कूलले पनि त्यो क्लासलाई निरन्तरता दियो। पाठ्यक्रममा नभएर पनि छन्दका कविताको क्लास रातो बङ्गला स्कूलको एउटा अविभाज्य अङ्ग नै हुनपुग्यो। अहिलेसम्म छ त्यो।

सिकाउने र पढाउनेमा मैले यहाँ फरक देखाएँ र म पढाउँदिन सिकाउँछु भनेर धेरै पटक दोहोऱ्याएँ। त्यो मैले नम्र देखिनलाई भनेको होइन, वास्तविकता हो। नेपाली वार्णिक छन्द पाठ गर्नलाई ह्रस्व दीर्घ र खुट्टा काट्ने र नकाट्ने अक्षरको हेक्का राख्नुपर्छ भनेर सिकाउँछु म। त्यति हो। तर त्यो 'त्यति' मा सकिँदो रहेनछ। मैले टिचर्स ट्रेनिङ कोर्समा रातो बङ्गला स्कूलमा तालिम लिइरहेका 'गुरुबाबु गुरुआमा'हरूको पनि क्लास लिनुपर्छ कहिलेकाहीँ। उहाँहरूले पनि छन्द वाचन गर्न नसकेपछि मैले भन्ने गरेको छु- 'तपाईंहरू शब्दको लघु गुरु र अच् तथा हल्को ख्याल राख्नुस् छन्द पाठ गर्न सकिन्छ।' कोशिश गरे उनीहरूले तर सकेनन्, सक्दै सकेनन्। अनि पछि मैले बोर्डमा लेखेर, आफैँले सँगसँगै पाठ गरेर सिकाउनु पऱ्यो। हरेक पटक टिचर्स ट्रेनिङका प्रशिक्षार्थीहरूको क्लास लिँदा यस्तै पर्छ मलाई।

त्यसभन्दा सजिलो त सानासाना विद्यार्थीहरूलाई सिकाउँदा हुन्छ। आफूले एक-दुई पटक भनिदिएपछि उनीहरू छन्दको लय समातिहाल्छन्, अनि खुरुखुरु पाठ गर्न थाल्छन्। पहिलेपहिले तोटक, इन्द्रवज्रा, उपेन्द्रवज्रा र विस्तारै मन्दाक्रान्ता अनि शार्दूलका श्लोकहरू मजाले पाठ गर्न सक्छन् उनीहरू। 'गीत गाएको होइन यो' भनेर सतर्क गराउनुपर्छ मैले कहिलेकाहीँ। कुनै कुनै विद्यार्थीको गला नै मीठो हुन्छ, सङ्गीतको पनि अलिअलि ज्ञान हुँदोरहेछ, उनीहरूले स्वभावत: अरूभन्दा मीठोसँग कविता पाठ गर्छन्। तर तिनीहरूको गायकीले अरूलाई निरुत्साहित नपारोस् भनेरै मैले बढी चनाखो हुनुपर्छ। स्कूलका अरू शिक्षक शिक्षिकाहरूलाई पनि मैले त्यसतिर सचेत गराउनुपर्छ निकै पटक।

> **म जस्तो अलिकति कविता सिकाउनेले त असल विद्यार्थीको यसरी स्नेह पाउँदोरहेछु भने साँच्चै पढाउने शिक्षकलाई कस्तो गर्लान् यिनीहरूले भन्ने लाग्छ। त्यस्तो बेला मलाई शिक्षण पेशा अँगाल्न नपाएकोमा चुक्चुकी लाग्छ।**

छन्द पाठ या छन्द वाचन गर्ने कलामा मेरा विद्यार्थीहरू कति पोख्त भइसकेका छन् भने आर्या र पृथ्वी जस्ता निकै गाह्रो छन्दका कविताहरू पनि अलि माथिल्ला कक्षाका विद्यार्थीहरूले मजाले पाठ गरिदिन्छन्। त्यस्तो कविता पाठ सुन्दा पाहुना बनेर आएका नेपाली प्राध्यापकहरू पनि अचम्म मान्छन्। उनीहरू त्यसरी प्रभावित भएको देख्दा आफैँलाई आनन्द लाग्छ। केही गर्न सकिएछ भनेर गौरवबोध हुन्छ।

बाहिरकाले मलाई कैलेकैले सोध्छन् 'दीक्षितजी, तपाईं जस्तो वयोवृद्ध मान्छे यसरी किन खट्नुहुन्छ?' मैले भन्ने गरेको छु 'म खटेकै छैन, म त रमाइरहेको छु।' सत्य कुरा हो त्यो। रमाउनेभन्दा पनि त्यसरी रोजै कविता पाठ गर्दा निकै लाभदायक प्राणायामको अभ्यास पनि हुन्छ भन्ने कुरा चाहिँ म गोप्य राख्दछु, भन्दिनँ। स्कूलका सानासाना क्लासका विद्यार्थीहरूले 'दादाको क्लास' प्रति देखाएको प्रेम र उत्सुकताले मलाई ऊर्जा दिन्छ (मलाई दादाजी भन्ने चलन छ, यो स्कूलमा)। कहिलेकाहीँ एक दुई हप्ता म क्लास लिन नगएको, मैले नभ्याएको बेला बच्चाहरू नेपाली क्लासका 'मिस'हरूलाई सोधिरहँदा रहेछन्: 'दादाजी किन नआएको, कैले आउनुहुन्छ?' भनेर। अनि 'मिस'हरू मलाई पिट्टा दिनुहुन्छ र म पुग्छु। त्यस्तो बेला मलाई बडो आनन्द आउँछ। म केही कामलाग्दो कर्तव्य गर्दै रहेछु भन्ने लाग्छ मलाई। धेरै होइन त्यो, तर केही त रहेछ नि भन्ने आत्मसन्तोष हुन्छ मलाई। मैले शुरु-शुरुमा कविता पाठ गर्न सिकाएका विद्यार्थीहरू अहिले ठूला भइसके, अनेकथरि पेशामा लागिसकेका पनि छन् कुनै। तिनीहरूले मलाई चिनेको, सम्झेको र सम्मान देखाएको देख्दा गौरवबोध हुन्छ। अरु, कुनै कुनैले त १२ वर्षअघि कण्ठ पारेको कविताका केही पंक्ति पनि सुनाउँछन्। अनि छाती नाङ्ला जत्रो हुन्छ।

म जस्तो अलिकति कविता सिकाउनेले त असल विद्यार्थीको यसरी स्नेह पाउँदोरहेछु भने साँच्चै पढाउने गुरुबाबु गुरुआमाहरूलाई कस्तो गर्लान् यिनीहरूले भन्ने लाग्छ। अनि त्यस्ता शिक्षकहरूप्रति डाह लाग्छ, ईर्ष्या हुन्छ मलाई। त्यस्तो बेला मलाई शिक्षण पेशा अँगाल्न नपाएकोमा चुक्चुकी लाग्छ।

रिपोर्ट

डम्बरकृष्ण श्रेष्ठ

# बेलायती शिक्षक दम्पतीको जाँगर



**स्वयंसेवीको रूपमा मोरङमा कार्यरत यी बेलायती शिक्षक दम्पती भन्छन्– शिक्षकको महत्त्व सर्वप्रथम स्वयम् शिक्षक र नेपाली समाजले बुझ्नु जरुरी छ, राज्यले पनि शिक्षकलाई प्राथमिकताको उच्च सूचीमा पार्नुपर्छ ।**

बेलायती दम्पती डेभिड स्पाइनी (६१) र डेबोराह जोर्डन (५८) ७ महिनादेखि हरेक दिन साइकल चढेर मोरङ जिल्ला शिक्षा कार्यालय, शिक्षक तालिम केन्द्र र विभिन्न विद्यालयहरूमा पुग्छन् । उनीहरू ती ठाउँ धाउनुको मूल उद्देश्य आफूले जानेको शिक्षण सीप स्थानीय शिक्षकहरूलाई बाँड्नु हो । शिक्षकहरूको स्तर वृद्धिका लागि काम गरिरहेका यी बेलायतीहरू जिल्ला शिक्षा कार्यालय मोरङमा शिक्षा तथा शैक्षिक तालिम सल्लाहकारका रूपमा कार्यरत छन् । तीन वर्ष इथोपियामा काम गरेर नेपाल आएका यी दम्पती नेपालको शिक्षा क्षेत्रका लागि काम गर्न पाएकोमा खुशी छन् ।

बेलायतमा ४० वर्ष शिक्षण सेवामा बिताएका डेभिड लन्डनको द हेड्ली वेदर हाईस्कूलमा १० वर्ष प्रधानाध्यापक समेत रहिसकेका छन् । उनी हाल विराटनगरका तीन वटा सरकारी विद्यालयमा स्तरीय शिक्षाका लागि काम गरिरहेका छन् । ३३ वर्षदेखि शिक्षण पेशमा रहेकी उनकी श्रीमती डेबोराह भने पूर्वाञ्चलका मोरङ, सुनसरी, सङ्खुवासभालगायतका जिल्लाका शिक्षकहरूलाई दसमहिने शिक्षणकला सम्बन्धी तालिम सञ्चालनमा व्यस्त छिन् । शिक्षा-स्तर वृद्धि गर्न कार्यरत भोलेन्टरी सर्भिस ओभरसिज (भीएसओ) नामक अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामार्फत् स्वयंसेवकको रूपमा तीन वर्षका लागि उनीहरू नेपाल आएका हुन् । शिक्षक र विद्यार्थीहरूलाई प्रशिक्षण दिनुअघि

दुवै जना पहिले कक्षाकोठामै पुगेर त्यहाँको सिकाइ प्रक्रियाको अवलोकन गर्छन् र त्यहाँको अवस्था हेरेर आवश्यकता अनुसारको प्रशिक्षण दिन्छन् ।

डेबोराह २० वर्षअघि आफ्ना विद्यार्थीहरूसँग शैक्षिक भ्रमणका लागि पोखरा आएर एक महिना बसेकी थिइन् । डेभिड भने पहिलो पटक नेपाल आएका हुन् । पहिले घुम्न आउँदा नेपालको शिक्षाबारे सामान्य चासो मात्र रहेपनि अहिले आफूले यही काम गर्नुपर्ने भएकाले गहिरिएर अध्ययन गरेको डेबोराह बताउँछिन् । बेलायत र नेपालका स्कूलको तुलना गर्दै उनी भन्छिन्, "बेलायती शिक्षक र विद्यार्थी धेरै भाग्यमानी छन्, किनभने त्यहाँ प्रशस्त स्रोतसाधन छ तर, यहाँ धेरै समस्या छन् ।" तर इथोपियाको भन्दा नेपालको अवस्था खराब नभएकोमा सन्तोष मान्दै उनी थप्छिन्, "इथोपियाभन्दा त नेपालको शैक्षिक अवस्था धेरै नै राम्रो छ । यहाँका समस्याहरूलाई सिकाइका अलग प्रक्रिया अपनाएर हल गर्न सकिन्छ ।"

बेलायतमा ८० प्रतिशत विद्यार्थी सरकारी विद्यालयमा पढ्ने र ती विद्यालयको शैक्षिक स्तर राम्रो रहेको बताउँदै डेभिड भन्छन्, "तर, नेपालमा ठीकउल्टो छ । यहाँ शिक्षामा निक्कै ठूलो विभेद छ । यहाँ गरिबका छोराछोरी त सरकारी विद्यालयमा पढ्छन्, मध्यमस्तरका मान्छेले पनि आफ्ना छोराछोरीलाई सरकारी विद्यालयमा पढाउन चाहँदा रहेनछन् । यो जटिल चुनौती हो ।"

सरकारी विद्यालयहरूमा विद्यार्थीका अनुपातमा अपर्याप्त र साना कोठा हुने भएकाले पनि शिक्षकहरू प्रभावकारी हुननसकेको डेबोराह बताउँछिन् । विराटनगरको जनपथ माविको एउटै कक्षाकोठामा १३५ जना विद्यार्थी देखेका डेभिड भन्छन्, "शिक्षकले एउटा कुरा सोध्दा ५५ जना विद्यार्थी एकैसाथ चिच्याउँछन्, यस्तोमा शिक्षकले कसरी पढाउनु ?" तर, आफूहरूले प्रशिक्षण दिन शुरु गरेपछि विद्यालयको वातावरण र सिकाइ प्रक्रियामा धेरै सुधार आउँदै गएको उनको अनुभव छ । उनी भन्छन्, "पहिले जस्तो अवस्था छैन, विद्यार्थीहरूमा पालैपालो बोल्ने बानी बसेको छ ।" उनीहरुले शिक्षकहरूलाई रोचक ढङ्गले पढाउन र पुस्तकमा भन्न खोजिएको कुरा मुखले बोलेर मात्र नभई चित्र र व्यवहारबाट प्रस्ट पार्नेजस्ता सीप सिकाउने गरेका छन् । विद्यालयमा शिक्षक र विद्यार्थीका बीच नियमित छलफल र राउण्ड टेबुल गर्दा पनि कतिपय शैक्षिक समस्याहरू हल हुन थालेको डेभिड बताउँछन् । उनी भन्छन्, "अहिलेसम्मको प्रगति देख्दा हामी सफल हुन्छौँ भन्ने लागेको छ ।"

डेबोराहले भने तालिमका क्रममा धेरै शिक्षकलाई निराश पाएकी छिन् । उनी भन्छिन्- धेरै शिक्षक-शिक्षिकामा कम तलब र यो पेशाप्रतिको सामाजिक उपेक्षाका कारण निराश भएको पाएँ ।" सरकारले शिक्षालाई उचित प्राथमिकता र शिक्षकको गुणस्तरमा बढी ध्यान दिनुपर्ने डेबोराहको सल्लाह छ । उनको विचारमा राम्रो प्रशिक्षण र मार्यादा दिन सकेमा धेरै स्रोतसाधन नभए पनि शिक्षकहरूले राम्ररी पढाउन सक्छन् । विद्यार्थीहरूको बौद्धिक विकासमा शिक्षकको अहम् भूमिका हुने भएकाले उनीहरूलाई सबै क्षेत्रबाट उच्च प्राथमिकता र मर्यादा प्रदान गराउनुपर्ने डेभिडको कथन छ । आफूले शिक्षण पेशा अपनाएकोमा एकदमै सन्तुष्ट भएको बताउँदै उनी भन्छन्, "म डाक्टर, इञ्जिनियर पनि हुनसक्थेँ तर मैले यही पेशा रोजेँ । यहाँ कतिपय शिक्षकमा यो पेशाप्रति असन्तुष्टि पनि पाएँ तर म अरू पेशाबाट यति सन्तुष्ट हुनसक्ने थिइनँ होला ।" हाईस्कूलको प्रधानाध्यापक हुँदा आफ्ना बाबु-आमाले समेत गर्व गरेको सुनाउँदै उनी भन्छन्, "नेपाली समाजले शिक्षा र शिक्षकको महत्त्वलाई महत्त्व नदिएकाले

डम्वरकृष्ण श्रेष्ठ



पनि धेरै शिक्षकहरूले हीनताबोध गरेको हुनुपर्छ ।" डेबोराह भने आफ्ना बुवा शिक्षक रहेकाले उनैलाई देखेर आफू यो पेशामा आएको बताउँछिन् । उनी भन्छिन्, "शिक्षकहरूको महत्त्व सर्वप्रथम स्वयम् शिक्षक र समाजले बुझ्नु जरुरी छ, त्यसपछि राज्य पनि शिक्षा र शिक्षकलाई प्राथमिकताको अग्रिम सूचीमा राख्न बाध्य हुन्छ ।"

बहस

राधेश्याम अधिकारी



# शिक्षक र मर्यादा

# घटाउने–बढाउने आफ्नै हातमा

**अयोग्य व्यक्ति शिक्षक बन्न सक्दैन र विद्यालयभित्र राजनीति अग्राह्य छ भन्ने चेतना अभिभावकमा पलाएपछि मात्र शिक्षक भर्तीमा मनपरी रोकिन्छ। त्यसपछि शिक्षकको मर्यादा स्वतः बढ्छ।**

पद्मोदय हाईस्कूलमा त्यसका तत्कालीन हेडमास्टर ईश्वरराज अर्याललगायत आफ्नो विषयमा राम्रो दखल राख्ने धेरै गुरुहरू- कृष्णबहादुर मानन्धर, गौरीप्रसाद राजभण्डारी, रामजीप्रसाद अर्याल, रुद्रबहादुर, प्रेमबहादुर कंसाकार, नीलरत्न, पुष्परत्न, वसन्त शर्मा, केशव अधिकारी, लक्ष्मण अर्याल आदिले हामीलाई पढाउनुभयो। विद्यार्थी, विद्यालय र आफ्नो पेशाप्रति नै समर्पण भाव भएका शिक्षकहरूको त्यो साँच्चिकै प्रतिबद्ध जमात थियो। विद्यार्थीहरूको शिक्षकप्रति आदर, श्रद्धा थियो। अभिभावकहरू शिक्षकप्रति आश्वस्त थिए।

भनिन्छ; समाज हिजोभन्दा बढी सभ्य, सचेत, विवेकशील र उदार भएको छ र यो अघि बढ्दैछ। तर नेपाली समाजमा गुरुका लागि रहेको अघिको सम्मान, श्रद्धा, आदरमा भने वृद्धिको सट्टा कमी आएको महसूस गरिंदैछ, किन? यसमा समाज वा राज्य कसको दोष कति छ? कि शिक्षक समुदायमै पनि केही त्रुटि छन्? यो विषयमा गम्भीर भएर सोच्ने बेला शायद आइसकेको छ।

गुरु/गुरुआमाहरूले शिक्षण पेशामा संलग्न हुँदा अन्तरआत्मामा शपथ लिनुहुन्छ कि हुन्न मलाई थाहा छैन। त्यस्तै आफूले प्रदान गरेको शिक्षाका कारण गाउँ, शहर, समुदाय र राज्यमा प्रकाश फैलिन्छ अनि मुलुकको समग्र विकासको पहिलो र सशक्त आधार नै गुणात्मक शिक्षा हो भन्ने कति शिक्षकलाई हेक्का छ?

यी प्रश्नलाई अर्को पाटोबाट पनि हेर्न सकिन्छ। शिक्षकबाट ठूला कुराहरू अपेक्षा गरिन्छ भने राज्य/समाजले त्यो वर्गलाई दिनुपर्ने न्यूनतम भौतिक सुविधा र सम्मान दिनुपर्छ कि पर्दैन? यथार्थमा यो कुरालाई पन्छाएर गुरुहरूबाट बढी आशा गर्नै मिल्दैन। तर, गुरुहरूले पनि के बुझ्नु जरुरी हुन्छ भने उनीहरूलाई दिइने सुविधा राज्य/समाजको सामर्थ्य सापेक्ष हुन्छ र शिक्षण पेशामा आउनेले अरू वर्गसँग दाँजेर आफूलाई हेर्न मिल्दैन। एउटा गुरुले पढाएको विद्यार्थी अरबपति उद्योगी, व्यापारी हुनसक्छ, सफल चिकित्सक, इन्जिनियर, वकिल वा यस्तै अन्य काममा संलग्न हुनसक्छ। गुरुको सन्तोष त ती विद्यार्थीले समाजमा पाएको प्रतिष्ठामा हुनुपर्छ न कि तिनको सफलतालाई इर्ष्यायुक्त आँखाको हेराइमा। मेरो विचारमा यो सीमालाई हरेक शिक्षकले बुझेको हुन्छ, यदि कसैले बुझेको छैन भने उसले पनि बुझ्नै पर्दछ।

जुन दिन कसैले शिक्षण पेशामा संलग्न हुन्छु भन्छ, त्यसै दिन नै उसको तर्फबाट केही कुरामा त्याग गर्ने सङ्कल्प हुनु जरुरी हुन्छ। दुर्भाग्यवश यतिबेला शिक्षण पेशा फगत एउटा अर्को पेशासरह भएको छ, एउटा जागिर खाने ठाउँ भएको छ, शायद सबैभन्दा ठूलो चुक यहीं भएको छ।

वास्तवमा सत्यनारायणबहादुर वा तुलजा शर्माले गर्नुभएको योगदानको मूल्य यो राज्य/समाज/समुदायले कहिल्यै चुक्ता गर्न सक्ने छैन। यी दुई प्रतिनिधि नाम मात्र हुन्। मुलुकभर जगको ढुङ्गा भएर शिक्षाको प्रकाश फैलाइरहेका हज्जारौं शिक्षकहरूको गुन कसैले तिरेर तिरिंदैन। तर, सँगै यो पनि सत्य कुरा हो कि अन्यत्र अवसर नपाएर जागिर खान पसेका केही कथित गुरुहरूमा त्यो सङ्कल्प, प्रतिबद्धताको अभाव हुनु आश्चर्यको कुरा भएन। यसैकारण शिक्षण पेशामा घटेको सम्मान/मर्यादालाई माथि उठाउन स्वयं गुरुहरू नै अगुवा र सक्रिय हुनुपर्दछ, यसमा अर्को बाटो हुन सक्तैन।

गुरुहरूकै कुरा गर्दा एउटा अर्को पनि पक्ष छ। गुरुहरूले सचेत नागरिकको भूमिका निर्वाह गर्ने कि राजनीतिक दलको कार्यकर्ता भएर काम गर्ने? प्रत्येक व्यक्तिको आ-आफ्नै आस्था हुनसक्छ। तर त्यसको प्रकट स्वरुप चिचिला नानीहरूमा पार्न पाइन्छ कि पाइँदैन, नेपाली गुरुहरूले सोच्नै पर्ने भएको छ। म

“ मुलुकभर शिक्षाको प्रकाश फैलाइरहेका हज्जारौं शिक्षकहरूको गुन कसैले तिरेर तिरिंदैन। तर, जागिर खान पसेका केही कथित गुरुहरूमा त्यस्तो सङ्कल्पको अभाव हुनु आश्चर्यको कुरा भएन। यसैकारण शिक्षण पेशाको मर्यादा उठाउन स्वयं गुरुहरू नै अगुवा र सक्रिय हुनुपर्दछ, यसमा अर्को बाटो हुन सक्तैन। ”



रविन सायमि

> एउटा शिक्षकले आफ्ना विद्यार्थीले समाजमा पाएको प्रतिष्ठा र सफलतामा गर्व गर्नुपर्छ । उसले विद्यार्थीको उपलब्धिलाई इर्ष्यायुक्त आँखाले हेर्न सुहाउँदैन ।

आफ्नै गुरुहरूपट्टि फर्किन्छु र हेर्छु- पद्मोदयका गुरुहरू राजनीतिक चेतनाको हिसाबले कुनै हालतमा कम थिएनन् । मलाई सम्झना भएसम्म प्रेमबहादुर कंसाकार वाम राजनीतिमा सक्रिय हुनुहुन्थ्यो । त्यसैगरी कृष्णबहादुर मानन्धरले पछि गएर स्नातक क्षेत्रबाट आफूलाई राष्ट्रिय पञ्चायतमा उम्मेदवार बनाउनुभएथ्यो । अधिकांश शिक्षकहरू भारतीय स्वतन्त्रता सङ्ग्रामबाट प्रभावित थिए । तर, विद्यार्थीबीच राजनीति गर्ने काम उनीहरूले कहिल्यै गरेनन्, जसका कारण तिनका शिष्यहरू आस्थामा जे भए पनि तिनलाई सधैँ श्रद्धा गर्दछन् ।

यसैसँग जोडिएको एउटा प्रेरक प्रसङ्ग उल्लेख गर्न चाहन्छु । स्व. शङ्कर घिमिरेले एकदिन आफ्नी सानी छोरीलाई देखाएर भन्नुभयो, "यसलाई उमेर नपुगुञ्जेल म धार्मिक कार्यमा असंलग्न गराउँछु ।" उहाँको आशय थियो- प्रत्येक नागरिकलाई जन्मबाटै कुनै धर्ममा टाँस्नुको साटो कुनै धर्म लिने वा नलिने रोजाइ उसको उमेर पुगेपछि उसैले गर्न पाउने छूट दिइनुपर्छ । धर्म निरपेक्षको कुरा भनेर नथाक्ने नेता/समाजका अगुवाहरू यो भनाइसँग कति सहमत होलान्- अनुमान गर्न कठिन छ । तर, समानान्तर रूपमा तान्न सकिने अर्को लाइनप्रति ध्यानाकर्षण गर्न चाहन्छु । सीमित राजनीतिक स्वार्थका खातिर स्कूलमा राजनीतिक सङ्गठनका छाता संस्थाहरू खोल्न पाइन्छ ? तिनलाई सचेत गुरुहरूले मलजल गर्नु जायज हुन्छ ? सोह्र वर्ष नपुगेकोले संरक्षक नराखी गरेको कागज समेत सदर हुँदैन, किनभने उमेर नपुगेसम्म उनीहरूको विवेक परिपक्व भएको मानिँदैन । तर, उमेरमा परिपक्व भएपछि रोज्नुपर्ने राजनीतिक आस्था बाल्यकालमै लाद्नु कति जायज होला ? धर्म निरपेक्ष मात्र हैन कि आस्था निरपेक्ष समाज बनाउन कम्तीमा हाम्रा शिक्षकहरू सर्वप्रथम तत्पर हुनुपर्दछ ।

शिक्षासँगै जोडिएको अर्को पाटोबाट पनि यसको व्याख्या गरौँ । मैले प्रवेशिका परीक्षा तेह्र वर्षमा पास गरेँ । पछि १५-१६ वर्ष नपुगी प्रवेशिका परीक्षामा सामेल हुन नपाइने गरियो । शिक्षाविद्हरूले भन्नु पर्‍यो- उमेरको यो बार किन ? सोह्र वर्ष नपुगी प्रवेशिका परीक्षा दिन नपाइने कारण के पर्‍यो ? सम्भवत: काँचो उमेरमा अधिक भारको विद्या ग्रहण गर्ने क्षमता सरदर विद्यार्थीमा नहुने भएकोले नै उमेरको प्रतिबन्ध लगाइएको हुनुपर्दछ । यदि त्यसो हो भने त्यही उमेरका विद्यार्थीहरूलाई राजनीतिक दलको झण्डा बोकाउनु कति अन्यायपूर्ण होला ?

अलिकति गुरुको योग्यता र क्षमताबारे पनि लेख्नु आवश्यक छ । सर्लाही जिल्लामा अङ्ग्रेजी पढाउने एउटा स्थायी शिक्षकले आफ्नो नाम शुद्ध लेख्न नसकेको मैले देखेँ । योग्यताको यो स्तर गुरुको हुने हो भने विद्यार्थीले के सिक्लान् ? भ्रष्ट राजनीति-नोकरशाही गठबन्धनका कारण साढे तीन दशकदेखि शिक्षण पेशालाई जागिर खाने थलो बनाइयो । त्यतिले नपुगेर आफ्ना मान्छेलाई भनसुन गरी वा रकम खाएर शिक्षक भर्ती गरियो । त्यहाँ योग्यता, प्रतिबद्धता गौण हुन पुग्यो । यसको निदानका लागि धेरै सोचेर शिक्षा ऐनमा आवश्यक संशोधन गरियो । पाँच वर्षभित्रमा सबै शिक्षकले योग्यता परीक्षा पार गर्नुपर्ने बाध्यात्मक व्यवस्था ल्याइयो । यसको लक्ष्य र निशाना योग्य शिक्षकलाई फ्याँक्नु थिएन । अयोग्य शिक्षकलाई हटाउने उपाय र औसर थियो । दुर्भाग्य ! जसोतसो राजनीतिक वृत्तबाट स्वीकार गरिएको सुधारको यो संभावना माथि यति प्रहार भयो कि यो कानूनी व्यवस्था बेमानी भयो । योग्य/अयोग्यबीच भेद गर्ने साझा प्रयत्न माथि तुषारापात भयो ।

तथापि निराशाले कहीँ पुर्‍याउँदैन । समाज दिनानुदिन जागरुक हुँदैछ । नानीहरूलाई गुणात्मक शिक्षा दिनुपर्दछ भन्ने अभिभावकहरूको चेतनाले नै शिक्षाको स्तरलाई उकास्ने विश्वास जाग्छ । अयोग्य शिक्षक भर्ती र विद्यालयभित्र राजनीति अग्राह्य छ भन्ने चेतना अभिभावकमा हुन थालेपछि शिक्षक भर्तीमा मनपरी रोकिन्छ । गुरुहरूको मर्यादा स्वत: बढ्छ । तर फेरि पनि, समाजले गति लिएपछि गुरुको सम्मान बढ्छ भनी प्रतीक्षा मात्र गर्ने कि शिक्षकहरू स्वयंले सचेत भएर यस दिशामा सक्रिय हुने ? अनुत्तरित प्रश्न यत्ति हो ।

बहस

ओशो





## शिक्षक र मर्यादा

# परिभाषा नै बदलिएको छ

**पहिला जसले आदर प्राप्त गरेको थियो, ऊ शिक्षक थिएन, गुरु थियो। शिक्षक र गुरु भिन्न कुरा हुन्। शिक्षकलाई आदर प्राप्त हुन सक्दैन। उसले या त आदर पाउने आकाङ्क्षा छोड्नुपर्छ या गुरु हुने हिम्मत जुटाउनु पर्छ।**

आधुनिक शिक्षक कस्तो हुनुपर्छ? प्रश्न महत्त्वपूर्ण छ, तर यसको उत्तर दिन भने सजिलो छैन। किनभने आजभन्दा अगाडि संसारमा शिक्षक छँदै थिएनन्। शिक्षकको उपस्थिति नै आधुनिक कुरा हो। शिक्षकको काम व्यवसाय भएको नै आधुनिक सभ्यतामा हो। पहिला पनि गुरुहरू थिए, तर तिनीहरू आधुनिक शिक्षकहरूभन्दा निकै भिन्न थिए। शिक्षण उनीहरूको पेशा थिएन, उनीहरूको आनन्द थियो। अहिलेको संसारमा शिक्षण व्यवसाय बनेको छ। त्यसको परिणाम के भएको छ भने शिक्षण संस्थाहरू फ्याक्ट्री र कारखानाहरू जस्ता भएका छन्।

सबै ठाउँका शिक्षकहरूको एउटा साझा समस्या छ: विद्यार्थीहरू उनीहरूलाई आदर गरिरहेका छैनन्। भनिन्छ: पहिले यस्तो थिएन। तर वास्तवमा पहिला जसले आदर प्राप्त गरेको थियो, ऊ शिक्षक थिएन गुरु थियो। शिक्षक निकै नै भिन्न कुरा हो। शिक्षकलाई आदर प्राप्त हुन सक्दैन। उसले आदर पाउने आकाङ्क्षा नै छोडिदिनु पर्छ, होइन भने गुरु हुने हिम्मत जुटाउनु पर्छ। गुरुलाई आदर गर्नुपर्छ भन्ने कुरा पनि होइन। कुरो उल्टो छ। जसलाई आदर नगरिकन धरै छैन, जसले हाम्रो आदरलाई तानेरै लिन्छ, त्यसलाई नै हामी गुरु भन्दछौं। तर शिक्षकको कुरा बेग्लै हो। शिक्षकले काम नै अलिकति बेग्लै गरिरहेको छ।

गुरु त्यो हो, जसले कसैको आत्मालाई ब्यूँझाउन सक्छ, कसैको व्यक्तित्वलाई गरिमा प्रदान गर्न सक्छ, उसभित्रको नफूलेको फूल फुलाई दिनसक्छ। शिक्षक भने सूचना र जानकारी बाँड्ने वाहनको काम गर्छ र विदा हुन्छ। पुराना पिँढीहरूले आर्जन गरेको ज्ञानलाई नयाँ पिँढीसम्म जोड्ने काम मात्र गर्छ। ऊ माध्यम मात्र हो।

जिससको मृत्युपछि लगभग साढे अठार सय वर्षमा मनुष्य जातिको ज्ञान जति बढेको थियो, त्यति नै ज्ञान गएको डेढसय वर्षमा बढेको छ र गएको डेढसय वर्षमा जति ज्ञान बढेको थियो, त्यति नै ज्ञान पछिल्लो पन्ध्र वर्षमा बढेको छ। जति ज्ञान बढ्नलाई साढे अठार सय वर्ष लाग्दथ्यो, त्यति ज्ञान अहिले पन्ध्र वर्षमा बढिरहेको छ। यसको एउटा धेरै गहिरो परिणाम हुनु स्वाभाविक छ। आजभन्दा दुई सय वर्ष पहिले बाउ सधैं छोराभन्दा बढी जान्दथ्यो, गुरु सधैं चेलाभन्दा बढी जान्दथ्यो, आज त्यसो हुनु जरूरी छैन। सम्भावनाहरू आज बिल्कुल बदलिएका छन्, किनभने बीस वर्षमा एउटा पुस्ता फेरिन्छ, बीस वर्षमा नयाँ ज्ञानको ठूलो विष्फोट हुन्छ र बीस वर्ष पहिले शिक्षित भएको व्यक्ति अहिले आफ्नो विद्यार्थीभन्दा पनि पछाडि पर्छ।

पहिला सारा ज्ञान अनुभवबाट मात्र उपलब्ध हुन्थ्यो। ज्ञान स्थिर हुन्थ्यो, हजारौं वर्षसम्म त्यसमा कुनै परिवर्तन हुँदैनथ्यो। यसैले शिक्षकलाई ढुक्क थियो। पछिल्लो सय वर्षमा सबै कुरा अस्तव्यस्त भएको छ। आज एउटा शिक्षक 'म जे भनिरहेको छु, ठीक भनिरहेको छु' भनेर आत्मविश्वासपूर्वक भन्न सक्दैन। किनभने पन्ध्र वर्ष

पहिला ऊ विश्वविद्यालयबाट पास भएर आएका बेला उसलाई ज्ञानी सम्झिइन्थ्यो। पन्ध्र वर्षमा उसका सबै ज्ञानहरू पुराना भएका छन्। तीमध्ये कति त अब ज्ञान नै रहेनन्। आज शिक्षक र विद्यार्थीबीच अक्सर एक घण्टाको मात्रै दूरी हुने गर्छ। शिक्षक एक घण्टा पहिले तयारी गरेर आउँछ, एक घण्टापछि विद्यार्थीहरू पनि त्यति नै कुरा जान्दछन्। उनीहरूबीचको दूरी साह्रै थोरै हुन्छ र उसलाई धेरै आदरणीय मान्न सकिँदैन। आदर दूरीबाट पैदा हुन्छ। कोही शिखरमा उभिएको छ र हामी भुइँमा उभिएका छौं भने सम्मान पैदा हुन्छ। तर अचेल अलिकति अगाडि कोही उभिएको छ भने एकैछिनमा हामी पनि त्यहीं पुग्छौं।

पहिला हमेसा बाउ छोरोभन्दा ज्ञानी हुन्थ्यो, किनभने ज्ञान अनुभवबाट मात्रै मिल्दथ्यो। एउटा मान्छे असी वर्ष बाँचेको थियो भने उसँग ज्ञान हुन्थ्यो। तर आज हालत धेरै फेरिइसकेको छ। आज उमेरसँग ज्ञानको कुनै सम्बन्ध रहेको छैन। बाउभन्दा बढी छोरो जानकार हुने सम्भावना धेरै बढी छ। किनभने बाउको जान्ने क्रम कहीं रोकिएको होला र छोरो अहिले पनि जानिरहेको छ। र, बाउले जे जानेको थियो ती सब ज्ञानहरू बदलिइसकेका छन्। फलतः बाउका खुट्टा पनि कामेका छन् र शिक्षकका खुट्टा पनि कामेका छन्। आज कसैले पनि पहिला जन्मिएको कारण अरूमाथि आफ्नो कुरा थोपर्न सक्दैन। यसैले आधुनिक शिक्षकलाई धेरै विनम्र हुनुपर्ने बाध्यता छ। पहिला विनम्र शिक्षकले हुनुपर्दैनथ्यो विद्यार्थीले मात्र विनम्र हुनुपर्थ्यो। शिक्षक अविनम्र नै थियो, निकै जर्कट्टो थियो। ठूलो अहङ्कारले भरिएको थियो।

अब परिस्थिति फेरिएको छ र शिक्षकले विनयी हुनुपर्ने भएको छ। सारा संसारका विद्यार्थीहरू शिक्षकको अविनयी प्रवृत्तिको विरूद्धमा छन्। अबका विद्यार्थीहरूको भनाइ छ, अब शिक्षक शिक्षण संस्थानको केन्द्र बनेर रहँदैन, त्यहाँको केन्द्र त अब विद्यार्थी हुनेछन्।

हिजोसम्म शिक्षक केन्द्र थियो। विद्यार्थी उसको परिधिभित्र थियो, अब स्थिति एकदम बद्लिएको छ। विद्यार्थी केन्द्र हुनेछ, शिक्षक परिधिमा हुनेछ। यदि ऊ पुरानै बानी लिएर हिँड्छ भने शिक्षक र विद्यार्थी बीचको खाडल ठूलो हुँदै जान्छ। त्यो खाडललाई सानो बनाउनु पहिलो आवश्यकता हो। यसका लागि शिक्षकहरूले आदरको विचार छोडेर प्रेमको विचारतिर आउनुपर्छ। मेरो मान्यता छ, आदरभन्दा प्रेम बढी मूल्यवान् छ। किनभने प्रेममा आदर त समाविष्ट छ, तर आदरमा जरूरी रूपले प्रेम समाविष्ट हुँदैन। प्रेम साह्रै ठूलो कुरा हो, आदर त्यति ठूलो कुरा होइन। जसलाई हामीले आदर गर्नुपर्ने हुन्छ, त्यसलाई हामी घृणा नै गर्छौं। तर जसलाई हामी प्रेम गर्छौं, उसलाई हामी गहिरो गरी आदर पनि गर्न थाल्छौं। आदर मागिन्छ भने त्यो अपमानजनक हुन जान्छ। र, आदर थोपरिन्छ भने त्यसले भित्र निषेध र विद्रोह पैदा गर्छ। माथिबाट आज्ञा खन्याइन्छ भने त्यसले आफैंलाई तोड्ने निमन्त्रणा दिन्छ।

त्यसैले अब शिक्षकले आफ्नो सम्पूर्ण व्यक्तित्वको छविलाई नै फेर्नु जरूरी भइसकेको छ। नत्र शिक्षक र विद्यार्थी दुई वर्ग बन्नेछन्। मजदुर र पूँजीपतिबीच जस्तो तिनको बीचमा पनि सङ्घर्ष हुनेछ। यस विषयमा शिक्षकसँग कुरा हुँदा उनीहरू कडाइका साथ केही थप व्यवस्था गर्नु पर्‍यो भन्छन्। शिक्षकको हातमा दण्ड दिने शक्ति बढी हुनुपर्दछ र मात्र हामी अनुशासन राख्न र आदर बचाउन सक्छौं भन्ने उनीहरूको भनाइ हुन्छ। तर जति शक्ति दिइनेछ, त्यति नै विपरीत शक्ति त्यसलाई छिनाल्नका लागि उभिनेछ। किनभने नयाँ स्थितिमा शिक्षकको स्थान पूरै बद्लिएको छ। ऊ अब केन्द्रमा छैन। केन्द्रमा अब विद्यार्थी छ। बाउ केन्द्रमा हुनुहुँदैन, छोरो नै केन्द्र हुनुपर्दछ। किनभने छोरो भविष्य हो र बाउ अतीत। बाउ गइसकेको छ, छोरो आइरहेको छ। जो आइरहेको छ, उही केन्द्रमा हुनुपर्दछ, जो गइरहेको छ, ऊ होइन जो तैरिरहेको छ, उही केन्द्रमा हुनुपर्दछ, जो डुबिरहेको छ ऊ होइन।


नयाँ शिक्षकको काम अब बढीभन्दा बढी भयो भने दाजुको जस्तो हुन्छ, पिताको जस्तो होइन। नयाँ शिक्षक ठीक अर्थमा मित्र हुन्छ, गुरु होइन। उसले मित्रताको

> “ अब परिस्थिति फेरिएको छ र शिक्षकले विनयी हुनुपर्ने भएको छ। सारा विद्यार्थी शिक्षकको अविनयी प्रवृत्तिको विरूद्धमा छन्। अब शिक्षण संस्थाको केन्द्र शिक्षक हैन, विद्यार्थी हुनेछन्। ”

कुनै धारणा विकसित गर्नुपर्नेछ। उसले आज्ञा दिने व्यक्तिको अनुहार त्याग्नु पर्दछ। उसले आज्ञा दिने छैन, कडाई गर्ने छैन, ज्यादाभन्दा ज्यादा सम्झाउनेछ, बुझाउनेछ, राजी तुल्याउनेछ। राजी भयो भने ठीक छ, राजी भएन भने पनि ऊ रिसाउने छैन। यसैले आजको शिक्षकको अगाडि जुन ठूल्ठूला प्रश्नहरू छन्, ती के हुन् भने उसले शिक्षकका पुराना छविहरू छोड्ने र नयाँ छविहरू विकसित गर्ने गर्नुपर्दछ। उसले विनम्र हुनुपर्दछ।

हामी भन्थ्यौं- सिक्नका लागि विनम्र हुनुपर्छ। अब यो सूत्रलाई नै बदल्नुपर्छ। अब त, जो विनम्र छ उसले मात्र सिकाउन सक्दछ। वास्तवमा विनम्र नभइकन कसैले पनि सिकाउन सक्दैन। मेरो मान्यता छ, जुन दिन सिकाउने व्यक्ति विनम्र हुनेछ, त्यसै दिनदेखि सिक्ने व्यक्ति विनम्र हुनेछ। किनभने सिकाउने व्यक्ति नै विनम्र भएन भने सिक्ने व्यक्ति कसरी विनम्र हुनसक्छ ? सिकाउने व्यक्ति अहिलेसम्म धेरै अविनम्र थियो। पुरानो शिक्षकलाई सम्झियौं भने भने ऊ कति धेरै नै अहङ्कारले भरिएको थियो भन्ने थाहा पाउँछौं। ऊ निहुँराउँथ्यो, ढोगाउँथ्यो र सबैतिरबाट नयाँ पुस्तालाई झुकाउने काम गर्थ्यो।

तर अब यो सम्भव छैन र उचित पनि छैन। त्यो व्यवहारले मानिसलाई विकसित हुन दिँदैनथ्यो। हामीलाई कसैबाट अन्धश्रद्धा चाहिएको छ भने पहिले हामीले उसभित्रको विचारको हत्या गर्नुपर्दछ। जो विचार गर्नसक्छ, त्यसले अन्धश्रद्धा दिन सक्दैन। त्यसैले पुरानो शिक्षा अन्धविश्वास र अन्धश्रद्धामाथि निर्भर छ। त्यसबेला विचार गर्ने प्रेरणा दिइन्नथ्यो, विचारलाई रोक्ने चेष्टा गरिन्थ्यो।



ध्यान रहोस्, विचार विद्रोही हुन्छ। विचारको अर्थ नै विद्रोह हो, किनभने विचार हमेशा इन्कार गर्नुबाट शुरु हुन्छ। जसले 'नाइँ' भन्दैन ऊ विचार पनि गर्न सक्दैन। यदि म 'हो' भन्छु भने विचारका लागि कुनै ठाउँ रहँदैन। जब म 'होइन' भन्छु, तब तर्क गर्नुपर्ने हुन्छ, सोच्नुपर्ने हुन्छ, प्रमाण दिनुपर्ने हुन्छ। 'हो' भन्न सजिलो छ। न सोच्नुपर्छ, न तर्क दिनुपर्छ न प्रमाण पुऱ्याउनु पर्छ।

पुराना सबै व्यवस्थाहरूले 'हो' भन्न सिकाउँथे। त्यसबाट एउटा फाइदा के थियो भने यी 'हो' भन्नेहरूका कारण समाजको विद्यमान व्यवस्था कहिल्यै बदलिंदैनथ्यो। तर

> **"हामी भन्थ्यौं– सिक्नका लागि विनम्र हुनुपर्छ। अब यो सूत्र नै बदल्नुपर्छ। अब त, जो विनम्र छ उसले मात्र सिकाउन सक्दछ। वास्तवमा विनम्र नभइकन कसैले पनि सिकाउन सक्दैन। जुन दिन सिकाउने व्यक्ति विनम्र हुनेछ, त्यसै दिनदेखि सिक्ने व्यक्ति विनम्र हुनेछ।"**

ठूलो नोक्सान के थियो भने समाज विकसित हुँदैनथ्यो। यो संसारमा जति विकास भएको छ, त्यो 'होइन' भन्नेहरूकै कारणले भएको हो। जसले कुनै गहिरो धरातलमा गएर इन्कार गरेको छ, ऊ विकासको कारण बनेको छ। चाहे त्यो कुनै पनि विधा होस्, चाहे गणित, चाहे दर्शन, धर्म र विज्ञानकै क्षेत्रमा होस्, इन्कार गर्नेहरू नै विकासको आधार बनेका छन्। जसले 'हो' भनेका छन्, उनीहरू पुरानो घेरामा बाँचिरहेका छन्।

पुरानो व्यवस्था एउटा निकास नभएको दहजस्तो थियो। नबग्ने पानी, त्यहीं जम्थ्यो, कुहिन्थ्यो। घाममा वाफिन्थ्यो र गन्हाउँथ्यो। नयाँ मनुष्यले त्यस तलाउका किनाराहरू भत्काइदिएको छ र त्यसले नदीको रुप लिएको छ। यो राम्रो कुरा हो। तर नदीबाट हामीले तलाउको अपेक्षा गर्न सक्दैनौं। तलाउ बन्द भएर एकै ठाउँमा बाँच्दथ्यो, नदी दिनहुँ किनारा बदलिरहन्छ। दिनहुँ किनारा बदलिन्छ र पानी बगेर जान्छ। गङ्गा हिजो जहाँ थियो, आज त्यहाँ छैन। भोलि कहाँ हुनेछ, त्यसको हामीलाई पत्तो छैन।

आज पहिलोपटक मनुष्यको चेतना नदी बनेको छ र दिनहुँ अज्ञाततिर दौडिंदै गइरहेछ। शिक्षकको काम थियो– थाहा भएको कुरा बताउनु। अहिलेसम्म तलाउको संसार भएकोले सबै ज्ञात थियो। हजारौं वर्षदेखि त्यही किनारा थियो, उही वृक्षहरू थिए, उही माछाहरू थिए, उही सूर्य थियो। सब बन्द थियो। यसैले शिक्षक ज्ञान दिने काम गर्थ्यो। पुरानो शिक्षकको महत्त्वपूर्ण काम थियो– बच्चाहरूलाई ज्ञान दिनु। नयाँ शिक्षकको महत्त्वपूर्ण काम ज्ञान दिनु मात्र हुने छैन, बरू अज्ञातको बोध गराउनु पनि हुनेछ। किनभने बच्चाहरू भोलि त्यहाँ हुनेछन्, जहाँ हामी कहिले पनि थिएनौं। यदि हामीले उनीहरूलाई अतीतको ज्ञान मात्रै दियौं भने हामीले उनीहरूलाई भविष्यको बालुवामाथि उभिन समर्थ बनाउन सक्नेछैनौं।

शिक्षकको अगाडि एउटा नयाँ काम आएको छ, उसले अज्ञातको बोध देओस्। उसले हामी के जान्दछौं भन्ने कुरा मात्र नबताओस्, उसले यो पनि भनोस्– हामी जे जति जान्दछौं भोलि त्यो व्यर्थ हुनेछ अनि नयाँ कुरा जान्ने द्वारहरू खुल्नेछन्।

पुरानो शिक्षक एउटा निश्चयमा थियो। आजको शिक्षक एउटा अनिश्चयमा छ। ऊ निश्चित हुन सक्दैन। यदि निश्चित भयो भने मानिसलाई गति दिन सक्दैन। पुरानो शिक्षक भन्थ्यो– 'म जे भन्छु त्यो ठीक छ र तिम्रो काम त्यसलाई मान्नु हो।' नयाँ शिक्षकलाई निकै सापेक्षवादी हुनुपर्दछ। उसले भन्नुपर्दछ– म जे भन्दछु सायद त्यो ठीक छ। अहिलेसम्म ठीक छ, भोलि गलत पनि हुनसक्छ।

के सूचना दिनु नै शिक्षाको काम हो? त्यसबाट शिक्षा पर्याप्त हुन्छ? ध्यान रहोस्, सूचना र ज्ञानमा धेरै फरक छ। सूचना त्यो हो, जुन बाहिरबाट प्राप्त हुन्छ र ज्ञान त्यो हो जुन हामीभित्रबाट आउँछ। अब सूचनाका भरमा मात्र काम चल्दैन। युरोप र अमेरिकामा कलेज र कलेजका कक्षाहरू छोडेर हिँडेका लाखौं युवा-युवतीहरू भनिरहेका छन्, 'यदि यस्तै हो भने हामीलाई यसको खाँचो छैन। हामीलाई सूचनाले मात्र पुगेन, ज्ञान चाहियो। अनि उनीहरू ज्ञानको खोजीमा चाहिने नचाहिने, अनेक थरिका प्रयोग गरिरहेका छन्। नाथरिका लागूपदार्थ लिइरहेका छन्, समाधि पनि लगाइरहेका छन्, ध्यान पनि गइरहेका छन्, कुनै गुरुको पछि लागिरहेका पनि छन्, उनीहरू अनेक गरिरहेका छन्। उनीहरू भन्छन्– हामी यदि यी सूचनाहरूको सङ्ग्रह हौं भने त यो काम कम्प्युटरले नै गरिदिन्छ, यसको लागि मानिसको के खाँचो?

शिक्षा बाहिर भएका कुरा मान्छेमा खाँद्नु होइन। टिम्बकटू कहाँ छ, मेडागास्कर कहाँ छ, भन्ने कुरा मानिसको खोपडीमा भर्नुको कुनै ठूलो अर्थ छैन। यो काम कम्प्युटरले नै गर्नसक्छ। मानिसलाई ज्ञान चाहिन्छ। ज्ञानको अर्थ हो– मानिसभित्र जे लुकेको छ, त्यसलाई कसरी हुन्छ पूरै बाहिर प्रकट गर्नु, त्यो कसैगरी प्रकट होस्। मानिसभित्र जुन बीज लुकेको हुन्छ, त्यो फूल बनोस्। सिकाएर मात्र पुग्दैन। बच्चा पाँच वर्षको हुँदादेखि हामी सिकाउन शुरु गर्छौं र पच्चीस वर्षसम्म पनि हामी सिकाइरहन्छौं। र, यदि हामीले विश्वविद्यालयबाट निस्केको पच्चीस वर्षको व्यक्तिको खोपडीको जाँचबुझ गऱ्यौं भने हामी पाउँछौं– ऊ कुनै बुद्धिमत्ता लिएर आउँदैन, केवल स्मृतिको संग्रह लिएर बाहिर आउँछ। र, यसैले नै अक्सर के हुन्छ भने विश्वविद्यालयले जसलाई स्वर्णपदक दिन्छ, जिन्दगीले उसलाई माटोको पदक पनि दिंदैन। उनीहरू हराउँछन्, उनीहरू कहाँ जान्छन् भन्ने केही पत्तो हुँदैन।

*हिन्दीबाट रूपान्तर: गोविन्द वर्तमान*


Showing
you
the
way...
UK
Australia
USA
Canada
Europe
Asia
Test Preparation
iBT TOEFL
IELTS
SAT
GMAT
GRE
Language Classes
English
Chinese
Korean
Dutch
Proven techniques from the experts
AlfaBeta
Alfa Beta Complex, New Baneshwor, Kathmandu, Nepal,
Tel.: 4780123/4783871, www.alfabetaedu.com


BAJAJ
Distinctly Ahead
BAJAJ
Discover DTS-i 135
MORE POWER
13.10 BHP
MORE MILEAGE
75KM/LITRE
Presenting the ALL NEW DISCOVER 135 CC
PRICE STARTING FROM RS.1,37,900/-
MORE VALUE FOR YOUR HARD EARNED MONEY
DTS-I ENGINE 13.1 BHP | NITROX SUSPENSION & FRONT DISC BRAKE* | EXHAUSTEC MILEAGE (75 KM/LITER) | ALL BLACK STYLING WITH ALLOY-WHEEL | 2 YRS. WARRANTY / 5 YRS. SERVICING
Sole Authorised Dealer: HH Hansraj Hulaschand & Co. Pvt. Ltd. Teku Road, Kathmandu. Ph. No: 4230001/4261200, Fax: 4220094

## हिजोका शिक्षक: हिजोका विद्यार्थी

केदार शर्मा



वाद

# 'सर, म कसरी सम्झूँ तपाईँलाई !'

**हामीलाई शिक्षकका आँखामा हेरेर आत्मविश्वासपूर्वक बोल्न सिकाइएन, जस्तै चित्त नबुझेका कुराको पनि प्रतिरोध गर्न दिइएन, हामीलाई छलफल र वादविवाद गर्ने हौसला दिइएन, हामीमा सृजनाको भोक जगाइएन, हामीमा महत्त्वाकाङ्क्षा भरिएन ।**

पत्रपत्रिकामा धेरै कुरा पढिइन्छन् र अधिकांश बिर्सिइन्छन् । तर २०६१ को *हिमालखबर पत्रिका* (१-१५ भदौ २०६१) मा प्रकाशित महेन्द्र पी लामाको 'गुमाउँदैछु गुरुहरू' *(हेर्नुहोस् सँगैको पाना)* भने मैले एक्कै पटक पढेर सधैँभरिका लागि सम्झेको छु । मैले त्यो लेख सम्झनुको कारण भने सारै सुखद् छैन ।

त्यो लेख पढ्दा मैले आफ्ना 'सर'हरूलाई सरर सम्झेँ र लामाजीले लेखेझैँ कस-कसका बारेमा मन फुकाएर लेख्न सकुँला त भनेर गमेँ । चार पाँचजना सरहरूलाई मात्र श्रद्धापूर्वक सम्झन सकेँ । अनि 'के म एउटा बैगुनी मान्छे हुँ त ?' भनेर सोच्न थालेँ । आफैँलाई बैगुनी त कसरी भन्न सक्थेँ र, बरु मेरा अधिकांश सरहरूमा श्रद्धा र सम्मानले विद्यार्थीको शिर झुकाउने क्षमता नभएको दु:खद् निष्कर्ष निकालेँ । त्यही दु:खले मलाई महेन्द्र लामाको लेख बिर्सन नदिएको हो ।

माध्यमिक कक्षामा मलाई पढाउने अधिकांश सरहरू तालिमप्राप्त नै हुनुहुन्थ्यो । प्राय: सबैको घरपायक जागिर थियो । अहिले पनि उहाँहरूसित भेट्दा आदर र स्नेहको आदानप्रदान हुन्छ नै । तर दुर्भाग्य, महेन्द्र पी लामाले जसरी शिरै निहुराउने गरी सम्झनामा आउने सरहरू साह्रै थोरै मात्र हुनुहुन्थ्यो ।

सम्झँदा नमीठो लाग्छ, कतिपय सरहरू हामीलाई दबाउन पाउँदा खुसी हुनुहुन्थ्यो । हामी निरुत्तर हुँदा उहाँहरूको अहं सन्तुष्ट हुन्थ्यो । हामी स्कूलमा सरहरूबाटै उल्लीबिल्ली पारिन्थ्यौँ । विद्यार्थीले सरहरूसित चित्त दुखाउनु परेका घटना अनेक हुन्थे । सरहरू आफ्ना मुखमा हेरेर हाँसेका दिन दशौँ आएजस्तो हुन्थ्यो । केही साथीहरूले 'फलाना सर एसएलसी पास नगरेका सित हाँस्दैनन्' भन्ने ठट्टै चलाएका थिए, त्यो पनि आफूले एसएलसी पास गरेर सरको मुस्कान देखेपछि मात्र ।

आज स्कूल छाडेको पूरै तीन दशकपछि एउटा विद्यार्थीको यस्तो लेखाइ पढ्नुपर्दा उहाँहरूमध्ये कतिको चित्त दुख्न पनि सक्छ । तर आफूले पढाएका विद्यार्थीमध्ये अत्यन्त थोरैले मात्र अब्बल दर्जाको उपलब्धि हासिल गरेको कुरा स्वीकार गर्न भने उहाँहरूलाई पनि करै लाग्छ । दोयमपना अर्थात् दोस्रो दर्जाको क्षमता हामीले स्कूलबाट पाएको प्रमाणपत्र बराबरै भएको छ । मैले त आफ्नो जीवनमा सबैभन्दा धेरै सङ्घर्ष त्यही दोयमपनासित गर्नु परेको छ । यसमा हाम्रो पनि दोष होला तर स्कूलमा हामीले आफूलाई अब्बल सावित गर्नुपर्छ भन्ने कुरा थाहै नपाएको भने हामीमध्ये धेरैले अनुभव गरेको कुरा हो । हामीलाई शिक्षकका आँखामा हेरेर आत्मविश्वासपूर्वक बोल्न सिकाइएन, जस्तै चित्त नबुझेका कुराको पनि प्रतिरोध गर्न दिइएन, हामीलाई छलफल र वादविवाद गर्ने हौसला दिइएन, हामीमा सृजनाको भोक जगाइएन, हामीमा महत्त्वाकाङ्क्षा भरिएन ।

यी त म जत्तिको गुनासो गर्न जान्ने मान्छेका कुरा हुन् (हुन त यति जान्नुमा पनि उहाँहरूको केही भूमिका त अवश्य छ) । तर धक नमानी भने हुन्छ, साह्रै थोरै नेपालीले मात्र एउटा शिक्षकबाट पाउनुपर्ने कुरा पाएका छन् । यता आएर धेरै शिक्षकहरू आफ्नो ज्ञान बढाएर विद्यार्थीहरूलाई जान्ने बनाउनमा भन्दा पार्टीगत राजनीतिमा धेरै सामेल भएका छन् भन्ने आरोपको खण्डन गर्न सक्ने अवस्था छैन । बाँकी द्वन्द्व, आफ्नै घरायसी समस्या र निजी कमजोरीको चपेटामा परेका छन् । आम रूपमा शिक्षा 'हिँड्दैछ पाइला मेट्दैछ' भएको छ ।

प्राविधिक रूपले भन्दा तोकिएको समयभरि काम गर्ने र तोकिएको तलब खाने शिक्षक पनि अरू कर्मचारी सरह नै हो । तर यसो भनेर शिक्षकको कामलाई कुनै प्रशासक वा लेखापाल वा कम्प्युटर अपरेटर वा अरू कसैसित दाँज्न मिल्दैन । शिक्षणलाई संसारभरि 'जागिर' हैन; व्यक्तिले रोजेको पेशाको रूपमा नै लिइने गरेको छ जसको सीधा सम्बन्ध आफूभन्दा धेरै साना बालबालिका र उनीहरूको भविष्यसित गाँसिएको हुन्छ । त्यसैले शिक्षकका दायित्वहरू साह्रै गहन र संवेदनशील हुन्छन् । शिक्षक विद्वान् नभए पनि हुन्छ तर विचारशील हुनुपर्छ; उनीहरूमा ज्ञानभन्दा धेरै विवेक चाहिन्छ, उनीहरूले संसारभन्दा धेरै विद्यार्थीको मन बुझ्नुपर्छ । संवेदनशीलता, धैर्य, सीप, वात्सल्य, आदर्शबाट सम्पन्न शिक्षकलाई मात्र पछिसम्म विद्यार्थीले श्रद्धाले सम्झन्छन् ।

मूल प्रश्न हो, एउटा शिक्षकमा यी कुरा कसरी आउँछन् त ? शिक्षा, तालिम, जागिरको सुरक्षा, पर्याप्त

सुविधाले मानिसमा यी गुण भर्न सक्छन् त ? सधैं अस्थायी जागिर खाने र सबै मिलाउँदा सरकारी स्कूलका शिक्षकले भन्दा कम सुविधा पाउने निजी स्कूलका शिक्षकहरूले कसरी निकाल्छन् त राम्रो परिणाम ? त्यसो भए के सुरक्षित जागिरले हाम्रा शिक्षकहरूलाई कम मेहनती बनाएको हो त ? फेरि प्रश्न माथि प्रश्न थपिन्छन् ।

शायद कुराको चुरो पेशागत अहंमा अडिएको छ । शिक्षकमा 'म सामाजिक महत्त्वको सम्मानजनक र सृजनशील अनुष्ठानमा सम्मिलित छु' भन्ने भावना आएपछि मात्र आफ्नो पेशाप्रति गर्व पलाउँछ । उनीहरूले आफ्नो कामप्रति गर्व गर्न थालेपछि मात्र त्यसको परिणाम अब्बल हुन्छ । शिक्षाशास्त्रको पढाइ र शिक्षक तालिमहरूले यही कुरा चैं भर्न पो नसकेका हुन् कि हाम्रा सरहरूमा ?

अहिले आएर म मेरा अधिकांश सरहरूले शिक्षणलाई एउटा जागिरका रूपमा मात्र लिनुभएको थियो भन्ने निष्कर्षमा पुगेको छु । सम्भवत: उहाँहरूसित गर्व गर्ने कुरा अरू नै थिए र नै पेशागत गरिमाको मोह छायाँमा परेको थियो । त्यसैले आज मलाई पढाउने धेरै जसो सरहरूलाई सम्मान नै गरे पनि श्रद्धा गर्न सक्ने अवस्थामा म आफूलाई पाउँदिनँ ।

मेरो लेखोट अप्रिय भयो । महेन्द्र पी लामाको लेख प्रिय छ, प्रेरक छ । दुई जना विद्यार्थीले आफ्ना सरहरूका बारेमा व्यक्त गरेका विचार सर्वथा विपरीत लाग्छन् । तर गहिराइमा दुवैको आशय एउटै छ । यी दुवै लेखमार्फत् सबै शिक्षकसित सबै विद्यार्थीले एउटा प्रश्न सोधेका छन्, "सर ? हामी कसरी सम्झौं तपाइँहरूलाई ? कसरी सम्झिइन चाहनुहुन्छ तपाइँ तीन-चार दशकपछि ?"

रविन सायमि



प्रतिवाद

महेन्द्र पी लामा



# गुमाउँदैछु गुरुहरू !

**हामीलाई के दिएनन् गुरुहरूले ? के को पैसा, के को मोजमज्जा, के को यश र पदवी ? उहाँहरूले शिक्षा र शिष्यभन्दा ठूलो केही ठान्नुभएन । जीवनलाई राम्ररी जिउने कला सिकाउने शिक्षादेखि आफूले पाएको शिक्षा र ज्ञान अरूलाई बाँड्नुपर्छ भन्ने मूल्यसमेत उहाँहरूले हामीलाई सिकाउनुभयो ।**

दार्जीलिङको बतासेडाँडाको मास्तिर गान्धीरोडमा लामो न्यानो कालोकोट लगाएर बिस्तारै हिँडिरहेको मान्छेलाई ठम्याउन निकै गाह्रो पर्‍यो । मेरो मनले भन्यो, "यो कोट त मैले कहीं देखेको हो ।" अगाडि गई गाडी रोकेँ, हाम्रा कविराज सर हनुहुँदोरहेछ । हतारहतार नमस्कार गरेर आफ्नो परिचय दिएँ । निकै घोरिएर हेरेपछि गुरुबाले मलाई अँगालो हाल्नुभयो । ३२ वर्षअघि त्यही कालोकोट लगाएर उहाँ हामीलाई टर्नबुल स्कूलमा हिसाब पढाउनुहुन्थ्यो । हामीलाई गणित सँगसँगै गान्धी र नेहरूका वृत्तान्त सुनाउनुहुन्थ्यो । कविराज सरको झापड र थप्पडसँग सबै थुरथुर थिए । केही दिनअघि पढेँ कविराज सर पनि स्वर्गवास हुनुभएछ !

मैले मेरा प्यारा गुरुहरूलाई यसरी एक एक गरी गुमाएँ र गुमाउँदैछु । हामीलाई के दिएनन् गुरुहरूले ? के को पैसा, के को मोजमज्जा, के को यश र पदवी ? उहाँहरूले शिक्षा र शिष्यभन्दा ठूलो केही ठान्नुभएन । शिष्यलाई देखेपछि बाँकी कुरा सबै भुल्थे । आफूले पाएको सानो तलबबाट पनि ठूलो खुशी बटुल्थे । खाली

खुट्टै पाठशाला गएका विद्यार्थीलाई ज्ञान दिनुमा गहिरो आत्मसन्तुष्टि महसूस गर्दथे। शिक्षकको धर्म नै शिक्षा प्रदान गर्नु, तर केवल पुस्तक र पाठ्यक्रमभित्रको होइन। जीवनलाई राम्ररी जिउने कला सिकाउने शिक्षादेखि आफूले पाएको शिक्षा र ज्ञान अरूलाई बाँड्नुपर्छ भन्ने मूल्यसमेत उहाँहरूले हामीलाई सिकाउनुभयो।

सिंहमारीको स्कट्स मिशन प्राथमिक स्कूलका प्रधान अध्यापक कार्थक सर र सावित्री गुरुमा कक्षा शुरु हुनुभन्दा आधाघण्टा अघि नै स्कूल पुग्नुहुन्थ्यो। साफ-सफाइ हेरिन्थ्यो, प्रार्थना सभा हुन्थ्यो, राष्ट्रिय गीत गाएपछि मात्रै पढाइ शुरु हुन्थ्यो। कार्थक सर सोझो तर कडा! दिउँसो नजिकैको ठुटे बजारमा भोटिनीको दोकानमा खाजा खान जानुहुन्थ्यो। हामी स्कूल परिपरि छरिएका कागजको पोकोलाई प्लाष्टिकले बेरेर; सुतलीले टनटन्ती बाँधेको बल र ढुङ्गाको गोलपोष्ट बनाई फूटबल खेल्थ्यौं। हर्ली-मल्ला-जशोदा गिरी कपमा खेल्ने खेलाडी भई टोपल्थ्यौं। त्यतिको आनन्द र अलौकिक मजा फेरि कहिल्यै पाउन

**मेरा जीवित गुरुहरू मेरा विद्यार्थीहरूसँग सोध्ने गर्छन् रे, "तिम्रो शिक्षकले कस्तो पढाउँछ ?" यस्तो सुन्दा म हर्षले ओतप्रोत हुन्छु। धेरै गुरुहरू बितेर गइसके। तर बाँचेकाहरूलाई एउटा आश्वासन दिन चाहन्छु– 'शिक्षा र शिक्षकको परम्परालाई अनिकालमा बीउ जोगाए झैं जतन गरी राख्नेछु।'**

सकिनँ। प्राथमिक स्कूल खेलेरै बितायौं। अहिलेका नानीहरूले जस्तो पुस्तक, खाता र व्यागको बोझ कहिल्यै बोकेनौं।

सिंहमारीदेखि बजारको टर्नबुल स्कूल हिंडेर जानसक्ने भयौं। अग्ला र सुन्दर महेन्द्र सर; जो प्रधान अध्यापक पनि हुनुहुन्थ्यो, उहाँले चिनियाँ भाषा सिकाउनुहुन्थ्यो। दौरासुरुवाल र टोपी लगाएर घुरपिसको लौरो बोकी हरेक बिहान स्कूलको मैदानमा आधा घण्टाको रमाइलो जमघट गराउने उप-प्रधानअध्यापक हेमचन्द्र सर अचम्मै स्वभावको हुनुहुन्थ्यो। भित्तामा लौरो ठोकीठोकी लय मिलाउँदै "लडाइँ हुँदैछ, शत्रु आउँदैछन्, वीर सिपाही हो मसीहको" र "वेन टर्नबुल बोरज् गो मार्चिङ्ग अन, दियर वील वी ए न्यू टुमरो" स्कूले गीत सबैलाई सिकाउनुहुन्थ्यो र सबैले गाउँथ्यौं।

एनवी देवान सरले अङ्ग्रेजी व्याकरण, दीक्षित सरले गणित, शङ्कर सरले भूगोल र पीपी राई सर, लक्खी-खालिङ-चन्द्रकान्त-कुमाई सरहरू सबैले चाख मानेर पढाउनुहुन्थ्यो। नजिकैमा रिंक र क्यापिटल सिनेमा घरहरूमा *बबी, एक फूल दो माली, स्याटर डे नाइट फीभर, लभ स्टोरी,* र *गुड, ब्याड एण्ड अग्ली* हेर्न भनी स्कूलबाट भागेर जानेहरूलाई बाटोमा लस्कर लगाई 'धुलाई' दिइन्थ्यो। छेवैको नेपाली गर्ल्स स्कूलका केटीहरू त्यो दृश्यको खुब मज्जा लिन्थे।

दार्जीलिङको बर्खेझरी र त्यसमाथि एउटै श्रेणीमा ५०-६० विद्यार्थीहरू! दुर्गन्ध त फैलिन्थ्यो नै। अल्लरे बल्लरे हामी ठिटाहरूलाई के को दुर्गन्ध? तर थ्री पीस सुटमा डबल नटको टाई बाँधी टिमिक्क कपाल कोरेका पारस आले सर चाहिँ कक्षामा पस्नुअघि नै औंलाले आफ्नो नाक निमोठ्नुहुन्थ्यो। पस्नासाथ आज तिमीहरूले मराठा अगरबत्ती जलाएनौ कि क्या हो भनी सोध्नुहुन्थ्यो। सबैले दुई-दुई पैसा दिई अगरबत्ती किनेर ब्ल्याक बोर्डमा बाल्नु नै पर्थ्यो। पारस सर जस्तो सफा मान्छे स्वास्थ्य शिक्षाका नमूना नै थिए।

स्कूल सकेर फेरि नजिकैको सन्त जोसेफ कलेज गयौं। अहिलेसम्म प्रोटेस्टान्ट स्कूलमा पढेका हामीले क्याथोलिक कलेजमा प्रवेश गर्दा केही पनि अन्तर पाएनौं। विभिन्न राज्य र राष्ट्रहरूबाट आएका विद्यार्थीहरूसँग अचानक जुध्नु पर्‍यो। अङ्ग्रेजी बोल्न र सिक्न करै लाग्यो। कलेजको स्तर निकै माथि, हामीलाई निक्कै हम्मे पर्‍यो। आफ्नो ल्याकतको परीक्षा पनि 'भो। त्यहाँ पनि शिक्षकहरू अति नै परिश्रमी र लगनशील, पढ्नै पर्ने भो। अर्थशास्त्रमा अनर्स गर्ने हामी अझै व्यस्त हुने भयौं। जेराई मुखिया सरले समको प्रल्हाद, देवकोटाको कल्पना निबन्ध र लेखनाथको तरुणतपसी भित्रका शब्द-शब्दको विश्लेषण गर्नुहुन्थ्यो। मिस उनले अङ्ग्रेजी पढाउँदा ध्यान नदिनेलाई 'परीक्षाफलमा लड्डु पाउँछौ' भन्दै दुई सुलुक्क परेका औंला जोडी डल्लो बनाउँदै हामीलाई इशारा गर्नुहुन्थ्यो।

सेतो धोती लगाएका चक्रवर्ती सरले कर प्रणाली पढाउँदा सबै झुल्थ्यौं। क्यालिफोर्निया विश्वविद्यालयमा डाक्टरेट गरेर आउने डा. सरकार यति भुलक्कड थिए कि एकदिन पोस्ट अफिसमा गई चिठ्ठी हाल्नुको सट्टा आफ्नो कालो फाउन्टेन पेन पोस्ट गरेछन्। सबै हाँस्यौं। तर कस्तो विद्वान् मान्छे, मलाई शोधकार्य प्रति झुकाव बढाउने अधिकांश श्रेय नै उहाँलाई दिन्छु। हामी गुरु-शिष्य मिली दुईतीन वटा पुस्तकहरू पनि लेख्यौं।

फिलिप गुरुङ सर सबैको प्यारो। सीबी राई-क्याप्टन लाल-फादर भ्यान-पापाडील-एनवी राई सरहरूले धेरै दिए, केही लिएनन्। कलेज परतिरको बडीको चिया दोकानमा बन-अण्डा यति स्वादिष्ट बनाइन्थ्यो कि विदेशको यति धेरै यात्रापछि पनि बडीकोमा नै जान मन पर्छ। बडी स्वर्गवास भएर कहाँ पुगे, तर त्यो चियापसलको तस्बिर हामीभित्रै छ।

धेरै पाएँ मैले मेरा गुरुहरूबाट तर केही दिन सकिनँ उनीहरूलाई। स्वर्गवास भएका कतिपय गुरुहरूले एउटा विद्यार्थीलाई भने शिक्षककै पेशामा ल्याउन सक्यौं भन्दै होलान् शायद। मेरा जीवित गुरुहरूले चाहिँ मैले अघि ल्याएका देश-विदेशका विद्यार्थीहरूलाई सोध्ने गर्छन् रे, "तिम्रो शिक्षकले कस्तो पढाउँछ?" यी विद्यार्थीहरूसँग कहिलेकाहीं भेट हुँदा मेरा जीवित गुरुहरूले गरेका हाम्रा तीता-मीठा कुराहरू सुनाउँछन्। हर्षले ओतप्रोत हुन्छु, कृतज्ञता पोख्न चाहन्छु, सम्झना र स्मरणले विह्वल हुन्छु। धेरै बितेर गए, अब धेरै रहेका छैनन् पनि। तर एउटा आश्वासन दिन चाहन्छु, उनीहरू सबैलाई। शिक्षा र शिक्षकको परम्परालाई अनिकालमा बीउ जोगाए झैं जतन गरी राख्नेछु। रोप्दैछौं त्यस्ता धेरै बिरुवाहरू, छर्दैछौं अनेकन् बीउहरू- हामीलाई यहाँसम्म पुऱ्याउने गुरु-गुरुमाहरूले निर्माण गरेका सुन्दर बगैंचाहरूमा।

साभार: *हिमाल खबरपत्रिका* १-१५ भदौ २०६१

प्रदीप नेपाल



# मेरा ती आदरणीय गुरुहरू

**म सञ्चार मन्त्रालयमा मन्त्री भएर आउँदा उहाँ मन्त्रालयमै उपसचिव हुनुहुन्थ्यो। तर परशु सरलाई मैले एक दिन पनि उपसचिवको रूपमा भेट्न सकिनँ। सधैं उहाँ मेरो बाल्यकालको 'हेड सर' नै भइरहनुभयो।**

जन्मिएको र हुर्किएको गाउँमा अहिले पनि मोटर पुग्दैन। गाउँमा जन्मिएको भएपनि मेरो सुन्दर बालापन चाहिँ जिल्ला सदरमुकाममा बितेको थियो। त्यतिबेला मेरो गृहजिल्ला भोजपुर धेरै विकसित मानिन्थ्यो- शिक्षा, साहित्य र संस्कृतिको सन्दर्भमा। तर बाटोघाटो, सेवासुविधा र विकासका सन्दर्भमा अहिले त्यो पुछारतिरको एउटा जिल्ला जनिन पुगेको छ।

त्यही भोजपुरका दुई वटा विद्यालयमा मैले आफ्नो स्कूले शिक्षाको आरम्भ र अन्त्य गरें। बीचको एक वर्ष मैले चैनपुर बजारको सरस्वती हाईस्कूलमा पनि बिताएँ। यी तीन वटा विद्यालयमा पढाउने केही गुरुहरू नभइदिनु भएको भए यो प्रदीप नेपाल यति फराकिलो सार्वजनिक जानकारीमा आउन पाउँदैनथ्यो होला।

भोजपुर बजारको पूर्वी किनारमा पोखरे नाउँ गरेको एउटा गाउँ छ। त्यो पोखरेको पूर्वी दक्षिणछेउतिर एउटा स्कूल छ- सरस्वती मिडिल स्कूल। मेरो बाल्यकालमा पनि त्यो मिडिल स्कूल नै थियो, अहिले म प्रौढावस्थातिर प्रवेश गर्ने समयमा पनि त्यो निम्न माध्यमिक विद्यालय, अर्थात् उही मिडिल स्कूल नै छ। रुण्डै आधा शताब्दीको जीवन व्यहोर्न आँटेको त्यही सरस्वती मिडिल स्कूलले मलाई बाह्रखरी छिचोल्न सिकाएको थियो।

हाम्रो स्कूल मूल सडकको छेउमा उभिएको एउटा पाटीमा स्थापित भएको थियो। पुरानो समयमा त्यो पाटी भरियाहरूको भारी बिसाउने, अभरपर्दा रात बिताउने घर थियो। पाटीमा माथिल्लो तलो डङ्डङ्ती थियो भने भुइँतलामा एउटा कोठा बारिएको थियो। त्यो कोठा हाम्रो स्कूलको कार्यालय थियो। पढ्ने विद्यार्थीहरू धेरै थिए। माथिल्लो तलामा पाँच, छ र सात कक्षाको पढाइ हुन्थ्यो। साना कक्षाहरू भुइँमै पढाइन्थे। त्यही पाटीमा २०१६ सालमा मैले बालकक्षामा भर्ना लिएको थिएँ।

बालकक्षाको पढाइ चाहिँ पाटी बाहिरको पश्चिमपट्टि सुतेको चउरमा हुन्थ्यो।

हामीसँग *पहिलो नेपाली वर्णमाला* भन्ने एउटा मात्र पुस्तक थियो बालवर्ग, एक र दुई कक्षामा पढ्दा। एउटा किताबमा धेरै विषय हुन्थे त्यतिबेला। बाह्रखरी,



> मेरो बाल्यकालमा पनि त्यो मिडिल स्कूल नै थियो, अहिले पनि त्यो निम्न माध्यमिक विद्यालय, अर्थात् उही मिडिल स्कूल नै छ । झण्डै आधा शताब्दीको जीवन व्यहोर्न आँटेको त्यही सरस्वती मिडिल स्कूलले मलाई बाह्रखरी छिचोल्न सिकाएको थियो ।

गाउँ खाने कथा, उखान टुक्का, हिसाब र नैतिक शिक्षाका एकाध कथाहरू । खै आफूले पढेको हुनाले हो कि बुढेसकालले छुन खोजेर हो- मलाई अहिलेका पाँच किलोका काँधै झोल्याउने किताबहरूको थासभन्दा त्यो *पहिलो नेपाली वर्णमाला* नै बढी प्रभावकारी थियो भन्ने लाग्छ ।

अक्षर आरम्भ गर्दा हामीले कापी, कलम, सिसाकलम भन्ने चिनेकै थिएनौँ । डेढ फिट लामो, झण्डै एक फिट चौडा काठको पिर्काजस्तो चिप्लो भुइँमा हामी राम्ररी धुल्याइएको माटो मिलाएर राख्थ्यौँ । त्यही माटोमा मैले कपुरी क, खरायो ख भन्दै नेपाली भाषाको अक्षर आरम्भ गरेको थिएँ । हामीले लेख्ने कलमहरू हुन्थे- मसी हाल्नै नपर्ने खिपेर बनाइएका बाँसका सिन्काहरू ।

केटाकेटीमा गाउँमै स्कूल भए पनि बिहानको खाना खाने बित्तिकै रौसिएर स्कूल जान हामी धेरैलाई मन पर्दैनथ्यो । धुलैमा खेल्ने त हो, धुलैमा लेख्ने त हो भन्दै म र मेरा दौंतरीहरू भरसक भात खाएपछि धुलीमाटो खेल्न दौडिइहाल्थ्यौं ।

त्यतिबेला हामीलाई पढाउने सबै शिक्षकको सम्झना छैन अहिले । एकजना हुनुहुन्थ्यो यदुकुमार कार्की । गाउँले नै हुनुहुन्थ्यो उहाँ । हामी एकाध दिन हराउन थालेको थाहा पाएपछि उहाँ मेरो घरैमा आइपुग्नुहुन्थ्यो र आँगनबाटै कराउनुहुन्थ्यो, "ठूलीआमा (मेरी माताजीलाई गाउँमा सम्बोधन गरिने शब्द) खै हाम्रो कान्छो ? त्यो हिजो किन स्कूल आएन ? बिरामी त परेको छैन !"

म डरले लल्याक्लुलुक् हुन्थेँ । यदुकुमार दाइलाई सम्बोधन गर्दै आमा भन्नुहुन्थ्यो, "बिरामी त के हुन्थ्यो । भाग्ने बानी लागेछ यल्लाई पनि ।"

भात खाउन्जेल मेरो गुरु मलाई पर्खिएर बसिरहनुहुन्थ्यो । र, गाउँका अरू घरतिर जानुपर्ने काम नभए मलाई लिएरै स्कूलतिर ओरालो लाग्नुहुन्थ्यो ।

बाटामा उहाँ मलाई सम्झाउनुहुन्थ्यो, "हेर कान्छा, लेखपढ गर्न नजान्ने मान्छेको जीवन ढाकर खेपेर बित्छ । भारी बोकेर बराहक्षेत्रको अक्कर काट्नुपर्छ । तर लेखपढ गरेपछि मानिसहरू अड्डामा हाकिम हुन्छन्, डाक्टर हुन्छन्, स्कूलका सर हुन्छन्, विराटनगर, काठमाडौंमा गएर घुमफिर गर्न पाउँछन् । नपढेकालाई सबैले हेप्छन् । पढेकालाई सबैले मान गर्छन् । पढ्न कहिल्यै अल्छी नगर्नू । तिमीले धेरै पढेनौं भने ठूलीआमाले बाँचुन्जेल दुःख खेप्नुपर्छ । पढेर ठूलो मान्छे भयौ भने आमाले सुख पाउनुहुन्छ ... ।"

यदुकुमार कार्कीले खाली मलाई मात्र यस्तो गर्नु हुन्थेन । त्यसैले उहाँद्वारा बाह्रखरी सिकाइएका हाम्रो गाउँका धेरै केटाकेटीहरू अहिले शिक्षा-दीक्षाका राम्रै स्थितिमा उभिन पुगेका छन् । बाल्यकालको त्यही शिक्षाका कारण प्रौढतातिर हिँडिरहेका ती पुराना विद्यार्थीहरू जहाँ भए पनि सामाजिक दायित्वबोध महसूस गरिरहन्छन् ।

यदुकुमार कार्कीको भौतिक शरीर अहिले हाम्रासामु छैन । तर उहाँले हुर्काएका हामीजस्ता वृक्षहरू आज पनि उहाँले गर्नुभएको मलजलको गुन सम्झिइरहेका छौं । हामी पुराना बालसखाहरू कहिलेकाहीं एकअर्कासँग भेट गर्दा "आजभोलि पनि त्यस्ता शिक्षक पाइएलान् ?" भनेर आफैँसित सोध्ने गर्छौं ।

कथाकार परशु प्रधानको परिचय मैले उक्काइरहनु पर्दैन । उहाँले पनि मलाई सरस्वती मिडिल स्कूलमा पढाउनुभएको थियो । केटाकेटीहरूलाई व्यक्तिगत रूपमा चिन्ने मात्र होइन, तिनीहरूभित्रको मौलिक प्रतिभा पत्ता लगाउने र त्यसलाई सार्वजनिक गर्न अथक् प्रयत्न गर्ने गुरुका रूपमा मैले उहाँलाई पाएको थिएँ । चार, पाँच र छ कक्षामा उहाँले मलाई पढाउनुभएको थियो । उहाँ विद्यालयमा साहित्यिक कार्यक्रम सञ्चालन गर्नुहुन्थ्यो । अतिरिक्त क्रियाकलापका कक्षाहरू सञ्चालन गर्न लगाउनुहुन्थ्यो । ८ वर्षको उमेरमा मैले पहिलो कविता लेखेको थिएँ 'सुन्दर हिमाल' शीर्षकमा । उहाँलाई साह्रै मन परेछ । उहाँले मलाई एउटा सिसाकलम र आठ पाने कापी पुरस्कार दिँदै दोहोऱ्याएर कविता पाठ गर्न लगाउनुभयो । मेरो साहित्यिक चेत ब्यूँझाउने गारोको जगमा राखिएका इँटाहरूमध्ये एउटा इँटा परशु प्रधान सर पनि हुनुहुन्थ्यो ।

परशु प्रधान सरलाई हामीले धेरै पढेको सरको रूपमा चिनेका थियौं । तीन वर्ष उहाँले हामीलाई अङ्ग्रेजी पढाउनुभयो । तीन वर्षपछि उहाँ जिल्लाकै अर्को गाउँ, कुलुङ्गको विद्यालयमा पढाउन जानुभएको थियो । पछि उहाँ सरकारी कर्मचारी पनि हुनुभयो । तर सरकारी कर्मचारी भएर उहाँले अरूका लागि सम्झिइरहने काम गर्नुभएन । अहिले पनि उहाँका पुराना विद्यार्थीहरूले नै परशु सर भनेर उहाँलाई सम्झिइरहन्छन् । ०५१ सालमा म सञ्चार मन्त्रालयमा मन्त्री भएर आउँदा उहाँ मन्त्रालयमै उपसचिव हुनुहुन्थ्यो । तर परशु सरलाई मैले एक दिन पनि उपसचिवको रूपमा भेट्न सकिनँ । सधैं उहाँ मेरो बाल्यकालको 'हेड सर' नै भइरहनुभयो ।

मेरो स्मृतिमा अमर भएर रहने अर्को गुरुको नाम हो- जयप्रसाद उपाध्याय नेपाल । उहाँ हामीलाई त्यही सरस्वती मिडिल स्कूलमा नेपाली र संस्कृत पढाउनुहुन्थ्यो । घरबाट स्कूलमा आइपुग्न उहाँलाई डेढ घण्टै लाग्थ्यो होला । नातामा उहाँ मेरो काका पर्नुहुन्थ्यो । सरस्वती मिडिल स्कूलबाट बिदा हुने बेलामा, अर्थात् कक्षा सातको परीक्षा उत्तीर्ण गरेपछि मैले गुरुलाई भनें, "काका, तीन-तीन घण्टाको ओरालो-उकालो कति खेप्नु हुन्छ ? बरु जागिर खानु नि कतै ! (म जागीरे बाबुको छोरो थिएँ) ।

"केटाकेटीलाई पढाउँदा आनन्द आउँछ । अहिले सबैले गुरु भनेर मानमनितो गरेका छन् । भोलि यिनीहरू

ठूला ठूला मानिस हुन्छन् । देश देशावर गरेर जिल्लामा फर्किंदा सबैले गुरु भनेर सम्मान गर्छन् । जागिर त दाइ (अर्थात् मेरा पिताजी) ले खानुभएकै छ । सबैले किन जागिर खानु पऱ्यो ! रामरी पढ् । घर छोडेर अर्को जिल्ला जाँदैछस् । दाजुको जागिर भोजपुर सरुवा भएपछि तँ पनि यतै आउनेछस् । मान्छेले छि ! यो त बिग्रिएछ नभनून् । हामी गुरुहरूको नाक नकाटेस्...” उहाँले भन्नुभयो ।

यी मेरा बाल्यकालका सम्झनाका खुट्काहरू हुन् । पोखरेको सरस्वती मिडिल स्कूलबाट कक्षा सात छिमलेपछि म पिताजीको जागिर सँगसँगै चैनपुरतिर लागेँ ।

मेरो स्मृतिमा चैनपुरको सरस्वती हाईस्कूलका बङ्गाली गुरु, एम.कम. सर (उहाँको नाम नै हाम्रा लागि एम.कम. सर भएको छ) पनि प्रतिष्ठित अनुहार लिएर बाँचिरहनुभएको छ । पश्चिम बङ्गालको कतैतिर थियो उहाँको जन्मथलो । उहाँले उतैबाट एम.कम. गर्नुभएको थियो । कमजोर क्षेत्रमा शिक्षा सेवाको लक्ष्य बोकेर उहाँ नेपाल आउनुभएको थियो । लामै समय उहाँले धनकुटाको हाईस्कूलमा पढाउनुभयो । त्यसभन्दा दुर्गम र विकट मानिने चैनपुरको स्कूलबाट निम्तो पाएपछि उहाँ सरासर त्यतै लाग्नुभयो ।

उहाँसँग एक वर्षको सान्निध्य रह्‍यो मेरो । त्यो अवधिमा उहाँले नेपाली बोलेको मैले कहिल्यै सुनिनँ । हिन्दी पनि उहाँ बोल्नुहुन्नथ्यो । नेपाली भाषासँग उहाँको परिचय थियो । तर अध्यापनको विषयका कारण उहाँ नेपालीभन्दा अङ्ग्रेजी नै बोल्न बढी रुचाउनुहुन्थ्यो । उहाँ आठ, नौ र दशका विद्यार्थीलाई अङ्ग्रेजी पढाउनुहुन्थ्यो ।

उहाँको कक्षामा मेरो पहिलो दिन थियो । कुर्ता र धोती लगाएको सौम्य अनुहारको एम.कम. सर कक्षा कोठामा प्रवेश गर्नुभयो । उहाँले हामीले बुझ्ने भाकामा एउटा अङ्ग्रेजी कथा सुनाउने र विद्यार्थीले त्यसको नेपाली अनुवाद गर्नुपर्ने निर्देशन दिनुभयो ।

कोठामा सन्नाटा छायो । एम.कम. सरले शुरु गर्नुभयो, “ओन्स अपन अ टाइम दियर वेयर टू फ्रेण्ड्स् ... ।”

छोटो कथा थियो त्यो । तर हामीले आफ्नो स्कूलमा कक्षा सातमै त्यो कथा पढिसकेका थियौँ । त्यसै हुनाले एम.कम. सरको कथा मेरो दिमागमा सजिलै अनुवादित भइरहेको थियो । उहाँले कथा सिध्याउँदा मैले अनुवाद पनि सिध्याइसकेको थिएँ ।

“अब कसले अनुवाद गर्छौ ?” एम.कम. सरले अङ्ग्रेजीमा सोध्नुभयो ।

म थिएँ एकदमै नयाँ विद्यार्थी, त्यो पनि अर्को जिल्लाबाट आएको । एकखालको हिच्किचाहट हुने नै भयो । अरूले भनिहाल्लान् भनेर म पर्खेर बसिरहेँ । तर दुई मिनेट लामो सन्नाटामा पनि कोही बोलेनन् । एम.कम. सरको आँखा पालैपालो विद्यार्थीमाथि घुमिरहेको थियो । उहाँका आँखा ममाथि पर्नेबित्तिकै मैले हात उठाएँ । उहाँले अङ्ग्रेजीमा सोध्नुभयो, “नयाँ विद्यार्थी हो ?”

मैले नेपालीमा जवाफ फर्काएँ, “हजुर, म भोजपुरबाट आएको हुँ ।”

“ल, अगाडि बढ ।”

एम.कम. सरको निर्देशन पाएपछि म बोल्न थालेँ, “एकादेशमा दुईजना साथीहरू थिए । तिनीहरू असाध्यै मिल्थे । एकदिन तिनीहरू जङ्गलको बाटो परदेश जाँदै थिए । अकस्मात् बाटामा एउटा अजङ्गको भालु भेटियो । भालुलाई देख्नेबित्तिकै एउटा साथी आत्तिँदै छेउको अग्लो रूखमा चढ्यो । अर्को साथीलाई रूख चढ्न आउँदैनथ्यो । त्यसैले ऊ घोप्टो परेर भुईंमा सुत्यो । भालुले मरेको मान्छेको मासु खाँदैन भन्ने उसलाई थाहा थियो । त्यसैले ऊ सास रोकेर घोप्टिइरह्‍यो । नभन्दै भालु पनि उसको टाउको, कान, गर्धन सुँघेर आफ्नो बाटो लाग्यो ।

भालु बाटो लागिसकेपछि रूख चढेको साथी भुइँमा ओर्लियो । भालुले छोडेर हिँडेको जानकारी घोप्टो सुतेको साथीलाई पनि थाहा भइसकेको थियो । ऊ पनि सुतेको ठाउँबाट उठ्यो ।

रूख चढ्ने साथीले भुईंको साथीसँग सोध्यो, “साथी, भालुले तिमीलाई केही भनेजस्तो छ । के भन्यो ?”

भुइँको साथीले भन्यो, “ए फ्रेण्ड इन निड इज ए फ्रेण्ड इन्डिड ।”

> **“एम.कम. सरको नाम खोजी गर्दा पाउन सकिएला । तर मैले उहाँलाई एम.कम. सरका रूपमा चिनेँ र सधैंभरि म उहाँलाई एम.कम. सरकै रूपमा चिनिरहन चाहन्छु । उहाँले त्यही कक्षामा भन्नुभएको थियो, भोजपुरबाट आएको विद्यार्थीलाई म बधाई दिन चाहन्छु ।”**

पुछारको वाक्यको ठ्याक्क नेपाली अनुवाद नआएर मैले अङ्ग्रेजीमै बोलेको थिएँ । सबैभन्दा पहिले एम.कम. सरले ताली बजाउनुभयो । सँगसँगै विद्यार्थी साथीहरूले पनि ताली लगाए । मेरो हौसला बढ्यो ।

एम.कम. सरको नाम खोजी गर्दा पाउन सकिएला । तर मैले उहाँलाई एम.कम. सरका रूपमा चिनेँ र सधैँभरि म उहाँलाई एम.कम. सरकै रूपमा चिनिरहन चाहन्छु । उहाँले त्यही कक्षामा भन्नुभएको थियो, “भोजपुरबाट आएको विद्यार्थीलाई म बधाई दिन चाहन्छु । तिमीले राम्रो काम गरेका छौ । तर तिमी र तिम्रा साथीहरूले सधैँ एउटा कुरा मनमा राखिरहनुपर्दछ । यदि तिमी साँच्चै अङ्ग्रेजी सिक्न चाहन्छौ भने, तिमीले अङ्ग्रेजीमै पढ्न, अङ्ग्रेजीमै बोल्न, अङ्ग्रेजीमै लेख्न र अङ्ग्रेजीमै सपना देख्न सिक्नुपर्छ ... ।”

मलाई एक वर्षसम्म अङ्ग्रेजीको ज्ञान दिने एम.कम. सर अहिले हुनुहुन्न । तर उहाँको एकवर्षे शिक्षाको प्रेरणाले अहिले पनि म विदेशीहरूसँग कुरा गर्दा ‘एस’ र ‘नो’ भन्न सक्ने भएको छु ।

मेरा आदरणीय गुरुहरूलाई मेरो प्रणाम !

*(नेपाल शिक्षामन्त्री हुनुहुन्छ ।)*

व्यक्तित्व: धनञ्जय तिमिल्सिना

**महेशविक्रम शाह**



# एक असल र योग्य शिक्षक

**प्राय: सबै शिक्षकले विद्यार्थीलाई राम्रोसँग पढ, राम्रो मान्छे बन भन्छन्, तर आफ्ना शिष्यको प्रतिभा बेलैमा चिनेर त्यसको विकासमा योगदान पुऱ्याउने गुरुहरू कमै हुन्छन्। तर मलाई भने त्यस्ता महान् गुरु स्कूले उमेरमै जुरे।**

मेरो *छापामारको छोरो* कथा सङ्ग्रहलाई २०६३ सालको मदन पुरस्कार दिने निर्णय भएको सुनेपछि मलाई अनायासै मेरो विद्यालयका नेपाली गुरु धनञ्जय तिमिल्सिनाको सम्झना आयो। मलाई लाग्यो, मेरोसँगै उहाँको पनि सपना साकार भएको छ। मैले श्रद्धेय गुरुलाई सम्झँदै आफ्नो शिर झुकाएँ।

मलाई अहिले पनि सम्झना छ, कैलालीको टीकापुर आवासीय माध्यमिक विद्यालय (हाल वीरेन्द्र विद्यामन्दिर) मा आठ कक्षामा अध्ययनरत् छँदा जाडो महिनाको एक दिन प्रधानाचार्य थोमस बर्गिजले एउटा नौलो अनुहारको परिचय दिँदै भन्नुभयो, "उहाँ तिमीहरूका नयाँ नेपाली शिक्षक हुनुहुन्छ।" हामी उत्सुक भयौं। नयाँ नेपाली गुरुले त्यसै दिन हामीलाई नेपाली पढाउनुभयो। पढाउनुका साथसाथै हामीलाई आफ्नो समग्र परिचय दिन पनि बिर्सनुभएन। उहाँ भर्खर मात्र नेपाली विषयमा एम.ए. को डिग्री प्राप्त गरी आउनुभएको थियो। उहाँले धेरै साहित्यिक रचनाहरू पनि लेख्नुभएको थियो। उहाँको समग्र व्यक्तित्व थाहा पाएपछि म औधी खुसी भएँ। मलाई मेरो साहित्यिक रुचिले बल्ल उपयुक्त 'गाइड' फेला पारेको महसूस भएको थियो।

उहाँको अध्यापनमा मौलिकता थियो। उहाँ फुर्सदको बेला आफूले लेखेका निबन्धहरू सुनाएर हामीलाई पनि लेख्न र सुनाउन लगाउनुहुन्थ्यो। मेरो साहित्यमा अभिरुचि रहेको भन्ने थाहा पाउँदा उहाँ साह्रै खुसी हुनुभयो। विद्यालयको वार्षिकोत्सवको अवसर पारेर उहाँले साहित्यिक प्रतियोगिता गराउनुभयो। मेरो 'गुनकेसरी लता' नामक कविता प्रतियोगितामा द्वितीय भयो।

विद्यालयमा मलाई गणित गाह्रो र नेपाली सजिलो लाग्थ्यो। त्यसैले नेपाली गुरुको प्यारो चेलो बन्न मैले कुनै प्रयास गर्नुपरेन। गुरुले ह्रस्व-दीर्घको ज्ञानसँगै लय हालेर छन्दोबद्ध कविता वाचन गर्न पनि सिकाउनुहुन्थ्यो। परिणामत: म त्यतिबेला नै शम्भुप्रसाद ढुङ्गेलको 'जान्छिन् आज शकुन्तला घर भनी', माधव घिमिरेको 'जुँघा रेखी भरखर बसी', लेखनाथको 'म खाऊ मै लाऊँ' आदि कविताहरू भाका हाली गुन्गुनाउने गर्थें।

नेपाली पुस्तक पढाउँदा उहाँले सम्बन्धित पाठको रचना गर्ने साहित्यकारका बारेमा पनि प्रशस्त जानकारी दिनुहुन्थ्यो। धनञ्जय गुरुको सिकाइले मैले भानुभक्त र मोतीरामलाई चिनें, गोठाले चिनें र विकल चिनें, सिद्धिचरण र रिमाललाई चिनें, भूपि र पारिजातलाई चिनें। त्यस बेला नेपाली साहित्यकारप्रति मेरो हृदयमा जुन आदर र श्रद्धा जागेको थियो, धनञ्जय गुरु नहुनुभएको भए सायद त्यो भावना नै आउँदैनथ्यो कि! उहाँ पनि दिनप्रतिदिन ममा जागिरहेको साहित्यिक तृष्णा देखेर रमाउनुहुन्थ्यो। मेरा साथीहरूसँग उहाँ 'महेश त मभन्दा पनि राम्रो निबन्ध लेख्न थाल्यो नि!' भनेर मलाई फुरुङ्ग पार्नुहुन्थ्यो।

विद्यालयमा अध्ययनरत् छँदाखेरि नै, एक दिन म धनञ्जय गुरुको टीकापुर-अवस्थित घरमा डेरा गर्न आइपुगें। गाउँबाट सधैं एक घण्टा हिँडेर विद्यालय धाउँदा पढाइमा बाधा पर्ने देखेर मेरा माता-पिताले गुरुसँग कुरा गरी सँगै रहने व्यवस्था मिलाइदिनुभएको थियो। हाम्रो विद्यालय धनञ्जय गुरुको घर छेवैमा थियो। जान-आउन पाँच मिनेट पनि लाग्दैनथ्यो। गुरुको घरमा बस्न थालेपछि अब ओहोरदोहोरको लखतरानले गुज्रिने समय अध्ययनमा लगाउने मौका मिलेको थियो। म गुरुसँग सधैं जसो साहित्यिक विचार-विमर्श गरिरहन्थें। गुरु पनि विश्वप्रसिद्ध साहित्यकारका जीवनीहरू सुनाएर मलाई उनीहरूजस्तै बन्ने प्रयास गर्ने प्रेरणा दिनुहुन्थ्यो।

एक दिन म आफ्नो कोठामा बसेर पाठ पढिरहेको थिएँ। गुरु भुइँतलामा रहेको भान्साकोठामा बिहानको खाना पकाइरहनुभएको थियो। उहाँले एक्कासि मलाई बोलाउनुभयो। म भऱ्याङ ओर्लँदै तल गएँ। भान्साकोठा धूवाँको कुइरीमण्डलले ढाकिएको थियो। गुरु सेतो धोती बेरेर काठको पिर्कामाथि बसिरहनुभएको थियो। उहाँको नजिकै ताउलोमा भात छड्किरहेको थियो। घरी-घरी उहाँ चुलोमा दाउरा ठोसिरहनुभएको थियो। उहाँको अगाडि विद्यार्थीका गृहकार्यका कपीहरू असरल्ल थिए। उहाँले भान्सा नछोइकन नजिकैको पिर्कामा बस्ने आदेश दिनुभयो। गुरुको हातमा मेरो नेपालीको गृहकार्यको कपी थियो। कपी खुल्ला थियो र ठाउँ-ठाउँमा गुरुले सच्याएका राता

चिह्नहरू दृष्टिगोचर भइरहेका थिए। गुरुले मतिर हेर्दै भन्नुभयो, "बाबु महेश ! म तिम्रो नेपाली गृहकार्यको कपी जाँचिरहेको छु। तिम्रो नेपाली लेखाइले म अति नै प्रभावित छु। तिम्रो लेखाइले तिमी भविष्यमा साहित्यकार बन्न सक्ने सम्भावनालाई इङ्गित गर्दछ। ठूलो भएर, पढेर जागिर खाने, पैसा कमाउने, मोजमस्तीसँग बस्ने कुरा जीवनको उद्देश्य हुनुहुँदैन। तिम्रो जीवनको उद्देश्य भनेको लेखनाथ हुनुपर्छ, देवकोटा हुनुपर्छ र सम हुनुपर्दछ। म यही चाहन्छु ! तिमी भविष्यमा ठूलो साहित्यकार बन, मदन पुरस्कार पाऊ र नाम कमाऊ।"

करिब आधा घण्टाजति चुलामा छड्किरहेको भात पकाईवरी तरकारीको कराही चुलामाथि बसाल्दासम्म पनि उहाँ मेरो भविष्यका बारेमा नै बोलिरहनुभएको थियो। म मन्त्रमुग्ध भएर उहाँलाई सुनिरहें। मलाई त्यस घटनाले हदैसम्म प्रभावित गऱ्यो।

मेरो विद्यालय त्यस बेला सुदूरपश्चिम क्षेत्रकै नाम चलेको विद्यालय थियो। विद्यालयमा थुप्रै साहित्यिक र सांस्कृतिक प्रतियोगिताहरू हुन्थे, प्रतिस्पर्धा गराइन्थ्यो, तर कसैलाई पुरस्कार भने दिइँदैनथ्यो। मैले पहिलो साहित्यिक पुरस्कार नेपाली भाषा र साहित्यका साधक पूर्णप्रकाश नेपाल 'यात्री' ज्यूबाट प्राप्त गरेको थिएँ। उहाँ देशदर्शनको सिलसिलामा टीकापुरमा आइपुग्नुभएको थियो। उहाँले त्यहाँ साहित्यिक प्रतियोगिता गराई हामीलाई प्रोत्साहित गर्नुभएको थियो। पुरस्कारस्वरूप मैले उहाँद्वारा लिखित पुस्तक *सेती अञ्चल दिग्दर्शन, सेतीको नालीबेली* र पहलमानसिंह स्वाँरको नाटिका *लालुभागा* प्राप्त गरेको थिएँ। त्यतिबेला पुरस्कार प्राप्त गरेको चरम खुसीको क्षणलाई म अहिले पनि स्मरण गरेर रोमाञ्चित हुने गर्दछु।

मैले धनञ्जय गुरुमार्फत् 'यात्री' ज्यूसँग नजिक हुने अवसर पाएँ। हामी ठाउँ-ठाउँमा साहित्यिक कार्यक्रमहरूमा साथै रह्यौं। उहाँले मेरा धेरै रचनाहरू पढ्नुभयो र मलाई आशिष् दिँदै भन्नुभयो– "यसै गरी लेख्दै जाऊ बाबु, तिम्रो भविष्य उज्ज्वल छ !" पछि उहाँको *सेतीका तारा* नामक पुस्तक प्रकाशन भयो जसमा उहाँले मेरो परिचयसहित तस्बिर छापी भविष्यको सेतीको ताराका रूपमा मलाई सम्मान दिनुभएको थियो।

विद्यालयस्तरमा सबैका गुरु हुन्छन्, तर यस्ता गुरु विरलै हुन्छन् जसले आफ्ना शिष्यलाई असल मान्छे बनेर देखाउने सङ्कल्प जगाउने शिक्षा दिऊन्। सबै गुरुले सबै शिष्यलाई राम्रोसँग पढ, राम्रो मान्छे बन भनेर प्रायः सधैं भन्छन्, तर आफ्ना शिष्यमा रहेको प्रतिभालाई बेलैमा चिनेर त्यसको विकासको सम्भावनाको खोजीमा लाग्ने महान् गुरुहरू कमै हुन्छन्। मेरा गुरु पनि तिनै महान् गुरुहरूमध्ये एक हुनुहुन्छ जसले ममा रहेको सृजनशील प्रतिभाको पहिचान गरी आफ्नो सृजनशीलताको विकासमा मलाई बेलैमा निर्देशित गर्दै सचेत र सजग तुल्याउनुभएको थियो।

आफ्नो विद्यालयका दिनलाई फर्केर हेर्दा त्यो समय आफ्नो जीवनको स्वर्णिम समय लाग्छ। हरेक विद्यार्थीमा साहित्यिको चेतना र तिर्खा अटेसमटेस थियो। 'कोभन्दा को कम' को भावना थियो। साहित्यिक र सांस्कृतिक प्रतिस्पर्धाहरू बग्रेल्ती हुन्थे। हामी अलि लेख्न जान्नेहरू आफूलाई के-के न आउँछ भनेझैं गरिटोपल्थ्यौं। मलाई जहाँसम्म स्मरण छ, गुरुको पवित्र छहारीमा रहेर साहित्य लेख्न सिक्ने अन्य साथीसँगीहरू नरराज खनाल, महामाया उप्रेती, निर्मला थापा, पञ्चकुमारी खड्का, चन्द्र दीपक पोखरेल, कमला पोखरेल आदि थिए। यी नामहरू साहित्यकार नै नबने पनि आ-आफ्नो क्षेत्रमा सफल र आफ्नो परिचय स्थापित गर्न सक्षम भएका छन्। जीवनको त्यो पल्लो पाटामा रहेका मेरा सँगीहरूलाई एक सफल र असल मान्छे बन्न हाम्रा गुरुको प्रेरणा र सिकाइले अवश्य पनि साथ दियो होला भन्ने म ठान्दछु।

धनञ्जय तिमिल्सिना



"गुरुले भन्नुभएको थियो, "तिम्रो जीवनको उद्देश्य लेखनाथ, देवकोटा र सम बन्ने हुनुपर्दछ। तिमी भविष्यमा ठूलो साहित्यकार बन, मदन पुरस्कार पाऊ र नाम कमाऊ।""

मैले प्रवेशिका परीक्षा प्रथम श्रेणीमा उत्तीर्ण गरेपछि माता-पिताले मलाई उच्च शिक्षाका लागि काठमाडौं पठाउने निर्णय गर्नुभयो। तर कुन विषय लिएर पढ्ने ? त्यसमा निर्णय भइसकेको थिएन। मैले नेपाली साहित्य लिएर पढ्ने र आफ्नो साहित्यकार बन्ने उद्देश्य रहेको निर्णय सुनाएँ। मेरो निर्णयले मेरा माता-पितालाई खिन्न तुल्यायो। उहाँहरूलाई मनाउन मैले गुरुको शरण लिएँ। गुरुले मेरा माता-पितालाई सम्झाउँदै 'महेशको रुचि नेपाली साहित्यमा छ र ऊ भविष्यमा सफल साहित्यकार बन्न सक्छ, उसलाई उसको रुचिअनुसार नै उच्च शिक्षा हासिल गर्न दिँदा बेस होला' भन्ने सल्लाह दिनुभयो। तर पिताजीले गुरुको 'आदर्श भनाइ'को सम्मान गर्दै 'महेशले डाक्टर बन्न विज्ञान पढोस् र आफ्नो जीवन सफल तुल्याओस्' भन्ने इच्छा राखेको कुरा स्पष्ट बताउनुभयो। माता-पिताको भनाइका अगाडि हामी गुरु-चेला नतमस्तक बन्यौं। म विज्ञान पढ्न काठमाडौं आएँ।

छोरो डाक्टर बनोस् भन्ने माता-पिताको सपना मबाट साकार हुन सकेन। तर *छापामारको छोरो* ले मदन पुरस्कार प्राप्त गरेपछि गुरुको आशीर्वाद र 'सफल साहित्यकार बन्ने' आफ्नो पुरानो सपना भने अवश्य नै पूरा भएको छ।

पुण्यशील गौतम

# कला कक्षा

## जहाँ बालबालिका रमाउँछन् र सिक्छन् पनि

**बालबालिकालाई कला शिक्षाको कक्षा सबैभन्दा रोचक र स्मरणीय हुन्छ। कला पढाउन सिद्धहस्त कलाकार नै शिक्षक हुनुपर्छ भन्ने पनि छैन। कला क्षेत्रमा रुचि भएका र आधारभूत तालिमप्राप्त शिक्षकले यो विषय सजिलै पढाउन सक्छन्।**

बालकला- प्राथमिक विद्यालयमा सिकाउनै पर्ने भनी सिद्ध भइसकेको विषय हो। तथापि नेपालका आम विद्यालयमा अनिवार्य विषयको रूपमा यो विधाले जरो गाड्न अझै केही समय लाग्ने देखिन्छ। बालकला भनेको सिर्जनात्मक अभिव्यक्ति कला (सिअक) हो। यसभित्र दृश्यकला र 'पर्फर्मिङ आर्ट' भनेर चिनिने अभिव्यक्ति कला पर्दछन्। दृश्यकलाअन्तर्गत पनि चित्रकला र मूर्तिकला पर्दछन्। बालबालिकाहरू चित्र कोर्न, माटाको आकृति बनाउन या खेर गएका वस्तुहरूबाट निर्माणकार्य गर्न स्वभावैले तयार रहन्छन्। तर पाठ्यक्रम अनुसारको सिकाइ प्रक्रिया व्यवहारमा ल्याउन विद्यालय र शिक्षकहरूको आत्मविश्वास, जाँगर र अग्रसरता भने अनिवार्य हुन्छ। नेपालको सन्दर्भमा यही पक्ष नै प्रमुख चुनौतीका रूपमा देखा पर्छ।

पाटन शहरका केटाकेटीहरूले पुरानो कतारोमा प्वाल पारेर त्यसमा झारपात र फूलहरू कोची मत्स्येन्द्रनाथको रथ बनाएर खेलेको मैले कैयौंपटक देखेको छु। खेतबारीका गरा; खोलाको छेउ या बालुवा थुपारेको ठाउँमा लट्ठीका टुक्रा गाडेर माथिपट्टि अरू लट्ठी र पातहरू राखेर घर-गोठ बनाएर खेलेको या भुइँमा इँटको टुक्राले कोरेर बालबालिकाहरूले चित्र बनाएको हामीलाई कुनै नौलो कुरा होइन। यस्तो कला निर्माण गर्ने बाल स्वभावलाई विद्यालयको कक्षाकोठाभित्रै स्थान र मान्यता प्रदान गर्नु बालकला-शिक्षणको पहिलो खुट्किलो हो। यस्तो सिकाइमा बालबालिकाका सामाजिक, मानसिक र संवेगात्मक पक्षहरू एकैसाथ समेटिएका हुन्छन्। कुनै पनि कला सिर्जना गर्दा बालबालिकाले आफू र आफू वरिपरिको संसारको वास्तविक रूप बुझ्न खोजिरहेका हुन्छन्। कला सिर्जना गर्ने क्रममा उनीहरू अरूहरूसँग आफ्नो सिर्जनालाई मान्यता दिन सकारात्मक अन्तरक्रिया गर्दछन् र आफूलाई महत्त्वपूर्ण लागेको भावना आफ्नो शैलीमा अभिव्यक्त गरेर आत्मविश्वास बढाइराखेका हुन्छन्।

कला विषय विद्यालय शिक्षणको अभिन्न अङ्ग बनाउँदा हामीले प्राकृतिक रूपमा हुने सीप विकासको क्रमबद्ध प्रक्रियाका साथसाथै वरिपरि पाइने सामग्रीहरूबाट उपयोगी वस्तु निर्माण गर्ने, चित्र बनाएर भाव व्यक्त गर्ने, नृत्य, सङ्गीत र अभिनय प्रस्तुत गर्नेजस्ता सिर्जनशील पक्षहरूलाई 'शिक्षा' भित्र पारिरहेका हुन्छौं। यो कार्य त्यति गाह्रो पनि छैन। प्राथमिक विद्यालयस्तरको राष्ट्रिय पाठ्यक्रममा विभिन्न कला सामग्रीहरूको प्रयोग गर्न र शिक्षकको सिर्जनशीलता अनुसारको पाठयोजना बनाउन पर्याप्त लचकता प्रदान गरिएको छ। यससम्बन्धी परिमार्जित पाठ्यक्रमले आधारभूत कला सामग्री र हातले बनाएरै अभिव्यक्त भएका सिर्जनशील कला निर्माण गर्न सक्ने अनुभवहरू प्रदान गर्छ। कला शिक्षणको वर्तमान पाठ्यक्रमको खुड्किलो पार नगरी यसभन्दा जटिल र परिष्कृत पाठ्यक्रम लागू गर्न सम्भव हुँदैन। सिर्जनात्मक अभिव्यक्ति कला शिक्षणसम्बन्धी पाठ्यक्रम लागू गर्दा भएका सफलताका कथाहरूको अभिलेख राख्नु अहिलेको आवश्यकता हो। त्यसका आधारमा यस विषयसम्बन्धी शिक्षण-विधिको दिगो जग निर्माण गर्न सकिन्छ। प्रस्तुत तस्बिरहरूले यस्तै सफलताका कथाहरू बोकेका छन्।

### रेखाचित्र

सिसाकलम, चक, मैन रङ, मार्कर वा इँटका टुक्राजस्ता विभिन्न कोर्ने सामग्रीहरू र कागज, भुइँ, स्लेट र भित्ताजस्ता कोर्न हुने सतहमा चित्रकला सिर्जनाको अनुभव प्रदान गर्नु कक्षा एकको उद्देश्य हो। कक्षाकोठामा कथा सुनाएपछि शिक्षकले बालबालिकाहरूलाई स्वतन्त्र रूपले विद्यालय बाहिर सिमेन्ट लगाएको भुइँमा चकले कोर्न दिए। बालबालिकाले आफ्नो मनमस्तिष्कमा फुरेका कल्पनाहरू कोरे; एकआपसमा सल्लाह गरे, अरूहरूले कोरेका कुराहरूलाई स्वीकारे र ठूलो सन्तुष्टिका साथ एक घण्टाको कक्षाबाट विभिन्न सिकाइ उपलब्धिहरू हासिल गरे।



## माटाको काम

मुछेको माटोलाई कक्षामा शिक्षण सामग्रीको रूपमा प्रयोग गरेर विद्यार्थीहरूलाई विभिन्न सीप सिकाउन सकिन्छ। माटो साना बालबालिकादेखि वरिष्ठ कलाकारहरूले रुचाउने वस्तु हो। पानीको मात्रा न्यून राखेमा कक्षामा हिलो हुँदैन र माटो प्रयोग गर्न रमाइलो हुन्छ। यहाँ बालबालिकाहरू माटो पेलेर त्यसमा बुट्टा काट्न र दुवै हातका औँलाहरू स्वतन्त्र रूपमा प्रयोग गरेर आकृति निर्माण गर्नमा तल्लीन छन्।



## कोलाज

कागजको सतहमा विभिन्न रङ्गीन या खस्रा वस्तुहरू टाँसेर कोलाज चित्र बनाइन्छ। विभिन्न आकर्षक रङ भएका कागजहरू सङ्कलन गर्ने, काँटछाँट गर्ने र मिलाउने सामग्रीहरूको सही र सुरक्षित प्रयोग गर्न सिकाउँदा बालबालिकाको मनमस्तिष्कका भावनाहरू ठोस रूपमा अभिव्यक्त हुन पाउँछन्। कोलाज तयार पार्दा कक्षा एकका बालबालिकाहरूले चित्र संयोजन गर्न सिक्छन् भने उनीहरूमा कैँचीदेखि लिएर करौँतीसम्म प्रयोग गर्न सक्ने क्षमता निर्माण हुन्छ। कोलाज कार्य गर्दा बालबालिकाहरूले स्पर्श र दृश्य दुवै ज्ञानेन्द्रियहरूको प्रयोग गर्दछन्। मिलाउने र टाँस्ने प्रक्रिया गर्दा बालबालिकाहरू विभिन्न विकल्प र सम्भावनाहरू खोज्छन्। यस्ता सम्भाव्यताबाट बनेका आकार र ती बीचको सम्बन्धले ठोस अर्थ बोक्छन्। कोलाज वैयक्तिक सोच र संवेदनशीलतालाई मूर्तरूप दिने एउटा सशक्त माध्यम हो।





## निर्माण

यस पाठमा शिक्षकले कार्डबोर्ड; बाक्लो कागज, थर्मकोल, माटो, सिन्का र रङ लगाउने सामग्रीहरू उपलब्ध गराएका छन्। बालबालिकाहरूले यिनै वस्तु जोडजाड गर्ने र निर्माण गरी उभ्याउने प्रयास गरेका छन्। कसैले थर्मकोलका टुक्राहरू जोडेर, कागजको पङ्खा बनाएर, रङ दलेर हेलिकोप्टर बनाए भने कसैले थर्मकोलमा कागज र कार्डबोर्ड टाँसेर चराको आकृति दिए।



बालबालिकाको अभिरुचि झल्कने सिर्जनशीलता प्रयोग गर्ने मौका यस पाठले दियो। कक्षाबाट बाहिरिँदा हरेकको मुहारमा हाँसो र मनमा आत्मसन्तुष्टि छाएको सजिलै अनुभव गर्न सकिन्थ्यो।

बालबालिकाहरूको पढाइसम्बन्धी अनुभवहरूमध्ये कला शिक्षाको अनुभव सबैभन्दा रोचक र स्मरणीय हुन्छ। निश्चित पाठ्यक्रम अनुसार विद्यालयमा कला शिक्षण गर्दा बौद्धिक विकासका चरणहरू अनुसार नै कला सिर्जना हुँदै जान्छ। व्यक्तिगत अनुभवहरूमा केन्द्रित अभिव्यक्ति नै अर्थपूर्ण कला सिर्जना गर्ने पाठको आधार हो। प्राथमिक विद्यालयको हाल परिमार्जित राष्ट्रिय पाठ्यक्रमले चरणबद्ध विकासक्रम र व्यक्तिगत अर्थपूर्ण कला सिर्जना दुवै अवधारणालाई अँगालेको छ।

'सिअक' पढाउन सिद्धहस्त कलाकार नै शिक्षक हुनुपर्छ भन्ने छैन। कला क्षेत्रमा रुचि भएका र आधारभूत तालिमप्राप्त शिक्षकले यो विषय सजिलै पढाउन सक्छन्। पाठ्यक्रमअनुसार पढाउन महँगा र स्थानीयस्तरमा प्राप्त गर्न नसकिने कुनै पनि सामग्रीहरूको आवश्यकता पर्दैन। यो विषय आफूलाई सुहाउने तरिका र उपलब्ध जुनसुकै सामग्री प्रयोग गरेर पढाउन सकिन्छ। माटो मुछ्ने, भुइँमा कोर्ने, पात सङ्कलन गर्नेजस्ता काम उत्पादनमूलक अभ्यास हुन्। तिनमा सिर्जनशीलता निहित छ। हामी शिक्षकहरूले पनि यस्तो काम गर्दा राम्रै हुन्छ। सिर्जनात्मक अभिव्यक्तिशील कला शिक्षकहरूले एकआपसमा आफ्ना सफल पाठ र अनुभवहरू साटासाट गरेर यो विषयको शिक्षणलाई अरू बढी दिगो र उपयोगी तुल्याउन सक्छौं।

*(गौतम, रातो बङ्गला स्कूल, ललितपुरमा सिर्जनात्मक अभिव्यक्ति कला सिकाउनुहुन्छ।)*




# सामाजिक क्षेत्रमा 'टेवा'

**सन् १९९५ को बेइजिङ सम्मेलनपश्चात् नेपालको आफ्नै स्रोत र साधनलाई उपयोग गर्ने गरी महिला विकासको लागि वि.सं. २०५४ सालमा स्थापित यस संस्थाको विधिवत् दर्ता ललितपुर जि.प्र.का ललितपुरमा भएको हो । स्थापनाको एक दशकसम्म टेवाले अक्षय कोषको उपयोग गरी धापाखेल ललितपुरमा आफ्नै कार्यालय भवनको स्थापना समेत गरेको छ । देशका ग्रामीण क्षेत्रमा रहेका महिलाहरूको आर्थिक, सामाजिक, शैक्षिक तथा संस्थागत विकास गर्न नेपालीहरूमा रहेको दान पुण्यको भावनालाई जागृत एवं समयानुकूल विकसित गराउँदै विदेशी परनिर्भरतालाई विस्तारै कम गराउँदै स्थानीयस्तरबाट अर्थ संकलन गरी महिला संघसंस्थाहरूलाई अनुदान सहयोग गर्नु रहेको छ ।**

टेवाले मुख्यत: अर्थ संकलन, अनुदान सहयोग, स्वयंसेवी परिचालन गरी तीन वटा कार्य गर्दै आएको छ ।

**अर्थ संकलन:** सबैभन्दा महत्वपूर्ण काम भनेको अर्थ संकलन हो । विगत १० वर्षमा स्थानीयस्तरबाट रु १ करोड २८ लाख अर्थ संकलन गरी नेपालका विभिन्न ग्रामीण महिलाहरूलाई अनुदानस्वरूप प्रदान गरिसकेको छ ।

यसरी अर्थ संकलन गर्न टेवाले विभिन्न सानाठूला कार्यहरू संचालन गर्दछ । साना कार्यक्रमहरूमा पदयात्रा कार्यक्रम, ८८ दिने अर्थ संकलन कार्यक्रम,खुत्रुके बचत कार्यक्रम, राफल संचालन, द्यौसी-भैलो कार्यक्रम आदि पर्दछन् भने ठूला कार्यक्रमहरूमा टेवा कार्निभल, फिल्म प्रदर्शन, कार्‍याली इत्यादि पर्दछन् । यसका अलावा टेवाले घरघरमा रहेका काम लाग्ने कपडा तथा सरसामानहरूको बिक्रिवितरण गरेर पनि अर्थ संकलनको कार्यलाई सहयोग पुर्‍याइरहेको छ । हाल यस कार्यक्रमलाई विस्तार गर्न विभिन्न औद्योगिक तथा व्यावसायिक संघसंस्थालाई समावेश गरेको छ । जसमा यति एयरलाइन्स, बैंक अफ काठमाण्डू समेत रहेका छन् ।

**अनुदान कार्यक्रम:** यो टेवाको अर्को महत्वपूर्ण काम हो । हालसम्म टेवाले देशका ५६ जिल्लाका २७० भन्दा बढी महिला संघसंस्थालाई करिब १ करोड १२ लाख रूपैयाँ अनुदान प्रदान गरिसकेको छ । यसका अलावा विभिन्न तालिम तथा अन्तरक्रिया कार्यक्रम पनि संचालन गरिसकेको छ ।

**स्वयंसेवी कार्यक्रम** टेवाको एउटा उदाहरणीय कार्यक्रम बनेको छ । निस्वार्थ भावनाले टेवालाई सहयोग गर्ने स्वयंसेवीहरूमा ३९७ जना रहेका छन् । जसले टेवालाई अर्थ संकलन जस्तो महत्वपूर्ण कार्यमा १३,९६,८३० रुपैयाँ संकलन गर्नेदेखि टेवाका हरेक कार्यक्रमहरूमा विभिन्न सहयोग प्रदान गरेका हुन्छन् । टेवाले स्वयंसेवीहरूको लागि वर्षको दुई चरणमा छनौट प्रक्रिया अपनाएको हुन्छ । यसका अलावा टेवामा बालबालिका कार्यक्रम, टेवा उपहार पसल, टेवा पुस्तकालय तथा विभिन्न तालिम हल तथा ओपन थियटर समेत संचालनमा रहेका छन् ।

अन्तत: टेवा नेपाली महिलाहरूको पर्यायवाची नाम हो । यदि हामी कसैले पनि नेपाली महिलाहरूमा हृदयदेखिकै सहयोग गर्न चाहने हो भने टेवा हामी सबैको साझा चौतारोको रूपमा स्थापित भएको छ ।

# तथ्याङ्कमा शिक्षक

## कुल शिक्षक सङ्ख्या

| तह | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| प्राथमिक | ३६१४७ | ५९३५६ | ९५५०३ |
| निम्नमाध्यमिक | ५४४४ | २१२७२ | २६७१६ |
| माध्यमिक | १९५५ | १७४३१ | १९३८६ |
| कुल | ४३५४६ | ९८०५९ | १४१६०५ |

## सार्वजनिक र संस्थागत (निजी) विद्यालयमा शिक्षक सङ्ख्या

| तह | सार्वजनिक | | | संस्थागत | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| प्राथमिक | २१९९० | ४९८६१ | ७१८५१ | १४१५७ | ९४९५ | २३६५२ |
| निम्नमाध्यमिक | २४३९ | १४७९८ | १७४१३ | ३००५ | ६२९४ | ९२९९ |
| माध्यमिक | ८२२ | १०२९१ | ११११३ | ११३३ | ७१४० | ८२७३ |

## भौगोलिक क्षेत्रको आधारमा शिक्षक

| भौगोलिक क्षेत्र | जम्मा | | | प्राथमिक | | | निम्नमाध्यमिक | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| हिमाल | २२२८ | ६६८५ | ८९१३ | १६१ | १६९८ | १८५९ | ५० | ११४० | ११९० |
| पहाड | १३८३२ | २७१२४ | ४०९५६ | १६१८ | ८८०१ | १०४१९ | ४९१ | ६६१९ | ७११० |
| उपत्यका | ८४३२ | ४३६८ | १२८०० | २१९२ | ३२९८ | ५४९० | ९३६ | ३९९६ | ४९३२ |
| तराई | ११६५५ | २११७९ | ३२८३४ | १४७३ | ७४७५ | ८९४८ | ४७८ | ५६७६ | ६१५४ |
| नेपालभर (जम्मा) | ३६१४७ | ५९३५६ | ९५५०३ | ५४४४ | २१२७२ | २६७१६ | १९५५ | १७४३१ | १९३८६ |

## वर्ग र समुदायको आधारमा

| तह | जनजाति | | | दलित | | | अपाङ्ग | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| प्राथमिक | ५१९९ | ११८२८ | १७०२७ | ८२६ | १५४४ | २३७० | १६९ | ८४२ | १०११ |
| निम्नमाध्यमिक | १४९१ | ४७६६ | ६२५७ | ५७ | ३७६ | ४३३ | ११ | १५० | १६१ |
| माध्यमिक | ५१५ | २४६९ | २९८४ | २८ | १६२ | १९० | १५ | १०१ | ११६ |
| कुल | ७२०५ | १९०६३ | २६२६८ | ९११ | २०८२ | २९९३ | १९५ | १०९३ | १२८८ |

स्रोत: शिक्षा मन्त्रालय, २००६

# उपयोगी छ कोश

धेरै पुस्तकहरू उपयोगी हुन्छन्, तर केही पुस्तकहरू बढी उपयोगी हुन्छन्। तीमध्ये पनि थोरै पुस्तकहरू निकै उपयोगी हुन्छन्। निकै उपयोगी पुस्तकहरूको हारमा आएको एउटा विशिष्ट पुस्तक हो: *अङ्ग्रेजी-नेपाली बृहत् शब्दकोश*।




**अङ्ग्रेजी–नेपाली बृहत् शब्दकोश**
**कोशकारः** प्रा. शङ्करराज पाठक
**प्रकाशकः** पद्मराज पाठक स्मृति प्रतिष्ठान, महाराजगञ्ज काठमाडौं, फोन नं. ४४१४२१८
**पृष्ठ** : १५६४
**मूल्य** : रु.१८७५

एक लाखभन्दा बढी अङ्ग्रेजी शब्दको नेपाली अर्थ खुलाइएको यो शब्दकोश तयार पार्न २०५४ सालदेखि २०६२ सालसम्मका आठ वर्षको अवधि र परिश्रम खर्च भएको खुलासा कोशकारले आफ्नो भूमिकामार्फत् गरेका छन्। सन्तोषको कुरा, उनको लगानी र मेहनत सफल एवं सार्थक भएको छ। यसलाई नेपालमा यतिन्जेल उपलब्ध अङ्ग्रेजी-नेपाली शब्दकोशहरूमध्ये उत्तम भन्न सकिन्छ।

आज जतातातै अङ्ग्रेजी भाषाको ज्ञान अत्यावश्यक हुन गएको छ। अङ्ग्रेजी जानिएन भने हामी ज्ञानको बृहत् संसारबाट अलग र अपरिचित हुन पुग्छौं। विज्ञानदेखि लिएर अर्थशास्त्र, समाजशास्त्र, मानवशास्त्र, भूगोल, इतिहास र साहित्यका विशिष्ट पुस्तकहरू अङ्ग्रेजी भाषामा नै बढी उपलब्ध छन्। यदि ज्ञानको त्यो विशाल भण्डारलाई व्यक्त गरिरहेको अङ्ग्रेजी भाषामा हाम्रो पहुँच पुगेन भने हाम्रो अध्ययनको सिलसिला सीमित हुनजान्छ। अर्थात् समकालीन चेतनालाई समृद्ध पार्न पनि अङ्ग्रेजी भाषाको ज्ञान अत्यावश्यक हुन गएको छ। अर्कोतिर, भाषाको ज्ञानलाई समृद्ध पार्न भाषामा शब्दको उचित प्रयोग अत्यावश्यक हुन्छ। शब्दकोशहरूले शब्दका सटिक अर्थहरू राम्ररी खुलाइदिएर अध्येतालाई सहयोग पुऱ्याउँछन्। त्यसैले पनि तिनको प्रयोग आवश्यक हुन जान्छ। *अङ्ग्रेजी-नेपाली बृहत् शब्दकोश* त्यस्तै आवश्यकतालाई पूरा गर्ने क्षमतासहित आएको छ। खासगरी अङ्ग्रेजी सिक्न लालायित विद्यार्थी, अनुवादक र प्राज्ञिक क्षेत्रमा संलग्न शिक्षक आदिका निम्ति यो कोश निकै उपयोगी छ।

यस शब्दकोशमा अङ्ग्रेजी शब्दको नेपाली शब्दार्थ मात्र दिइएको छैन, वाक्यमा प्रयोग समेत गरेर अर्थ खुलाउने यत्न गरिएको छ। अङ्ग्रेजी शब्दको नेपाली अर्थ दिँदा अत्यावश्यक अवस्थामा समानार्थी शब्दको समेत उल्लेख गरिएको छ। त्यसैले यो शब्दकोश जुनसुकै क्षेत्रका र जुनसुकै तहका विद्यार्थी र अध्येताहरूका लागि विशेष उपयोगी छ।

बजारमा आएका यस किसिमका अन्य शब्दकोशहरूभन्दा यसको छपाइको स्तर पनि राम्रो छ। यी सबै कारणले गर्दा यस पुस्तकको मूल्य पनि बढी मान्न सकिँदैन।

– **साधक**

नेपाल मानवअधिकार वर्षपुस्तक




नेपालको ७५ वटै जिल्लामा भएका मानवअधिकार उल्लंघन/ज्यादतीका विविध घटना तथा तथ्याङ्कहरूका साथै मानवअधिकारको समग्र मूल्याङ्कन समावेश गरी हरेक वर्ष फागुन ७ गते इन्सेकद्वारा प्रकाशन गरिने पुस्तक

मानवअधिकार र सामाजिक न्यायका निम्ति
**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**
कलंकी, स्यूचाटार, पो.ब.नं. २७२६, काठमाडौं, फोन: ४२७८७७०, फ्याक्स: ४२७०५५१
इमेल: insec@insec.org.np वेबसाइट: www.inseconline.org

केदार शर्मा

# पढ्न आएन ? सिनेमा हेरौं

**प्रत्येक बालबालिकामा केही न केही गुण, क्षमता, विशेषता र प्रतिभा निहित हुन्छ भन्ने शिक्षा *तारे जमीन पर* ले रोचक र सरल रूपमा दिएको छ ।**

पढ्न आएन भने के गर्ने ? सरल जवाफः थप मेहनत गर्ने । सके ट्युसन पढ्ने । अहिलेको जमानामा नपढी काम छैन; घोकेर भए पनि एसएलसी चैं पास गर्ने ।

सक्दो मेहनत गर्दा पनि भएन भने ? जति पढे पनि आएन भने ? अनि एउटै कक्षामा दुई-तीन पटक फेल हुन थाले चैं के गर्ने नि ?

यो पङ्क्तिकारको जवाफ छ, सिनेमा हेर्न जाने । तर जुन पायो त्यही सिनेमा होइन नि ! एउटा नयाँ हिन्दी सिनेमा आएको छ *तारे जमीन पर* त्यही हेर्ने । यो सिनेमाले पढ्न लेख्न सिकाउँदैन । तर यसले प्रत्येक बालबालिकामा केही न केही गुण, क्षमता, विशेषता र प्रतिभा हुन्छ भन्ने कुरा चाहिँ मन छुने गरी बुझाउँछ ।



*तारे जमीन पर* को निर्माण र निर्देशन विख्यात अभिनेता आमिर खानले गरेका हुन् । पहिले अर्काले बनाएको सिनेमा खेलेर 'हिरो' भएका आमिरले लगान (२००१) बाट फिल्म निर्माणमा हात हालेका हुन् । *तारे जमीन पर* उनले निर्देशन गरेको पहिलो सिनेमा हो ।

यो सिनेमा ईशान अवस्थी नामक आठ-नौ वर्षको बालकको कथा हो । ईशानलाई पढ्न लेख्न आउँदैन । अनि ऊ हेपिन्छ, अपमानित हुन्छ, कुटाइ खान्छ, बेवकूफ, हेल्चेक्र्याहा, उल्लु, मूर्ख, स्वाँठ, गोज्याङ्ग्रो जस्ता विशेषणसहितका गाली खान्छ । बाबुआमा निराश छन्, शिक्षक आजित । बाबुआमालाई पुगिसरी नआएको भए उसले स्कूल छाड्नु पर्थ्यो होला तर उसका सम्पन्न बाबु आमाले उसलाई एउटा ठूलो स्कूलमा भर्ना गरेर होस्टलमा राखेर 'सपार्ने' निधो गर्छन् । उसलाई घर छाडेर कतै जाने मन हुँदैन तर उसले होस्टल जानै पर्छ । त्यहाँ पुगेपछि त ऊ झन् एक्लो हुन्छ । राम्रा चित्र बनाउन जान्ने ईशानले त्यो सीप पनि बिर्सिन्छ । दिनहुँको सजाय, आलोचना र असहायपनका कारण ऊ एकदमै टिठलाग्दो अवस्थामा पुग्छ ।

त्यही बेला ईशानको स्कूलमा एकजना नयाँ शिक्षक आउँछन् । राम शङ्कर निकुम्भ नामका यी शिक्षक (आमिर खान) सिर्जनशील छन्; फरासिला र विद्यार्थीसित पनि मिलनसार छन् । उनी बालमनको संसारमा बादल नीलो, घाम हरियो र पानी रातो हुन सक्छ; त्यहाँ माछा उड्न सक्छन् र जलपरीहरूले मान्छेको रूप लिन सक्छन् भन्ने कुरा बुझ्छन् । बालबालिकाको संसार ठूलाको भन्दा कल्पनामय हुन्छ र त्यही कल्पनाशीलताको प्रयोग गरेर मान्छेको प्रतिभा प्रस्फुटित गराउन सकिन्छ भन्ने उनको मान्यता छ । सुस्त मनस्थिति भएका बालबालिकासित काम गरिसकेका कारण उनले ईशानको समस्या 'डिस्लेक्सिया' अर्थात् सिकाइको समस्या हो भन्ने थाहा पाउँछन् । उनी ईशानका घर जान्छन् । उसका बाबुआमासित कुरा गरेर उसको समस्याका बारेमा राम्ररी कुरा बुझ्छन् र उनीहरूलाई पनि कुरा बुझाउँछन् । त्यसपछि स्कूलमा पनि निकै सङ्घर्ष गरेर ईशानलाई सफलताको बाटोमा डोर्‍याउँछन् ।

योभन्दा धेरै कथा नभनूँ, फेरि सिनेमा हेर्दा तपाईंलाई 'बोर' होला । भन्नुपर्ने कुरा अरू नै छन् । ईशानको भूमिकामा आएका दर्शिल सफारीको अभिनय उच्च स्तरको छ । आमिर खान उम्दा अभिनेता त हुन् नै, निर्देशकका रूपमा पनि उनले धेरै राम्रो काम गरेका छन् । अमोल गुप्तेले लेखेको कथामा आधारित यो सिनेमा 'बम्बइया फर्मूला' बाट पूरै अलग छ । सिनेमा हेरुञ्जेल धेरै पटक आँखा रसाउँछन् र अन्त्यमा यसले सबैलाई नयाँ ढङ्गले सोच्न प्रेरित गर्छ । एनिमेशनको एकदमै रचनात्मक प्रयोगले सिनेमामा कल्पनाशीलता थपेको छ र डकुमेन्टरी फुटेजले विश्वसनीयता बढाएको छ ।

यसरी यो प्रत्येक शिक्षक, पढ्न नजान्ने विद्यार्थी र तिनका जान्ने साथीहरूले हेर्नै पर्ने सिनेमा भएको छ । आफ्नो सन्तानले पढेर गरी नखाने भयो भनेर भाग्यलाई दोष दिएर बसेका बाबुआमाले त झन् यो सिनेमा हेर्नै पर्छ । केटाकेटीले पढ्न अल्छी लाग्नासाथ "मलाई डिस्लेक्सिया छ" चाहिँ भन्न नपाउन्, ध्यान दिनुपर्ने कुरा यत्ति नै हो ।

# बाल संसारका केही प्रकाशनहरू

## बनचरा

काठका तस्करहरू अपराधी हुन्, जो काठ चोर्ने अपराध गर्छन् । उनीहरू रूख काट्छन् र यसो गरेर जङ्गल मास्ने काम गर्दछन् । जङ्गल मासियो भने जीवजन्तु मासिन्छन् । प्राकृतिक वातावरण खल्बलिन्छ । अनि मानवसभ्यताको जग हल्लिन्छ । त्यसैले जन्म भयो बनचराको, जो एक्लो पहरेदार बन्यो जङ्गलको । नेपाली भाषामा 'कमिक्स' शैलीको पहिलो बालपुस्तक हो 'बनचरा' ।





मूल्य रु. ४५/-

## माशाको पिराहा तकिया

सानी केटी माशालाई आफ्नो न्यानो र नरम ओछ्यान मन परेन । धेरै मानिसलाई आफूसित भएको कुरा मन पर्दैन । आफ्नो चीज नराम्रो लाग्छ । तर नराम्रो ठानेर आफ्नो चीजलाई मिल्काउँदैमा नभएको कुरा पाइँदैन । आफूसित भएको चीज पो आफ्नो हो । त्यसैले मानिसले आफ्नो चीजको गुन चिन्न सक्नुपर्छ । माशाले पनि आखिरमा आफ्नो ओछ्यानको गुन थाहा पाई । उसको जस्तो न्यानो र नरम ओछ्यान अरूको कहाँ हुनु !





मूल्य रु. ३०/-




मूल्य रु. ३५/-

## रूसी महावीरहरूको कथा


प्राचीन रूसी राज्यहरू कीभ र नोभगोरोदसित सम्बन्धित यी लोकगाथाहरूमा रूसी महावीरहरूको पराक्रम एवं वीरताको बखान पाइन्छ । खुँखार डाँकू मानवभक्षी दैत्य र उड्ने शक्ति भएको तीनटाउके अजिङ्गरहरूलाई परास्त गरी तिनको अत्याचारबाट रूसी जनतालाई मुक्ति दिने इल्या मुरोमेत्स, दोब्रीन्या निकीतिच र आल्योशा पोपोभिचजस्ता नायकहरूको पौरख कथा रमाइला र प्रेरणादायी छन् ।




मूल्य रु. ९०/-

## नीला डल्फिनहरूको टापु

प्रशान्त महासागरमा अवस्थित ठूलो माछाजस्तो आकारको एउटा टापुमा कुनै समय आदिवासी इन्डियनहरू बस्थे । सन् १८३५ मा त्यहाँका पूरै बासिन्दा जहाज चढेर अन्यत्र बसाइँ सर्दा एउटी किशोरीचाहिँ टापुमा अलपत्र छाडिन गई । त्यसरी छाडिएकी त्यो केटी अठार वर्षसम्म त्यस निर्जन टापुमा अनेक दु:ख र कष्ट झेल्दै एक्लै बस्न बाध्य भई । 'नीला डल्फिनहरूको टापु' कराना नामकी त्यस केटीले जिउँदो रहनका लागि गरेको अद्भुत सङ्घर्षको मर्मस्पर्शी कथा हो ।




मूल्य रु. ६५/-

## जहाजी सिन्दबाद

'जहाजी सिन्दबादको कथा' विश्वप्रसिद्ध कथा शृङ्खला 'अरबका रातहरू' कै एउटा कडी हो । सिन्दबादका कथाहरूले विश्वसाहित्यमा एउटा छुट्टै र विशिष्ट स्थान ओगटेका छन् । सात-सात पटकको समुद्री यात्राको सिलसिलामा सिन्दबादले भोग्नुपरेका अनौठा र विस्मयकारी घटनाक्रमका बयान पढ्दा के वयस्क र के बालक सबैले रोमान्च र कौतुहलका साथै आनन्दको अनुभूति गर्दछन् ।


**बाल संसार**
हिमाल एसोसिएसन
पाटनढोका, ललितपुर
फोन नं. ५५४२५४४/२१२०३२१

25 Years
EKTA BOOKS
1982 IN SERVICE OF EDUCATION 2007

# Ekta Books takes pride in declaring the Successful Completion of 25 Years of Service to Education!

Ekta Books has been sincerely serving millions of readers in Nepal as an independent publishing house and distributor for publishers of international repute.



*Our New Showroom*

Ekta Books is the choice of authors and readers alike. It is the best and the largest educational store in the country and a treasury of knowledge spread across 36 thousand sq. feet. Expansion in Asia is gradually becoming a reality. The evidence is the establishment of Ekta Book House (P) Ltd., Siliguri, West Bengal, India.




*Our Corporate Office Building*

***Just lose yourself amongst the mighty minds of old and new.***

EKTA

**EKTA BOOKS DISTRIBUTORS P. LTD.**

**PUBLISHERS AND DISTRIBUTORS**

Prashutigriha Marga, Thapathali
GPO Box: 6445, Kathmandu, Nepal
Phone: 4260482, 4262091, Showroom: 4245787, 4230729
email: <ektabook@mos.com.np>, web: www.ektabooks.com